जेठ - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क ४ | २०७६, जेठ १६-३२ | पूर्णाङ्क ६४६



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

**माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत - अध्यक्ष**
**मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी - सदस्य**
**अधिवक्ता श्री रूद्रप्रसाद पोखरेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री देवी चौधरी
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**
ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १० | इजलास नं. १० | ४ |
| इजलास नं. १ | १ | इजलास नं. ११ | ७ |
| इजलास नं. २ | १ | इजलास नं. १२ | २ |
| इजलास नं. ३ | ५ | इजलास नं. १३ | ३ |
| इजलास नं. ४ | ९ | इजलास नं. १४ | १ |
| इजलास नं. ५ | १० | इजलास नं. १५ | ५ |
| इजलास नं. ६ | ५ | इजलास नं. १६ | ३ |
| इजलास नं. ७ | ५ | एकल इजलास | २ |
| इजलास नं. ८ | ३ | | |
| इजलास नं. ९ | ३ | | |
| जम्मा | ५२ | जम्मा | २७ |

कूल जम्मा ५२ + २७ = ७९

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, जेठ – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

**वार्षिक ग्राहकसम्बन्धी सूचना**

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ५** |
| १. | बन्दी प्रत्यक्षीकरण | नर्वदा श्रेष्ठ वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | रमेशप्रसाद गुप्ता वि. उच्च अदालत जनकपुरसमेत | १ |
| ३. | चेक अनादर | विरेन्द्रलाल श्रेष्ठ वि. अम्मर शमशेर ज.ब.रा. | २ |
| ४. | दूषित निर्णय बदर | भोला सिंह सिलवालसमेत वि. शान्ता शाहीसमेत | २ |
| ५. | उत्प्रेषण | तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था, तुलसीपुर दाङसमेत वि. श्रम अदालत, अनामनगरसमेत | ३ |
| ६. | कर्तव्य ज्यान | सागर राई वि. नेपाल सरकार | ३ |
| ७. | नामसारी | मोहम्मद सोफी बागवान वि. छोटेलाल बागवान | ४ |
| ८. | मानाचामल | अमिरलाल उराव कमला भाटसमेत वि. लक्ष्मी भाट क्षेत्री | ५ |
| **इजलास नं. १** | | | **६ - ७** |
| ९. | जबरजस्ती करणी | नेपाल सरकार वि. द्वारिकाप्रसाद ठाकुर | ६ |
| **इजलास नं. २** | | | **७ - ८** |
| १०. | उत्प्रेषण / परमादेश | लोकनाथ उपाध्याय अधिकारी (कस्यप) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ७ |
| **इजलास नं. ३** | | | **८ - १३** |
| ११. | जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाऊँ | सहदेव थारूसमेत वि. गुलबसिया थरूनी | ८ |
| १२. | उत्प्रेषण | अधिवक्ता सुमन काजी श्रेष्ठसमेत वि. नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौंसमेत | ९ |
| १३. | उत्प्रेषण / परमादेश | चुनाकुमारी पुडासैनी वि. शिक्षा मन्त्रालयसमेत | १० |
| १४. | लागु औषध | जितेन्द्र चौधरीसमेत वि. नेपाल सरकार | ११ |
| १५. | परमादेश | जिल्ला प्रहरी कार्यालय, मुगु गमगडीसमेत वि. खगेन्द्रबहादुर शाही | १२ |
| **इजलास नं. ४** | | | **१३ - १९** |
| १६. | जग्गा खिचोला मेटाई पर्खाल उठाई चलन | गंगाई हाथी वि. मल्हुरदेवी कलवार्नी र मल्हुरदेवी कलवार्नी वि. गंगाई हाथी | १३ |

| | | | |
|---|---|---|---|
| १७. | बन्दी प्रत्यक्षीकरण | सद्दाम हुसेन गद्दी वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत | १३ |
| १८. | अंश चलन | धनबहादुर थापासमेत वि. महेश थापा | १४ |
| १९. | अंश दर्ता | बुद्धिबहादुर न्यौपानेसमेत वि. गोमाकुमारी राउत | १५ |
| २०. | कर्तव्य ज्यान | सन्तोष आङदेम्बे (लिम्बू) समेत वि. नेपाल सरकार | १५ |
| २१. | कर्तव्य ज्यान | तुलाराम सारूसमेत वि. नेपाल सरकार | १६ |
| २२. | अंश | रेशमबहादुर खत्री वि. सिर्जना के.सी.समेत | १८ |
| २३. | अंश चलन | अरूणकुमार खड्का वि. कोपिला खड्का | १९ |
| **इजलास नं. ५** | | | **१९ - २६** |
| २४. | ज्यान मार्ने उद्योग र चोरी | चक्रे भन्ने चक्रबहादुर चन्द वि. नेपाल सरकार | १९ |
| २५. | निषेधाज्ञा | रामसागर देवी वि. पुरन महतो नुनिया | २० |
| २६. | अंश चलन | सम्झना सम्वाहाम्फे वि. जगदीश सम्वाहाम्फेसमेत | २० |
| २७. | ७ नं. फाँटवारी छानबिन | राजेन्द्रकृष्ण श्रेष्ठ वि. भूमिसुधार कार्यालय, भक्तपुर | २१ |
| २८. | उत्प्रेषण / परमादेश | दिनेश ठाकुर लोहार वि. मेही ठाकुर लोहारसमेत | २२ |
| २९. | उत्प्रेषण | कमलादेवी गुप्ता वि. तिलकराम पुरीसमेत | २२ |
| ३०. | जबरजस्ती करणी | नेपाल सरकार वि. भोटे भन्ने सर्णकुमार लिम्बू | २३ |
| ३१. | जबरजस्ती करणी र हाडनाता करणी | नेपाल सरकार वि. हरिकृष्ण बराल | २४ |
| ३२. | उत्प्रेषण / परमादेश | उर्मिला देवी यादव वि. पुनरावेदन अदालत जनकपुरसमेत | २५ |
| **इजलास नं. ६** | | | **२६ - ३०** |
| ३३. | निषेधाज्ञा | ज्ञानदा एकेडेमी प्रा.लि. समेत वि. मुन्नाप्रसाद सेनुरिया बानिया | २६ |
| ३४. | परमादेश | शिवराम यादवसमेत वि. मालपोत कार्यालय, सर्लाहीसमेत | २७ |
| ३५. | कर्तव्य ज्यान | भक्तबहादुर खड्का वि. नेपाल सरकार | २७ |
| ३६. | परमादेश | आर्यमन सिंहसमेत वि. जिल्ला प्रशासन कार्यालय, रौतहटसमेत | २८ |
| ३७. | उत्प्रेषण | अमृत श्रेष्ठ वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | २९ |
| **इजलास नं. ७** | | | **३० - ३३** |
| ३८. | कम्पनी ऐन, २०५३ को दफा १३१ बमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ | मनोजबहादुर श्रेष्ठ वि. हिमालयन टि कमर्स प्रा.लि. को सञ्चालक सिमितसमेत | ३० |

| | | | |
|---|---|---|---|
| ३९. | जबरजस्ती करणी | नेपाल सरकार वि. सुकबहादुर दमै | ३२ |
| ४०. | उत्प्रेषण | सकलदेव यादव वि. नेपाल विद्युत् प्राधिकरण, के.का. रत्नपार्कसमेत | ३२ |
| **इजलास नं. ८** | | | **३३ - ३६** |
| ४१. | कर्तव्य ज्यान | संजीव राईसमेत वि. नेपाल सरकार | ३३ |
| ४२. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. अफसर अलि मुसलमान | ३५ |
| ४३. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. भीमबहादुर तामाङ | ३६ |
| **इजलास नं. ९** | | | **३६ - ३९** |
| ४४. | लागु औषध खैरो हिरोइन | नेपाल सरकार वि. रणबहादुर गुरूङ | ३६ |
| ४५. | कुटपिट / अङ्गभङ्ग | नेपाल सरकार वि. थर्कबहादुर राई | ३७ |
| ४६. | लागु औष (खैरो हेरोइन) | नेपाल सरकार वि. सुमन के.सी. | ३८ |
| **इजलास नं. १०** | | | **३९ - ४३** |
| ४७. | बकसपत्र लिखत दर्ता बदर कायम | खड्गसिं थापा वि. लोकबहादुर थापासमेत | ३९ |
| ४८. | घर भत्काई उठाई लगी जग्गा खाली गराई चलनसमेत चलाई पाऊँ | मोलहुप्रसाद कुर्मी वि. भिखु कुर्मीसमेत | ४० |
| ४९. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. ईश्वर दाहालसमेत | ४१ |
| ५०. | बन्दी प्रत्यक्षीकरण | बविन्द्र बराल वि. उच्च अदालत विराटनगरसमेत | ४२ |
| **इजलास नं. ११** | | | **४३ - ४८** |
| ५१. | उत्प्रेषण / परमादेश | भेषराज कोइराला वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत | ४३ |
| ५२. | बन्डापत्र बदर गरिपाऊँ | मनोरानी कुर्मी वि. रामदुलारी कुर्मीसमेत | ४४ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | रोमान्स राना वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल | ४४ |
| ५४. | निर्णय बदर | भवानीभक्त जोशी वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटार | ४६ |
| ५५. | धितो रोक्का बदर गरी फुकुवा गरिपाऊँ | दिपेन्द्रप्रसाद चौधरी वि. मोहनप्रसाद थारूसमेत | ४७ |
| **इजलास नं. १२** | | | **४८ - ५०** |
| ५६. | उत्प्रेषण / परमादेश | लेखनाथ घिमिरेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | ४८ |
| ५७. | हक कायमसमेत | जगविरप्रसाद यादव वि. रघुविरप्रसाद यादवसमेत | ४८ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १३** | | | **५० - ५१** |
| **५८.** | जग्गा खिचोला चलन | हनुमान मालु वि. चन्द्रकलादेवी साह | **५०** |
| **५९.** | पर्खाल भत्काई बाटो निकास समेत | नारायणलाल राजवंशी वि. रामुलाल राजवंशीसमेत | **५०** |
| **इजलास नं. १४** | | | **५१ - ५२** |
| **६०.** | जग्गा खिचोला मेटाई चलन | चुडामणी आचार्य वि. दुर्गाप्रसाद शर्मा | **५१** |
| **इजलास नं. १५** | | | **५२ - ५६** |
| **६१.** | उत्प्रेषण / परमादेश | भाष्कर सिंह कार्की वि. उच्च अदालत पाटन, ललितपुरसमेत | **५२** |
| **६२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. हाङपाल राई | **५३** |
| **६३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. भालु वि.क. | **५४** |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. कानूनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदार | **५४** |
| **६५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. मोतिलाल जैसी | **५५** |
| **इजलास नं. १६** | | | **५६ - ५८** |
| **६६.** | उत्प्रेषण / परमादेश | खर्गलाल चौधरी वि. उच्च अदालत जनकपुर, राजविराज इजलास, राजविराज सप्तरीसमेत | **५६** |
| **६७.** | अवैध साल काठ कटान | गोरखबहादुर बम वि. नेपाल सरकार | **५७** |
| **६८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. कालीबहादुर रोकाया (स्पात) | **५८** |
| **एकल इजलास** | | | **५८ - ६०** |
| **६९.** | उत्प्रेषण / परमादेश | ललन झासमेत वि. उच्च अदालत जनकपुरसमेत | **५८** |
| **७०.** | परमादेश | दिपकविक्रम मिश्र वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत | **५९** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७४-WH-००५६, बन्दीप्रत्यक्षीकरण, *नर्वदा श्रेष्ठ वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकको निवेदन बेहोरा एवम् विपक्षीहरूको लिखित जवाफ बेहोराबाट यी रिट निवेदक शंकर श्रेष्ठ र विपक्षीमध्येका गोपालकृष्ण श्रेष्ठका बिचमा सगोलको जग्गा निवेदक शंकर श्रेष्ठले बिक्री गरी गोपालकृष्ण श्रेष्ठलाई सोको रकम दिनुपर्ने गरी जिल्ला अदालतमा भएको मिलापत्र तथा घरसारमा भएको कागजअनुसारको रकम नदिएका कारण निज गोपालकृष्ण श्रेष्ठको उजुरी परेका आधारमा यी निवेदकलाई प्रहरीले पक्राउ गरेको भन्ने देखिन्छ । निवेदक र विपक्षीमध्येका गोपालकृष्ण श्रेष्ठ दाजुभाइ नाताका व्यक्ति भएको र आपसी व्यवहारमा विवाद भएको कारण गोपालकृष्ण श्रेष्ठले दिएको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेकोमा दुवै पक्षलाई राखी छलफल गराउँदा आपसमा मेलमिलाप गरी निवेदकलाई निज विपक्षी गोपालकृष्णका साथ जिम्मा लगाई छाडिएको भन्ने महानगरीय प्रहरी परिसर, टेकुको लिखित जवाफमा उल्लेख भएको र निवेदकका तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताले समेत आपसमा मेलमिलाप गरी हाल थुनाबाट मुक्त भइसकेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्था छैन भनी बहसको क्रममा भनेका कारण निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन नआउने ।

अतः उल्लिखित आधार, कारण एवम् तथ्यबाट रिट निवेदक शंकर श्रेष्ठ थुनामुक्त भई बन्दी अवस्थामा रहेको नदेखिँदा बन्दी अवस्थामा नरहेको व्यक्तिको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०८२५, उत्प्रेषण / परमादेश, *रमेशप्रसाद गुप्ता वि. उच्च अदालत जनकपुरसमेत*

मिति २०५८।८।१२ को मिलापत्रलाई निवेदकले आपसी मिलेमतोमा भएको भनेपनि कपाली तमसुक नै खडा नहुँदै मुद्दा परी ऋणीले दाबी छोडी मिलापत्र भएको अवस्था हुँदा निवेदन जिकिर यथार्थपरक देखिँदैन । मिसिल संलग्न वादी विपक्षी दिनानाथ साहसमेत प्रतिवादी पिता रामजतन साहसमेत भएको अंश मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०३९।१२।२८ मा भएको मिलापत्रबाट विपक्षी दिनानाथ साह र ऋणी सूर्यनाथ साहसमेत अचल जग्गा जमिन लिनु दिनु गरी छुट्टी भिन्न भएको पाइन्छ । अंशियारहरूबिच कानूनबमोजिम बन्डा भएपछि निजहरूको पृथक पृथक अस्तित्व कायम हुन्छ । त्यसरी भिन्न भएका अंशियारहरूलाई ४० वर्षपछि सगोलमा बसेको भन्न सम्झन नमिल्ने ।

जाल परिपञ्च गरी बिगो नदिने उद्देश्यले गरेको सम्झन पनि कपाली तमसुक खडा नहुँदै बिगोमा देखाएको जग्गा र घर विपक्षी दिनानाथको कायम भई न्यायिक निकाय जिल्ला अदालतबाट मिलापत्र भएको अवस्था हुँदा अन्यथा मान्न सक्ने स्थिति छैन । निवेदकले अंश मुद्दाबाट २०३९ सालमा छुट्टी भिन्न भएको एवम् २०५८ सालमा भएको मिलापत्रबाट बिगो असुलीका लागि देखाएको जग्गा विपक्षी दिनानाथको कायम भएको समग्र तथ्यलाई अन्यथा भनी दाबी लिन नसकी फगत रूपमा उच्च अदालत जनकपुरबाट मिति २०७३।९।८ मा भएको आदेश त्रुटिपूर्ण भनी माग गरेको अवस्था हुँदा निवेदकको निवेदन मागअनुरूपको आदेश जारी हुनसक्ने नदेखिने ।

तसर्थ, माथि विवेचित आधार र कारणबाट निवेदन दाबीको जनकपुर उपमहानगरपालिका वडा नं. ४ कि.नं.४९ को घर जग्गाको भोग चलनसम्म बिगो भरी भराउका लागि रोक्का राख्ने गरी तहसिलदारबाट मिति २०७२।१०।१३ मा भएको आदेश सदर गर्ने गरी धनुषा जिल्ला अदालतबाट मिति २०७२।१२।२६ मा भएको आदेश बदर गरी उच्च अदालत जनकपुरबाट मिति २०७३।९।८ मा भएको आदेशमा कुनै कानूनी त्रुटि नहुँदा निवेदकको मागबमोजिम आदेश जारी गरी बदर हुन सक्दैन । मिति २०७३।१०।२७ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश निष्क्रिय भई प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०३९६, चेक अनादर, *विरेन्द्रलाल श्रेष्ठ वि. अम्मर शमशेर ज.ब.रा.*

विनिमय अधिकारपत्र ऐन, २०३४ को उक्त दफा ५३ को प्रतिबन्धात्मक वाक्यांशअनुसार ६ महिनाभित्र चेक बैंकसमक्ष पेस हुनुपर्ने र सो समयभित्र चेक पेस नगरी पछि पेस गरेमा बैंकले भुक्तानी दिन बाध्य नहुने भन्ने उल्लेख भएबाट म्यादभित्र चेक पेस गर्दा खातामा पर्याप्त रकम नभएमा चेक अनादर गरेको मान्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा उक्त दफा ५३ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको समयसीमापश्चात् चेक बैंकमा पेस भएको देखिएबाट वादी दाबीअनुसार चेक अनादर भएको मान्न सकिने अवस्था नदेखिँदा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा ५३ ले तोकेको म्यादभित्र चेकको रकम भुक्तानीको लागि बैंकमा पेस भएको नभई ढिलो गरी चेक प्रस्तुत भएको र चेक फिर्ता गर्दा खातामा पर्याप्त रकम नभएको भनी उल्लेख भएको नदेखिँदा चेक अनादर भएको नदेखिएकोले वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।४।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०६९४, दूषित निर्णय बदर, *भोला सिंह सिलवालसमेत वि. शान्ता शाहीसमेत*

विवादित भक्तपुर जिल्ला बालकोट गा.वि.स वडा नं.१ को साबिक कि.न.३९ हाल कायम भएको कि.नं.१२७२ र १२७३ को जग्गा मालपोत कार्यालय, भक्तपुरको मिति २०४२।०४।३२ को निर्णयले देविसिंह सिलवालका नाममा दर्ता भएको देखिन्छ । मालपोत कार्यालय, भक्तपुरको उक्त मिति २०४२।०४।३२ को निर्णयसहितको मिसिल उपलब्ध हुन सकेको नदेखिएको र सो जग्गाको फिल्डबुक तथा फिल्डबुकको ढड्डामा फुलचोकी गुठी भन्ने शब्द काटेर गम्भीरजंग शाही भन्ने शब्द थपिएको देखिन्छ। विवादित जग्गाको सम्बन्धमा वादी तथा प्रतिवादीले दाबीसाथ पेस गरेका तथा उल्लेख गरेका सबै प्रमाणको उचित मूल्याङ्कन एवम् विश्लेषण गरी ठहरेबमोजिम फैसला गर्नुपर्ने।

अदालतले वादी प्रतिवादीले पेस गरेका तथा उल्लेख गरेका सबै प्रमाण बुझी प्रमाणको मूल्याङ्कन गरी ठहरेबमोजिम फैसला गर्नुपर्नेमा त्यसरी खुलाइएका तथा उल्लेख गरेका प्रमाणको विवेचना गरी सुरू अदालतले फैसला गरेको नपाइएको भन्ने आधारमा सुरू अदालतको फैसला बदर गरी सबै प्रमाणको उचित विवेचना गरी ठहरेबमोजिम पुनः निर्णय गर्नु भनी मुद्दा सुरू अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः उल्लिखित आधारमा आवश्यक जे जो बुझ्नु पर्ने बुझी मिसिल संलग्न प्रमाणको उचित विवेचना एवम् मूल्याङ्कन गरी पुनः निर्णय गर्नु भनी सुरू अदालतमा मुद्दा पठाउने गरी भएको फैसलामा त्रुटि रहेको नदेखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।११।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-०६९२, लिखित दर्ता बदर, *भोला सिंह सिलवाल वि. शान्ता शाहीसमेत*
- ०७२-CI-०६९३, लिखित दर्ता बदर, *भोला सिंह सिलवाल वि. शान्ता शाहीसमेत*

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-WO-१००२, उत्प्रेषण, *तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था, तुलसीपुर दाङसमेत वि. श्रम अदालत, अनामनगरसमेत*

मिसिल संलग्न स्पष्टीकरण सोधिएका पत्र अध्ययन गर्दा उक्त पत्रहरूमा कुनै वस्तुगत आरोप लगाउन नसकी संस्था, संस्थाको कार्यसमिति र संस्थाको अध्यक्षलाई आँच आउने गरी गलत कुरा सम्प्रेषण गरेको भन्ने बेहोरा लेखिएको मिति २०७१।२।८ को पत्रबाट देखिन आउँछ । यसबाट अवकाश दिँदा भएको निर्णय र स्पष्टीकरणको आरोप एक अर्कामा विरोधाभाषपूर्ण रहेको पाइने।

निवेदक संस्थाले आफैँले बनाएको विधानको विपरीत अध्यक्ष अनुपस्थित भएको दिन कर्मचारीको बिदा स्वीकृतिजस्तो सामान्य प्रशासनिक काम उपाध्यक्षले गरेको विषयलाई गैरकानूनी भनी जिकिर लिएको पाइयो । यस अर्थमा निवेदक संस्थाको उक्त जिकिर मनासिब रहेको देखिँदैन। उपर्युक्त विवेचनाबाट निवेदक संस्थाले विपक्षी यमुना कँडेल शाहलाई सेवाबाट अवकाश दिँदा प्रयोग गरेको कानून अवलम्बन गरेको कार्यविधि र निर्णयमा लेखेको बेहोरा तथा स्पष्टीकरण पत्रमा उल्लेख गरेको आरोप वस्तुनिष्ठ नरहेको, निवेदक संस्थाबाट भएका सम्पूर्ण कार्यहरू श्रम ऐन, २०४८ प्रतिकूल रहेको हुँदा विपक्षी यमुना कँडेललाई सेवाबाट पुनर्बहाली गर्नेसमेत गरी श्रम अदालत, काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट विपक्षी यमुना कँडेल शाहलाई निवेदक तुल्सीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले मिति २०७१।४।१३ मा सेवाबाट अवकाश दिने भनी गरेको निर्णय र सोका आधारमा मिति २०७१।४।१५ मा प्रेषित पत्रसमेत बदर गरी सेवामा पुनर्बहाली भई हाजिर गर्न नपाएको अवधिको तलब भत्ता तथा अन्य सुविधासमेत निजले पाउने ठहऱ्याएको श्रम अदालत, काठमाडौंको मिति २०७२।३।३ को फैसला कानूनसम्मत नै रहेको देखिएकोले मागबमोजिमको आदेश जारी भई उक्त फैसला बदर हुन सक्दैन। निवेदन खारेज हुने।

इजलास अधिकृत: कपिलमणी गौतम
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-१०१४, कर्तव्य ज्यान, *सागर राई वि. नेपाल सरकार*

प्रतिवादी र मृतकबिच विवाद भनाभन भएको कारणबाट सुरेन्द्र राईको घरमा सुतिरहेको गंगाराम राईलाई मादक पदार्थले उत्तेजित प्रतिवादीले उठाई लगी खोल्सामा पुऱ्याई काठको बिमले प्रहार गरेको र सोही चोट प्रहारको कारणबाट गंगाराम राईको मृत्यु भएको भन्ने अभियोग दाबीलाई प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा बयान गर्दा स्वीकार गरेको र बरामद दशी र मौकामा घटना विवरण कागज गरी अदालतमा बकपत्र गर्ने सुरेन्द्र राईसमेतको बेहोरा एवम् शव परीक्षण प्रतिवेदनसमेतबाट आरोपित

कसुर पुष्टि भएको देखिँदा प्रतिवादीको प्रहारबाट मृतकको मृत्यु भएको प्रमाणित हुन आउने।

प्रतिवादी सागर राई आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी तथा अदालतसमेतमा साबित रहेको देखिन्छ । निजको साबिती बयानअनुसार वारदातस्थल र मृतकलाई लागेको चोटपटक सम्बन्धमा लासजाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट तथ्य समर्थित भएको अवस्था छ। अनुसन्धान क्रममा बुझिएका मानिस विक्रम भन्ने सुरेन्द्र विक्रम राईले मृतक गंगाराम राई मेरै घरमा सुतिरहेको अवस्थामा सागर राई आएर बोलाएर लिएर गएको हो भनी गरेको कागज बेहोरालाई अदालतमा बकपत्र गरी पुष्टि गरिदिएको देखिन्छ। ज्यान मुद्दाको ठोस प्रमाण घटनास्थलबाट बरामद भएको दशीले मृतकलाई हानेको हुँ भनी प्रतिवादीले अदालतसमेतको बयानमा स्वीकार गरेको हुँदा प्रतिवादी सागर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ नं. बमोजिम जन्मकैद सजाय गर्ने गरेको सुरू एवम् पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिने।

मृतकसमेतले नशा सेवन गरी प्रतिवादीलाई गाली गलौज गरेको, मृतकसँग प्रतिवादीको पूर्वरिसइवी नरहेको, प्रतिवादी अल्लारे उमेरको रहेको र निजले साँचो बेहोरा व्यक्त गरी न्याय प्रदान गर्न अदालतलाई सहयोग गरेको एवम् घटनाप्रति पश्चाताप गरी कानूनले हुनसक्ने कम सजाय गरिपाउँ भनी पुनरावेदनमा याचना गरेको आधार र कारणसमेतबाट प्रतिवादी सागर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ नं. बमोजिम जन्मकैद सजाय गर्दा चर्को पर्न जाने चित्तले देखिएको हुँदा निजलाई ऐ. ऐनको अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कैद वर्ष १५ हुने ठहर्छ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट प्रतिवादी सागर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ नं. को देहाय ३ नं. को कसुरमा ऐ. १३ नं. को देहाय ३ नं. बमोजिम जन्मकैद हुने ठहर्‍याएको सुरू इलाम जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७३।५।१३ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ। निज प्रतिवादी सागर राईलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम वर्ष १५ मात्र कैद सजाय हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०७८९, नामसारी, *मोहम्मद सोफी बागवान वि. छोटेलाल बागवान*

नेपालगन्ज नगरपालिकाले गरी दिएको सिफारिसपत्रका सम्बन्धमा यी पुनरावेदकहरूले मिति २०६८।८।१३ गते वडाले स्थलगत भनी सर्जमिन गरी पठाई सोही मितिमा नेपालगन्ज न.पा. कार्यालयबाट २०६७।१०।४ को पत्रलाई सच्याई मिति २०६८।८।१३ गतेको मिति बनाई एकलौटी नामसारीका लागि सिफारिस गरिएको भनी आफ्नो पुनरावेदन पत्रमा उल्लेख गरे तापनि उक्त सिफारिस पत्र बदर गराउनेतर्फ पुनरावेदकहरूले कुनै प्रयास गरेकोसमेत नदेखिने।

पुनरावेदकहरूले वादी भई बाबु र आमाको मृत्युपश्चात् अपुताली हक कायम दा.खा. नामसारी मुद्दा बाँके जिल्ला अदालतमा दायर गरेकोमा सो मुद्दामा फिराद खारेज हुने ठहर भई मिति २०६३।६।३ मा भएको फैसला चित्त बुझाई बसेको देखियो । यसरी अपुताली हक कायमसमेतको मुद्दा अन्तिम भइरहेको अवस्थामा कानूनबमोजिम हक पुग्नेले नामसारी गराई लिन सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनुलाई अन्यथा मान्नु पर्ने अवस्था हुँदैन। निवेदक छोटेलाल बागवानले बाबुका नामको जग्गा आफ्नो नाममा नामसारी गरिपाउँ भनी सुरू बाँके जिल्ला अदालतको फैसलाको प्रतिलिपि तथा नगरपालिका कार्यालयको सिफारिससहित मालपोत कार्यालय, बाँकेमा निवेदन दिएपछि मालपोत कार्यालय, बाँकेले मिति २०६८।८।१५ मा निवेदकका नाममा एकलौटी

जग्गा नामसारी हुने गरी निर्णय गरेको देखिन्छ । यी पुनरावेदकहरूले आफूहरूले पनि नामसारी गर्ने कार्य रोक्का राखिपाउँ भनी निवेदन दिएको भनेको सक्कल निवेदन नै मालपोत कार्यालय, बाँकेबाट झिकाई हेर्दा सो छुट्टै निवेदनमा अदालतको आदेश नभएसम्म जग्गा हक हस्तान्तरण गर्न रोक्का राख्ने भनी मिति २०६८।८।१६ मा तोक लागेकोसम्म देखिने।

पुनरावेदकले मालपोत कार्यालयमा दिएको निवेदन रोक्का प्रयोजनार्थ मात्र रहेको थियो भने वादीको निवेदन बाबुको नामको जग्गा आफ्नो नाममा नामसारी गराउने प्रयोजनार्थ रहेबाट पनि दुवै निवेदनको मागको प्रकृति अलगअलग प्रकारको र कारबाही पनि अलगअलग प्रकारबाट मालपोत कार्यालय, बाँकेले गरेको निर्णयलाई अन्यथा भन्नु पर्ने अवस्थासमेत देखिन नआउने।

अतः नेपालगन्ज नगरपालिकाको मिति २०६८।८।१३ को सिफारिसलाई यी पुनरावेदकहरूले बदर गराउन नसकेको उक्त सिफारिस अन्यथा नहुँदासम्म प्रत्यर्थी छोटेलाल बागवानलाई आफूले स्याहार सम्भार गरी पालनपोषण गरेको बाबुआमाको नामको जग्गामा हक दाबी नपुग्ने भन्ने देखिएन। त्यसैगरी बाँके जिल्ला अदालतबाट यिनै पुनरावेदकहरूले पुनरावेदन गरेको अपुताली हक कायम दा.खा. नामसारी मुद्दामा मिति २०६३।६।३ गतेको फैसला अन्तिम भई बसेको सो फैसलाले प्रत्यर्थी छोटेलाल बागवानलाई हक पुगेको मान्नु पर्ने देखिएकोले पुनरावेदन अदालत नेपालगन्जको मिति २०६९।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०४८९, मानाचामल, *अमिरलाल उराव कमला भाटसमेत वि. लक्ष्मी भाट क्षेत्री*

पुनरावेदक प्रतिवादीहरूले प्रत्यर्थी वादीलाई आफ्नो श्रीमती वा बुहारी स्वीकार गरेको देखिन्छ । वादी निज प्रतिवादीहरूको घरमा नै बसिरहेको र निजलाई इज्जत आमदअनुसार खान लाउन दिइरहेको भन्नेसमेत मिसिल कागजबाट देखिन आउँदैन । वादीका साक्षी काशीराम भट्टराई, गिरबहादुर भाटसमेतले विवाहपश्चात् वादी २०६७ सालदेखि माइतीघरमा बस्दै आएकी, २०६९ साल वैशाख महिनामा वादी प्रतिवादीबिच छलफल गराउँदा प्रतिवादी खिमबहादुरले वादीलाई कुनै हालतमा घरमा नलाने भनेका कारण निज माइतीमा बस्दै आएकोले मानाचामल पाउनु पर्ने भनी बकपत्र गरेको देखिन्छ । यस स्थितिमा वादीलाई निजका सासू पति जेठाजुले घरबाट निकाला नगरेको र इज्जतअनुसार खान लाउन दिएको भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने।

लोग्नेस्वास्नीबिचको विवाद समाधान गरी सँगसाथै बस्ने वातावरण तयार गर्न छलफल गराउँदा पनि पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीलाई घरमा लान स्वीकार नगरेको भन्ने वादीका साक्षीहरूको बकपत्रबाट वादी घर छोड्न बाध्य भई माइतीमा बस्न गएको तथ्य समर्पित हुन आएको र पुनरावेदक प्रतिवादीहरूले वादीलाई इज्जत आमदअनुसार खान लाउन दिई घरमा बस्ने हैसियत कायम गरेको भन्ने तथ्य सप्रमाण पुष्टि गर्न सकेको नदेखिएबाट पुनरावेदन अदालतबाट प्रतिवादीको हैसियतअनुसार वादीले मानाचामल भरिपाउने गरी भएको फैसला अन्यथा भएको नदेखिने।

अतः सुरू अर्घाखाँची जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रत्यर्थी वादी लक्ष्मी भाटले पुनरावेदक प्रतिवादीहरूबाट वार्षिक रू.८५,५७५।- मानाचामलबापत खर्च भराई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।१०।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

**इजलास नं. १**

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०६१०, जबरजस्ती करणी, *नेपाल सरकार वि. द्वारिकाप्रसाद ठाकुर*

प्रतिवादीले अदालतमा उपस्थित भई बयान गर्दा अभियोग दाबीबमोजिम आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा पीडित स्कुलबाट आई कपडा खोल्न लागेको अवस्थामा घरभित्र पसी पछाडिबाट समाती खटियामा ढालेको र पाइन्टको चेन खोली करणी गर्न खोज्दा वीर्य स्खलन भई खटियामा खसेको हो, हात यताउति गर्दा चुरा फुटी भुइँमा खसेको हो भन्ने उल्लेख गरेको देखिन्छ । यसबाट प्रतिवादी वारदातको समयमा घटनास्थलमा रहेको र जबरजस्ती करणी गर्ने मनसायले पीडित रहेको कोठाभित्र गई जबरजस्ती करणीको लागि प्रयास गरेको भन्ने देखिन आउने ।

सेती अञ्चल अस्पताल विकास समिति, धनगढीबाट मिति २०६७।११।२९ मा प्राप्त मेडिकल बोर्डको Report मा पीडितको कन्याजाली नच्यातिएको, पीडितको योनिको वरिपरि तथा भित्री भागमा संघर्षका चिह्न नभएको, योनिभित्र तथा बाहिर पुरूषको वीर्य लागेको नदेखिएको भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । जबरजस्ती करणी गरेको भए योनिमा चोटपटक लागेको वा वीर्य भएको हुनुपर्दथ्यो। जबरजस्ती करणी गर्न खोज्दा वीर्य स्खलन भएको कारण करणीको कार्यले पूर्णता पाउन नसकेको कुरा मिसिलबाट देखिन्छ । यसर्थ, प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. ले परिभाषा गरेअनुसार जबरजस्ती करणीको उद्योग रहेको प्रमाणित हुन आउने ।

वारदात भएको मिति २०६७।११।२७ मा पीडित १३ वर्ष भनी लेखिनुका साथै अभियोगपत्रमा समेत १३ वर्ष भनी उल्लेख गरिएको देखिन्छ । पीडितको मिति २०६८।३।२६ गतेको दिन अदालतमा बकपत्र भएको र बकपत्रको क्रममा पीडितले आफ्नो उमेर १४ वर्ष भनी लेखाएको देखिन्छ । उक्त समय वारदात मितिको ३ महिना २९ दिनको अन्तराल रहेको देखिन्छ । यो अन्तरालको समयलाई दृष्टिगत गरी पीडितले बकपत्रको क्रममा आफ्नो उमेर १४ वर्ष लेखाएकै आधारमा मात्र पीडितको उमेर १४ वर्ष भएको भनी अर्थ गर्नु न्यायको दृष्टिकोणले मिल्ने हुन सक्दैन । यस्तो प्रकृतिको मुद्दामा पीडितको स्वाभाविक अवस्था, पारिवारिक पृष्ठभूमि, मानवीय विकास जस्ता कुराले पनि न्यायको रोहमा प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा केवल उमेरको सम्बन्धमा पीडितले अदालतमा बकपत्रको क्रममा बताएको कुरालाई मात्र हेरिनु हुँदैन । यस्तोमा पीडितको उमेर प्रमाणित गर्ने वस्तुगत प्रमाणलाई समेत आधार बनाउनु पर्ने ।

पीडित 'कैलाली च" अध्ययनरत रहेको श्री त्रिनगर उच्च माध्यामिक विद्यालय धनगढीको मिति २०६७।१२।२१ को पत्रमा निज पीडितको उमेर विद्यालय रेकर्डअनुसार मिति २०५६।१०।३ रहेको उल्लेख गरेको देखिन्छ । यसबाट वारदात मिति २०६७।११।२७ को दिन पीडितको उमेर केवल ११ वर्ष १ महिना २४ दिन मात्र हुन आएकोले वारदातको समयमा पीडितको उमेर १४ वर्षभन्दा कम रहेको कुरा पुष्टि हुन आउने ।

अतः उल्लिखित आधार र कारणबाट प्रतिवादी द्वारिकाप्रसाद ठाकुरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. को कसुरमा ऐ. महलको ३(३) नं. अनुसार ६ (छ) वर्ष कैद सजाय हुने ठहऱ्याएको कैलाली जिल्ला अदालतको मिति २०६८।६।८ को फैसला केही उल्टी गरी ऐ. ५ नं. को कसुरमा ऐ. को ३(३) नं. अनुसार ३ (तीन) वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत दिपायलको मिति २०६९।३।३ को फैसला नमिलेको हुँदा सजायको हकमा सो फैसला केही उल्टी भई ऐ. महलको ३(२)

नं. बमोजिम कैद वर्ष ४ (चार) हुने।
इजलास अधिकृत: मीना गुरूङ
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल माघ २३ गते रोज १ शुभम्।

## इजलास नं. २

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-WO-०६५९ (०७२-FN-०६१८), उत्प्रेषण / परमादेश, *लोकनाथ उपाध्याय अधिकारी (कस्यप) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रशासकीय काम प्रशासकीय अधिकारीले परिस्थितिअनुसार नीति (Policy) वा उपयुक्तताको आधारमा निर्णय गर्नुपर्ने हुन्छ । यस्तो प्रशासकीय निर्णयमा यदाकदा स्वविवेकीय अधिकारको पनि प्रयोग हुन सक्छ। त्यसकारण अदालतले त्यस्ता प्रशासकीय निर्णयलाई न्यायिक परीक्षण गर्न सक्छ । अदालतले प्रशासकीय वा कार्यपालिकीय निर्णय न्यायको कसीमा परीक्षण गर्दा प्रशासकीय वा कार्यपालिकीय निर्णय न्यायिक देखिएमा वैधता प्रदान गर्ने र न्यायिक नदेखिएमा बदर गर्ने गर्दछ । प्रशासकीय निर्णय केही हदसम्म स्वविवेकीय हुने भए पनि निर्णयमा केही निर्दिष्ट तरिकाहरू भने अपनाएको हुने।

नेपाल सरकार मन्त्रिपरिषद्ले प्यूठान जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले गरेको सिफारिससमेतको आधारमा जसपुरमा इलाका प्रशासन कार्यालय राख्ने र त्यहाँ चाहिने कर्मचारीको सांगठनिक संरचना तय गरेको देखिन्छ । यसरी प्रमुख जिल्ला अधिकारीको सिफारिसको आधारमा कार्यकारिणी अधिकार सम्पन्न र नीतिगत निर्णय गर्न सक्षम निकाय मन्त्रिपरिषद्ले गरेको निर्णयले निवेदकलाई अपूरणीय क्षति पुगेको निष्कर्षमा पुग्न मिल्ने नदेखिने।

स्थानीय राजनीतिक नेता र सर्वसाधारणको भेलाले गरेको त्यो निर्णयअनुसार कार्य गर्ने वा नगर्ने निकाय पनि नेपाल सरकार नै हो । नेपाल सरकारले क्षेत्राधिकारभन्दा बाहिर गएर वा क्षेत्राधिकार नभएको विषयमा मिति २०७२।६।१ मा जसपुरमा इलाका प्रशासन कार्यालय, राख्ने निर्णय गरेको भए अवश्य यस अदालतले असाधारण अधिकार क्षेत्रअन्तर्गत उक्त निर्णयको न्यायिक परीक्षण गर्नसक्ने थियो । नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) को आशय पनि त्यही रहेको देखिन्छ। जबकि मातहत कार्यालय के कुन स्थानमा स्थापना गर्ने भन्ने कुराको निर्णय गर्ने क्षेत्राधिकार नेपाल सरकारलाई छ भने क्षेत्राधिकारभित्र रहेर गरेको निर्णयको न्यायिक परीक्षण गरी बदर गर्न शक्ति पृथकीकरणको सिद्धान्तले नमिल्ने।

नेपाल सरकारले प्यूठान जिल्लाका साबिकका विभिन्न गा.वि.स. हरू एकआपसमा मिलाएर विभिन्न गाउँपालिका गठन गर्ने क्रममा निवेदकको बसोबास भएको तिराम गा.वि.स. को साबिक वडा नं. २ समेत, मर्कावाङ, नयाँगाउँ, रम्दी र उदयपुरकोटलाई मिलाएर माण्डवी गाउँपालिका गठन गरी देवीस्थानलाई नै केन्द्र तोकेको देखिन्छ। नेपाल सरकारले निवेदनमा उल्लेख भएका मध्ये उल्लिखित ४ वटा गा.वि.स., तिराम गा.वि.स. का केही वडाहरूसमेत मिलाएर एउटा माण्डवी गाउँपालिका र साबिकका अन्य गा.वि.स.हरू मिलाएर अरू गाउँपालिका बनाई फरकफरक केन्द्र तोकेको अवस्थाले अब १५ वटा गा.वि.स. का जनताले देवीस्थानबाटै सेवा सुविधा पाउन वञ्चित भएको भन्ने निवेदन दाबीको कुनै अर्थ रहने नदेखिने।

यसरी संविधान र कानूनको अख्तियारी प्रयोग गरी समय-समयमा इलाका प्रशासनलगायतका अन्य मातहत निकायको स्थापना गर्ने सम्बन्धमा प्रशासकीय निर्णय गर्न पाउने अन्तरनिहित अधिकार विपक्षी नेपाल सरकारको क्षेत्राधिकारभित्र भएको सन्दर्भ र पृष्ठभूमिमा विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्लगायत विपक्षी निकायलाई यसो गर्नु, उसो नगर्नु भनी बाध्यात्मक प्रकृतिको आदेश गर्न प्रचलित न्यायिक परम्परा, संविधान र कानूनको विपरीत

हुनुको साथै शक्तिपृथकीकरणको सिद्धान्तसमेतको प्रतिकूल हुने हुँदासमेतका आधार र कारणबाट निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल चैत १९ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-CI-११०७, जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाऊँ, *सहदेव थारूसमेत वि. गुलबसिया थरूनी*

मेरो कि.नं.५ को जग्गा विपक्षीले जबरजस्ती कब्जा गरी मिति २०६८।१०।१ गतेदेखि २०६८।१०।१० गतेसम्ममा फुसको घर तथा इँटाको पक्की ट्वाइलेट बनाई खिचोला गरेको भन्ने पुनरावेदक / वादीको दाबी भएकोमा विवादित जग्गा मैले विपक्षीबाट २०५० सालमा खरिद गरी सोही सालमा नै घरबास बनाई बसेको भनी प्रत्यर्थी / प्रतिवादीले जिकिर लिएको देखिन्छ । मिति २०६८।१०।१ गते देखि २०६८।१०।१० गतेसम्ममा फुसको घर तथा इँटाको पक्की ट्वाइलेट बनाइएको भनी वादीले दाबी लिए तापनि आफ्नो सो दाबी पुष्टि हुने कुनै सबुद प्रमाण निजको तर्फबाट प्रस्तुत हुन सकेको देखिएन, यसका अतिरिक्त सुरू अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा सो कि.नं. को जग्गामा घर रहेको भन्ने उल्लेख हुनुका साथै सो जग्गामा करिब २० वर्षअगाडि नै प्र. गुलवसिया थरूनीले घर निर्माण गरी भोगचलन गरी आएकी छिन् भनी भुवनेश्वर न्यौपाने, कृष्णप्रसाद पाण्डे, रामबली थारू, लौस थारू, जाउ थारूसमेतका मुचुल्कामा बस्ने अधिकांश व्यक्तिहरूले बेहोरा लेखाई दिएको देखिँदा उक्त घर २०६८।१०।१ गतेदेखि २०६८।१०।१० गतेसम्म बनाएको भनी वादीले लिएको दाबी खण्डन भई प्रतिवादीले जिकिर लिएझैँ २०५० सालतिरै सो जग्गामा घर बनेको भन्ने देखियो । यसप्रकार प्रत्यर्थी / प्रतिवादी गुलवसिया थरूनीले २०५० सालतिरै बनाएको घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ भनी वादीले २०६८।१२।२९ मा फिराद गरेको देखिएकाले घर बनाएको भन्दा करिब १८ वर्षपछि मात्र फिराद परेको देखिने ।

मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. मा जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था भएकोमा सो कानूनी व्यवस्थाको पालना गरी कानूनले निर्धारण गरेको हदम्यादभित्र वादीले फिराद दिएको नभई कानूनले तोकेको हदम्याद नघाई फिराद दिएको देखिने ।

मुलुकी ऐन, अ.बं. १८० नं. को कानूनी व्यवस्थाले दर्ता हुन नसक्ने अवस्थाको फिराद दर्ता भएमा त्यस्तो फिरादको तथ्यभित्र प्रवेश गरी निर्णय गर्नु नपर्ने तथा त्यस्तो फिराद खारेज गर्नुपर्ने देखिएको सन्दर्भमा प्रस्तुत मुद्दामा अ.बं. १८० नं. बमोजिम फिराद खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।२१ मा भएको फैसलालाई अन्यथा भनिरहनु पर्ने अवस्था नदेखिँदा यस अदालतबाट मिति २०७३।१०।७ निस्सा प्रदान गर्दा उल्लिखित आधारसँग समेत सहमत हुन नसकिने ।

तसर्थ विवेचित तथ्य, नजिर एवम् कानूनी व्यवस्थासमेतका आधारमा प्रस्तुत मुद्दामा घर बनाउनेको ११ नं. को हदम्याद नाघी फिराद दायर गरेको देखिँदा सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६९।१०।२२ गते भएको फैसला उल्टी भई अ.बं.१८० नं. बमोजिम फिराद खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-WO-०२१३, उत्प्रेषण, *अधिवक्ता सुमन काजी श्रेष्ठसमेत वि. नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौंसमेत*

मुद्दाको विषयवस्तु एवम् राष्ट्र बैंकबाट मिति २०६९।१०।९ मा गरिएको निर्णय र सो आधारमा जारी सूचना देशको लगानी व्यवस्थापन, आर्थिक अनुशासन, रोजगारी सिर्जना औद्योगिक विकास, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी सन्तुलन तथा गैरकानूनी एवम् आपराधिक आर्थिक क्रियाकलापको नियन्त्रण जस्ता पक्षसँग सम्बन्ध राख्ने भई नागरिकसँग सरोकार राख्ने प्रकृतिको भएकाले सो निर्णय र सूचना स्वाभाविक रूपले सार्वजनिक सरोकारको विषय (PIL) अन्तर्गत पर्ने देखिएकाले प्रस्तुत मुद्दाको विषयवस्तुसँग रिट निवेदकको पनि Substantial Interest र Meaningful Relation (तात्विक सम्बन्ध र सार्थक सरोकार) रहने नै देखिने।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ का उल्लिखित दफा १०क, १०ख र १०ग दफाका उल्लिखित व्यवस्थाले प्रचलित कानूनअनुसार विदेशी विनिमयलाई प्रभावकारी रूपमा नियमित गर्न नेपाल राष्ट्र बैंकले आवश्यक सर्तहरू सार्वजनिक सूचनामार्फत तोक्न नसक्ने गरी रोक लगाएको भन्ने नदेखिएकोले प्रस्तुत मुद्दामा राष्ट्र बैंकले मिति २०६९।१०।९ को निर्णयअनुसार जारी गरेको सूचना विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. र १०ख. विपरीत भएकोले Ultra Virus गरिपाउँ भन्ने रिट निवेदकको जिकिर तथ्यपरक र यथार्थ विश्लेषणमा आधारित भएको नदेखिने।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रस्तावनामा हेर्दा "...शोधनान्तर सुदृढीकरण गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्ने, सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने..." उद्देश्य नेपाल राष्ट्र बैंकको रहेको भन्ने उल्लेख छ। ऐ. ऐनको दफा ३५ ले देशको मौद्रिक नीति निर्माण र कार्यान्वयन गर्ने तथा दफा ६२ ले विदेशी विनिमय नीति निर्माण र कार्यान्वयन गर्ने गराउने पूर्ण अधिकार नेपाल राष्ट्र बैंकलाई दिएको देखिन्छ। त्यस्तै विदेशी विनिमयको व्यवस्थापन गर्ने तथा त्यस्तो व्यवस्थापनको लागि आवश्यक नियम विनियम बनाउने तथा आदेश, निर्देशन वा सूचना जारी गर्ने अधिकार राष्ट्र बैंकलाई भएको ऐ. ऐनको दफा ६३ मा हेर्दा देखिन्छ। राष्ट्र बैंक ऐन, २०५८ का उल्लिखित व्यवस्थाको आधारमा विश्लेषण गरी हेर्दा पनि राष्ट्र बैंकले मिति २०६९।१०।९ मा निर्णय गरी जारी गरेको सूचना कानूनविपरीतको भनी मान्न मिल्ने नदेखिने।

फरक फरक ऐन, (विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र विदेशी विनिमय (नियमित गर्ने) ऐन) मा फरक फरक उद्देश्य तथा कानूनी प्रावधानहरू रहेका र ती प्रावधानहरू आपसमा नबाझिई स्वतन्त्र रूपमा लागू हुन सक्ने हैसियतमा रहिरहेको अवस्थामा अख्तियारप्राप्त निकाय (नेपाल राष्ट्र बैंक) ले एउटा कुनै ऐनको कानूनी व्यवस्थाअनुसार निर्णय गरी जारी गरिएको सूचनालाई कानूनविपरीत भयो भन्न मिल्ने नदेखिने।

विदेशी विनिमयको आवागमनलाई प्रभावकारी रूपमा नियमित नगर्ने हो भने विदेशी लगानीको नाममा गैरकानूनी रूपले आर्जन गरेको रकम उद्योग व्यवसायमा लगानी हुने, मुद्रा निर्मलीकरण हुन जाने तथा आर्जित मुद्रा गैरकानूनी रूपमा विदेशिन सक्ने प्रवल सम्भावना हुन्छ। ती सम्भावनाले गर्दा गैरकानूनी तरीकाले आयआर्जन गर्ने कार्य नियन्त्रित नभई प्रोत्साहित हुने भई देशमा संगठित अपराध तथा आपराधिक क्रियाकलाप बढ्न गई विभिन्न विकृति जन्मने भएकाले त्यस्ता गतिविधिलाई रोक्न तथा हतोत्साहित गर्न विदेशी विनिमयलाई प्रभावकारी रूपले नियमित गर्नुपर्ने हुन्छ। यही प्रयोजनार्थ जिम्मेवार निकाय (राष्ट्र बैंक) ले आफूलाई कानूनले दिएको अख्तियारीअन्तर्गत निर्णय गरी जारी गरेको सूचनालाई विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको दफा ३

सँग जोडेर हेर्न मिल्ने नदेखिने।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ३ अनुसार लिनुपर्ने स्वीकृति र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०४९ को दफा १०क., १०ख. र १०ग. अनुसार राष्ट्र बैंकले जारी गरेको सूचनाअनुसार लिनुपर्ने स्वीकृतिको मनसाय र प्रयोजन नै फरकफरक रहेको देखिने।

अतः फरकफरक प्रयोजनार्थ फरकफरक निकायबाट स्वीकृति लिनुपर्ने गरी गरिएको कानूनी व्यवस्थालाई समग्र विश्लेषण नगरी दोहोरो स्वीकृतिको नाममा राष्ट्र बैंकबाट जारी सूचना अमान्य घोषित गर्ने वा बदर गर्ने हो भने त्यसबाट विदेशी विनिमय (नियमित गर्ने) ऐनको उद्देश्य पूरा हुनसक्ने नदेखिने।

राष्ट्र बैंकबाट भएको मिति २०६९।१०।९ को निर्णय र सो आधारमा जारी सूचनाले विदेशी लगानीलाई हतोत्साहित बनाउने तथा लगानी प्रक्रियामा जटिलता ल्याउने नभई विदेशी लगानीमा पारदर्शिता कायम गर्ने, गैरकानूनी आपराधिक क्रियाकलाप निरूत्साहित गर्ने तथा अनुशासित आर्थिक क्रियाकलापहरूलाई प्रश्रय दिने देखिन्छ। त्यसबाट देशमा अनुशासित औद्योगिक विकास, रोजगारी सिर्जना, व्यापार विविधिकरणअनुकूल भुक्तानी सन्तुलनजस्ता विकास र समृद्धिका लागि आवश्यक पक्षहरूमा सकारात्मक प्रभाव पर्न गई समग्र देशको आयस्तरलाई माथि उठाउन एवम् आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने देखिने।

प्रस्तुत विवाद सार्वजनिक सरोकारको विवाद (PIL) अन्तर्गत पर्ने भई निवेदकलाई रिट दायर गर्ने हकदैया भए पनि निवेदकले उठाएका विषयवस्तुउपर माथि प्रकरण प्रकरणहरूमा गरिएको व्याख्या, विवेचनासमेतका आधारबाट नेपाल राष्ट्र बैंकले मिति २०६९।१०।९ मा गरेको निर्णय र जारी गरेको सूचना कानूनविपरीत रहेको भन्ने नदेखिई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क. र १०ख. अन्तर्गत नै जारी भएको भन्ने देखिएकोले यसमा निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

स्वीकृति दिने समय अनिश्चित हुँदा स्वीकृति प्रक्रियामा लामो समय लाग्न सक्ने भएबाट स्वीकृति माग गर्ने पक्षले अनावश्यक दु:ख र हैरानी बेहोर्नु पर्ने र त्यसबाट लगानी सम्बन्धमा नै नकारात्मक सन्देश प्रवाह भई राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने यो पद्धतिको कारण नै लगानीकर्तामा नकारात्मक धारणा जन्मन जाने स्थितिलाई नकार्न सकिँदैन। त्यस्तो स्थिति भएमा देशको औद्योगिक विकास र विदेशी लगानी हतोत्साहित र निरूत्साहित हुनसक्ने अवस्था सिर्जना हुन जान्छ। देशको विकासको लागि प्रतिकूल र अहितकर हुने यस्ता अवस्था आउन नदिन निवेदन परेको निश्चित अवधिभित्र स्वीकृतिको निर्णय गरिनेछ भन्ने व्यवस्था गर्नु तथा त्यस्ता व्यवस्थाहरू सार्वजनिक गर्नु वाञ्छनीय देखिन्छ। स्वीकृति सम्बन्धमा निवेदकलाई पूर्वजानकारी दिने व्यवस्थाले निर्णयसम्बन्धी व्यवस्था अनुमानयोग्य (predictable) हुन जाने र त्यसबाट लगानीकर्ता उत्साहित बन्न जाने स्थिति बन्दछ। अतः यो व्यवस्थाहरूलाई गम्भीर रूपमा मनन् गरी आवश्यक कागजातसहित दरखास्त (निवेदन) परेको बढीमा १५ दिनभित्र स्वीकृति प्रदान गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गरी सो निर्णयको जानकारी अविलम्ब सम्बन्धित पक्षलाई दिने व्यवस्था गर्नु गराउनु तथा त्यस्तो निर्णय एवम् व्यवस्थाहरू सार्वजनिक गर्नु भनी विपक्षीहरू नेपाल सरकार अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल असोज ४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-WO-०५४९, उत्प्रेषण / परमादेश, *चुनाकुमारी पुडासैनी वि. शिक्षा मन्त्रालयसमेत*

जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड नेपाल

सरकारको पूर्णस्वामित्व रहेको सार्वजनिक संस्थान रहेको देखिन्छ । उक्त संस्था आफ्नो उत्पादनबाट हुने कमाईबाट आत्मनिर्भर हुन नसकिरहेको र वर्षेनी ठूलो मात्रामा ऋण सापटी गरी संस्था चलाउनु परेको भन्ने पनि लिखित जवाफबाट देखिन आएको छ । ऋण लिएर संस्था चलाउनु परेको यस्तो अवस्थामा समेत केन्द्रलाई आवश्यक नपर्ने कर्मचारीलाई सेवा करारमा राखी रहनुपर्छ भन्नु औचित्यपूर्ण हुँदैन । संस्था सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गर्ने निकाय अर्थमन्त्रालयले अस्थायी ज्यालादारीमा कर्मचारी नराख्ने भनी नीतिगत निर्णय गरेको आधारमा निवेदकलगायत ज्यालादारीमा कार्यरत कर्मचारीलाई अवकाश दिएको देखिँदा उक्त निर्णय एवम् कामकारबाही कानूनविपरीत रहेको भन्न नमिल्ने।

निवेदिका मन्त्रिपरिषद्को निर्णय हुनुभन्दा पछि मिति २०५८।४।९ देखि मात्र अस्थायी ज्यालादारीमा नियुक्ति पाएको देखिँदा मिति २०५७।४।२५ को पत्रमा उल्लिखित "अपाङ्ग व्यक्ति" भन्ने वाक्यांश यी निवेदिकाको हकमा आकर्षित हुने देखिँदैन । साथै अर्थ मन्त्रालयबाटै अस्थायी ज्यालादारीमा नराख्ने भन्ने नीतिगत निर्णय भएको एवम् निवेदिकालाई मात्रै सेवाबाट हटाएको नभई नीतिगत निर्णयभित्र पर्ने सबै कर्मचारीलाई हटाएको देखिँदा निवेदिकाको हकमा मात्र भेदभावपूर्ण निर्णय भएको भन्ने देखिँदैन । यस अवस्थामा निवेदिकाको सेवालाई निरन्तरता दिनुपर्ने भन्ने जिकिर कानूनसम्मत रहेको भन्न नमिल्ने।

माथि विवेचित आधार कारणबाट जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडमा कार्यरत सबै अस्थायी ज्यालादारी कर्मचारीलाई मिति २०७१।७।१ देखि हटाउने गरी अर्थ मन्त्रालयले दिएको निर्देशन कार्यान्वयनका लागि निवेदिकालाई सेवाबाट हटाउने गरी भएको जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको निर्णयमा कुनै कानूनी त्रुटि रहेको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

निवेदन खारेज हुने ठहरे तापनि निवेदिका कान नसुन्ने तथा बोल्न नसक्ने अपाङ्गता भएको व्यक्ति रहेको देखिन्छ। अपाङ्गता भएका सीमान्तकृत व्यक्तिहरूलाई रोजगारीको अवसर सिर्जना गरी आत्मनिर्भर बनाउनेतर्फ राज्यले यथोचित प्रयास गर्नुपर्ने कुरामा कसैको विमति नहोला । तसर्थ निवेदिकाजस्ता अशक्त व्यक्तिलाई सबल सक्षम नागरिक बनाउन, तिनीहरूको मानवोचित जीवनयापनलाई सहज बनाउन आवश्यक रोजगारीको अवसर प्रदान गर्ने व्यवस्था मिलाउनु भनी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन २२ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०००६, लागु औषध, *जितेन्द्र चौधरीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू राजु यादव र अशोक यादवले आफूले लागु औषध बिक्री वितरण नगरेको, पक्राउ परी आएका प्रतिवादीहरूलाई आफूले नचिनेको भनी आरोपित कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको देखिन्छ। आफूले नचिनेको सहप्रतिवादीहरूले के कारणले निजहरूलाई किटानी पोल गरेका हुन् त्यसको आधार कारण पुष्टि गर्न सकेको पाइँदैन । प्रतिवादी दिपुकुमार र जितेन्द्र चौधरीले कुनै रिसइवीले पोल गरेको भनी मान्ने अवस्था पनि छैन । लागु औषधसाथ मौकामा पक्राउ परी आएका प्रतिवादीहरूले आफूलाई लागु औषध बिक्री गर्ने मानिसहरू यी हुन भनी दुवैजना प्रतिवादीहरूको नाम थर वतन र घरसमेत खुलाई बयान गरेको देखिन्छ। प्रतिवादीहरूले दिएको जानकारीअनुसारकै निजहरूको घर बसोबास रहेको देखिँदा आफूले चिन्दै नचिनेको भनी प्रतिवादीले गरेको बयान सत्य साँचो रहेको भनी मान्न मिलेन । यी आधारहरूबाट प्रतिवादीहरू अशोक यादव र राजु यादवले बिक्री गरेको लागु औषध नै प्रतिवादीहरू

दिपुकुमार र जितेन्द्र चौधरीले खरिद गरेको हो भन्ने पुष्टि हुन आएको देखिन्छ। यस अवस्थामा प्रतिवादीहरू अशोक यादव र राजु यादवले बरामद लागु औषध बिक्री वितरण गरेको प्रमाणित हुन आएको देखिएको हुँदा निजहरू निर्दोष रहेछन् भनी मान्न नमिल्ने।

माथि उल्लिखित आधार कारणबाट प्रतिवादीद्वय दिपुकुमार गुप्ता र जितेन्द्र चौधरीलाई प्रतिवादीद्वय राजु यादव र अशोक यादवले प्रतिबन्धित लागु औषध बिक्री वितरण गरेको देखिएको एवम् निजहरूबाट खरिद गरेको लागु औषध बिक्री वितरण गर्ने प्रयोजनका लागि वीरगन्जबाट नारायणघाट ओसारपसार गर्दै जाँदा बाटोमा पक्राउ परेको देखिएबाट चारैजना प्रतिवादीहरूको लागु औषध खरिद बिक्री तथा ओसारपसारमा संलग्नता रहेको पुष्टि हुन आयो। प्रतिवादीहरूबाट लागु औषध (नियन्त्रण) ऐन, २०३३ द्वारा निषेधित कार्य भएको देखिँदा निजहरू निर्दोष रहे भएको मान्न नमिल्ने।

तसर्थ प्रतिवादी अशोक यादव र राजु यादवले आरोपित कसुरबाट सफाइ पाउने एवम् प्रतिवादी जितेन्द्र चौधरी र दिपुकुमार गुप्तालाई लागु औषध सेवनतर्फ मात्र कसुर कायम गरी २ महिना कैद र रू.१०,०००।- (दश हजार) रूपैयाँ जरिवाना गर्ने गरी भएको सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी गरी चारैजना प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम जनही पाँच वर्ष कैद र रू.१०,०००।- (दश हजार) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुरेशराज खनाल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१००७, परमादेश, *जिल्ला प्रहरी कार्यालय, मुगु गमगडीसमेत वि. खगेन्द्रबहादुर शाही*

प्रहरी कार्यालयमा मौखिक रूपमा अपराधको सूचना प्राप्त भएमा वा प्रहरीलाई अन्यत्र जुनसुकै स्रोतबाट अपराधको सूचना प्राप्त हुन आएमा तोकिएको ढाँचाको दर्ता किताबमा दर्ता गर्नुपर्छ भन्ने व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था प्रहरी कार्यालयको लागि स्वेच्छिक नभई अनिवार्य व्यवस्थाको रूपमा रहेको देखिने।

निवेदकले घाउ जाँचको लागि प्रहरी कार्यालयमा निवेदनसमेत दिई घाउ जाँच भएको तथा निवेदनमा उल्लिखित कारणी भनिएका व्यक्तिहरूलाई समेत झिकाई छलफल गराएको देखिएबाट प्रहरी कार्यालयलाई कसुर अपराधबारे सूचना प्राप्त भएको स्पष्ट देखिएको छ। अपराधबारे सूचना प्राप्त भएपछि प्रहरी कार्यालयले सो सम्बन्धमा सूचना दर्ता गरी अनुसन्धान गर्नु निजको दायित्व हुन्छ। जाहेरवाला र कारणी भनिएका व्यक्तिबिच छलफल गराउनु अनुसन्धान अधिकारीको कर्तव्यभित्र समेत नपर्ने देखिएकोले छलफल गराएको र पक्ष विपक्ष छलफलको लागि उपस्थित नभएको भन्ने पुनरावेदन जिकिर ग्राह्य हुने नदेखिने।

सरकार वादी हुने फौजदारी कसुरको बारेमा सूचना प्राप्त भइसकेपछि रीतपूर्वक दर्ता गरी यदि उक्त सूचनाबमोजिमको कसुर प्रमाणित हुने अवस्थाको नभएको वा अन्य कारणले मुद्दा चल्ने अवस्थाको नभए तापनि सो सम्बन्धमा अनुसन्धान तहकिकात गरी कागज प्रमाण खडा गरी सम्बन्धित सरकारी वकिल कार्यालयसँगको समन्वयमा मुद्दा चल्ने नचल्ने गरी कानूनबमोजिम निर्णय गरी मुद्दा नचल्ने भए सोहीअनुसार गर्नु नै कानूनी कर्तव्यको निर्वाह हुने अवस्था हुन्छ। तर प्राप्त सूचना दर्ता नै नगरी हचुवाको हो भनी कानूनबमोजिम प्रक्रिया र कार्यविधि नै अवलम्बन नगरी राख्नुले प्रहरी कार्यालयबाट कानूनले तोकेको कर्तव्य र दायित्वको निर्वाह भएको भन्न सकिने अवस्था नदेखिने।

तसर्थ उल्लिखित तथ्य प्रमाणको आधारमा, पर्न आएको प्रत्यर्थी / निवेदकको जाहेरी रीतपूर्वक दर्ता गरी कानूनबमोजिम अनुसन्धान तहकिकात गर्नु

भनी पुनरावेदक जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत जुम्लाबाट मिति २०७१।३।१६ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CI-०१३१ र ०७१-CI-०२२६, जग्गा खिचोला मेटाई पर्खाल उठाई चलन, *गंगाई हाथी वि. मल्हुरदेवी कलवार्नी र मल्हुरदेवी कलवार्नी वि. गंगाई हाथी*

मिति २०६६।३।२८ मा धनुषा जिल्ला अदालतको आदेशानुसार नक्सा भई आएको नक्सा मुचुल्काको न.नं. ५ र ६ का जग्गा विवादित पाइयो। न.नं. ४, ५, ६ को जग्गा दाबीको कि.नं.३१३ भित्र पर्ने र त्यही जग्गाको सम्बन्धमा वादी र प्रतिवादीहरूबिच पटकपटक मुद्दा परी निर्णय हुँदै आएको भन्ने प्रमाण मिसिलहरूबाट देखिन्छ। न.नं.६ को जग्गा कि.नं.३१३ भित्र पर्ने र सो जग्गा पुनरावेदक वादीको हक स्वामित्वमा रहेको देखिँदा पुनरावेदक वादीको स्वामित्वमा रहेको जग्गामा प्रतिवादीले खिचोला गरेको ठहर गरी खिचोला मेटाई वादीले चलनसमेत चलाई पाउने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

न.नं.५ को उत्तरतर्फ रहेको न.नं.२ को कि.नं.१८५ मा प्रतिवादीको घर जग्गा रहेको र उक्त कि.नं.१८५ मा प्रतिवादीले बनाएको घरको केही भाग न.नं.५ सम्म पुगेको भन्ने देखिन्छ। नक्सा मुचुल्काअनुसार न.नं.५ को जग्गा उक्त कि.नं.३१३ भित्रको भन्ने देखिई वादीको हक स्वामित्वमा रहेको भन्ने देखिन्छ। आफ्नो हक स्वामित्वको सम्पत्तिमा स्वामित्ववालाले निर्विवाद भोग गर्न पाउनु पर्ने हो। तर प्रमाणको रूपमा पेस भएको २०५९ सालको दे.नं.१६४८ को यिनै पुनरावेदक प्रतिवादी वादी र पुनरावेदक वादी मल्हुदेवी कलवार्नीसमेत प्रतिवादी भई चलेको २०५९ सालको दे.नं.१६४८ को जग्गा खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दामा विवादित कि.नं.३१३ कै जग्गाको सम्बन्धमा जिल्ला अदालतको आदेशअनुसार मिति २०५९।६।१० मा नाप नक्सा भई आएको नक्सा मुचुल्काको न.नं.५क मा प्रतिवादीको घर देखिएको र सो घरमा प्रतिवादीको भोगसमेत रहेको भन्ने खुल्न आएको देखिन्छ। २०५९।६।१० भन्दा अगाडि नै विवादित कि.नं.३१३ को न.नं.५ को जग्गामा प्रतिवादीले घर निर्माण गरी भोग गरिरहेको देखिँदा सो न.नं.५ मा प्रतिवादीको भोग कायम रहने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट न.नं.५ को जग्गामा प्रतिवादीले घर बनाई भोग गरेको देखिएको हुँदा उक्त प्रतिवादीको भोगसम्म कायमै रहने गरी न.नं.६ को जग्गामा प्रतिवादीले खिचोला गरेको ठहर गर्नुपर्नेमा सो ठहर नगरेको हदसम्म सुरू धनुषा जिल्ला अदालतबाट मिति २०६८।१।६ मा भएको फैसला केही उल्टी गरी न.नं.६ का जग्गामा प्रतिवादीले गरेको खिचोला मेटाई पुनरावेदक वादीले भोगचलन गर्न पाउने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।८।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङसिर ४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७५-WH-०००८, बन्दीप्रत्यक्षीकरण, *सद्दाम हुसेन गद्दी वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

निवेदक प्रतिवादी महमुद आलम गद्दीको

हकमा हेर्दा निवेदकले निजउपरको सरकारी दस्तखत किर्ते मुद्दामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा भारतीय नागरिक भनी बयान गरेपनि अदालतसमक्ष बयान गर्दा रूपन्देही जिल्ला रोहिणी गाउँपालिका, वडा नं.६ ललितपुर पकडी हो भनी बयान गरेको पाइन्छ । निवेदकले अदालतमा बयान गर्दा नेपाली नागरिकताको प्रतिलिपिसमेत प्रमाण स्वरूप पेस गरेको देखिन्छ। यस्तो अवस्थामा मौकामा बयान गर्दा भारतीय ठेगाना लेखाउनु पर्ने तथ्यगत आधार र कारणबाट खण्डन हुन नसकेको, सक्कल नागरिकताको प्रमाणपत्र पेस गर्न नसकेको भनी निवेदकलाई थुनामा राख्ने गरी भएको आदेश निवेदकको नागरिकताको प्रतिलिपि पेस भएको तथा सो प्रतिलिपि अन्यथा हुन पुगेको भन्नेसम्मको कानूनसम्मत आधार प्रस्तुत नगरी साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको ११८ को देहाय ३ मा भएको कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा थुनामा राख्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।३।२१ मा भएको आदेश गैरकानूनी देखिँदा उक्त आदेश उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, उक्त मुद्दामा निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रलाई समेत मध्यनजर गरी निवेदकले दिएको मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. को सन्दर्भमा पुनः आदेश गर्नु भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासको नाउँमा परमादेशको आदेश जारी हुने।

निवेदकसमेत उपर मुलुकी ऐन, किर्ते कागजको १,७,९ र १२ को कसुरमा सोही महलको ९ र १२ नं.बमोजिम सजाय गरी सोही महलको ७ नं.बमोजिम जरिवाना गरिपाउँ भन्ने मागदाबी लिई अभियोगपत्र दायर भइसकेको र थुनछेक आदेशसमेतको प्रक्रिया अवलम्बन गरी सुरू जिल्ला अदालतबाट यी निवेदकको हकमा रू.३०,०००।- नगदै वा सो बराबरको जेथाजमानत वा बैंक ग्यारेन्टी दिएमा लिई तारेखमा राख्ने दिन नसके कानूनबमोजिमको सिधा खान पाउने गरी थुनामा राख्न पठाउनु भनी भएका आदेशउपर वादी नेपाल सरकारको मुलुकी ऐन, अदालती बन्दोबस्तको १७ नं. बमोजिमको निवेदन परी उच्च अदालतबाट यी निवेदकलाई थुनामा राख्ने भनी गरेको आदेश बदर भई तत्सम्बन्धमा पुनः आदेश गर्नु भनी परमादेश जारी भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल भदौ १९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०४३०, अंश चलन, *धनबहादुर थापासमेत वि. महेश थापा*

पुनरावेदिका भीमकुमारी थापाले विवाहपूर्व माइतीबाट प्राप्त गरेको भनी दाबी लिएका कि.नं.१२९ र १३० का जग्गाहरू बिक्रीबाट दाबीको घडेरी खरिद गरेको भन्ने खुलाए पनि सो घडेरी २०५३ सालमा नै राजीनामाबाट प्राप्त हुन आएको भन्ने देखिएको र उक्त कि.नं.१२९ र १३० का जग्गाहरू त्यसको करिब २ वर्षपछि अर्थात् २०५६ सालमा मात्र बिक्री गरेको भन्ने खुल्न आएको देखिँदा पुनरावेदिकाको पुनरावेदन जिकिर पत्यारलायक नदेखिने।

प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारी वादी तथा प्रतिवादीलाई एक अर्कामा सुनाउँदा उक्त ऋणको सम्बन्धमा बोलेको नदेखिँदा त्यस्तो ऋणको सम्बन्धमा पछि साहुको नालेस परेको अवस्थामा कानूनबमोजिम हुने नै हुँदा हाल सो ऋणसमेत बन्डा लाग्नु पर्ने भनी प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणहरूबाट सुरू इलाम जिल्ला अदालतबाट तायदातीमा उल्लिखित सम्पत्तिबाट ८ खण्डको १ खण्ड वादीले प्रतिवादीहरूबाट अंश छुट्याई चलनसमेत चलाई लिन पाउने र ऋणको हकमा साहुको नालेस परेका बखत कानूनबमोजिम हुने नै हुँदा हाल केही बोली रहन परेन भनी मिति २०७०।११।२७ मा भएको फैसलालाई केही उल्टी गरी कि.नं.४५, ४६, ४७ का जग्गाबाहेकका

तायदातीमा उल्लिखित श्रीसम्पत्तिबाट विवाह नभएका अंशियारको विवाह खर्च परसारी बाँकी सम्पत्तिबाट ८ खण्डको १ खण्ड वादीले अंश पाउने ठहर गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।१२।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-१६२५, अंश दर्ता, *बुद्धिबहादुर न्यौपानेसमेत वि. गोमाकुमारी राउत*

पुनरावेदकहरूले २०४८ सालमा भएको लिखतअनुसार वादीका पतिले अंश बुझी सोअनुसार आफ्नो भागको सम्पत्तिको कारोबारसमेत गरेको हुँदा उक्त ३० नं. को कानूनी व्यवस्थाअनुसार अंशबन्डा भइसकेको भन्ने जिकिर लिएको पाइन्छ । तर उक्त कानूनी व्यवस्था २०३४।९।२७ भन्दा अगाडि भएको अंशबन्डाको कारोबारमा मात्र आकर्षित हुने व्यवस्था हो । सोभन्दा पछाडि अंशबन्डा गर्दा अनिवार्य रूपमा रजिस्ट्रेसन गर्नुपर्ने गरी सो नम्बरले व्यवस्था गरेको हुँदा २०४८ सालमा वादीका पतिका नाममा पारित भएको बकसपत्रको लिखतलाई नै अंशबन्डाको लिखतको रूपमा लिन मिलेन । २०३४ सालभन्दा पछाडि अंशबन्डा गर्दा कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी साक्षी राखी लिने दिनेको र साक्षीको समेत सहीछाप गरी रजिस्ट्रेसन गर्नुपर्ने भनी कानूनले नै अनिवार्य गरिसकेको हुँदा २०३४ सालभन्दा पछाडि अंशबन्डा गर्दा रजिस्ट्रेसन पारित भएकै हुनुपर्ने ।

२०३४ सालपछि अंशबन्डा गर्दा साक्षी राखी कानूनबमोजिम बन्डा छुट्याई बन्डापत्रको कागज खडा गरी लिने दिने र साक्षीको समेत सहीछाप गरी रजिस्ट्रेसन पारित गर्नुपर्ने र सो नभएको बन्डालाई मान्यता दिन नमिल्ने गरी कानूनमा नै स्पष्टसँग व्यवस्था भएको अवस्थामा कुनै एउटा राजीनामाको लिखतमा अंशबन्डा भयो भनी उल्लेख गरेको मात्र आधारमा सो कागजलाई अंशबन्डाको कागजको रूपमा ग्रहण गरी अंशबन्डा भइसकेको भनी व्याख्या गर्न मिल्ने देखिएन । पुनरावेदक प्रतिवादीहरूले सो लिखतबाहेक वादी र प्रतिवादीहरूबिच अंशबन्डा भइसकेको भन्ने तथ्ययुक्त र ठोस प्रमाण पेस गर्न सकेकोसमेत नदेखिँदा २०४८।५।१७ को बकस पारितको लिखत र २०५३।१।२३ को राजीनामाको लिखतको आधारमा वादी प्रतिवादीहरूका बिच कानूनी रूपमा अंशबन्डा भइसकेको भन्ने नदेखिँदा पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख गरेको ऋणको हकमा पछि साहुको नालेस परेको अवस्थामा सोही बखत ठहरेबमोजिम हुन्छ भनी तायदाती फाँटवारीमा उल्लेख भएका सम्पत्तिमध्ये कि.नं.९८ र २७० को जग्गाबाहेक वादी प्रतिवादीबाट पेस हुन आएको तायदाती फाँटवारीमा उल्लेख भएअनुसारका सम्पत्तिमध्येबाट ५ भागको १ भाग अंश वादी गोमाकुमारी न्यौपानेले छुट्याई लिन पाउने ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।१२।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०५८६ र ०७२-CR-०५८७, कर्तव्य ज्यान, *सन्तोष आङदेम्बे (लिम्बू) समेत वि. नेपाल सरकार र आइन्द्र भन्ने विक्रम चेम्जोङ (लिम्बू) समेत वि. नेपाल सरकार*

अनुसन्धानको सिलसिलामा यातना दिइएको, बयान बेहोरा पढ्न नदिई हस्ताक्षर गराइएको, जबरजस्ती सहीछाप गराइएको भन्ने जस्ता मौखिक

कथनले मात्र मान्यता पाउने अवस्था रहँदैन । त्यस्तो कुरालाई तथ्ययुक्त आधारबाट पुष्टि गर्न गराउन सकेको अवस्थामा मात्र त्यस्तो कथनले मान्यता प्राप्त गर्न सक्छ । आधार प्रमाण बिनाको कथनले औचित्यता प्राप्त गर्न सक्दैन । प्रतिवादीहरूले मौकामा गरेको बयान र घटनास्थल प्रकृति मुचुल्का तथा मिसिल संलग्न प्रमाणहरूबाट घटना वारदात मालाकार रूपबाट पुष्टि हुन आएको देखिन्छ । अदालतसमक्षको इन्कारी बयान आफैँमा प्रमाण हुने नभई प्रमाण ऐन, २०३१ को दफा २७ र २८ अनुसार तथ्यगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणहरूबाट समेत मालाकारकडीबाट पुष्टि प्रमाणित भएको अवस्थामा मात्र सो इन्कारी सान्दर्भिक हुन आउने ।

अतः प्रतिवादीहरूको मौकाको साबिती बयान, लास जाँच मुचुल्का, प्रत्यक्षदर्शीको मौकाको भनाइ, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरू एकराज आङदेम्बे (लिम्बू), आइन्द्र भन्ने विक्रम चेमजोङले अदालतसमक्ष गरेको बयानसमेतका आधारमा प्रतिवादी एकराज आङदेम्बे (लिम्बू), आइन्द्र भन्ने विक्रम चेम्जोङ, सागर लिम्बू र सन्तोष आङदेम्बेले निज धनहादुर बरूवाललाई मरणासन्न हुनेगरी कुटपिट गरेको र सोही चोटका कारण निज धनबहादुरको मृत्यु भएको कुरा पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं.को कसुरमा सोही महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई भएको झापा जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत इलामको मिति २०७२।४।२४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अभियोग दाबीअनुसार यी पुनरावेदक प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने ठहर भएपनि घटना हुँदाको अवस्था परिस्थिति, कारण, प्रतिवादीहरूको उमेर अवस्था र घातक हतियार प्रयोग नभएको, मार्नै पर्नेसम्मको पूर्वरिसइवी केही नदेखिएको मृतकको विगत क्रियाकलापबाट निजलाई तर्साउन, पछि त्यस्ता गलत हर्कत नगरून् भनी तर्साउने उद्देश्यबाट कुटपिट गर्दा मृत्यु हुन गएको अवस्था देखिन आएको र प्रतिवादीहरू केटौले अवस्थाका रहेका र परिणामको पूर्वज्ञान नरही एउटा लहडको रूपबाट घटना घट्न गएको अवस्था देखिएबाट उक्त सजाय चर्को पर्ने भई आठ वर्ष कैद गर्दा पनि कसुरअनुसारको सजाय पर्याप्त हुने देखिई दण्डको उद्देश्य पूरा हुने देखिएबाट प्रतिवादीहरूलाई जनही आठ वर्ष कैद हुने गरी मुलुकी ऐन, अ.बं.१८८ नं. अनुसार रायसहितको फैसला मनासिब देखिँदा सजायमा कुनै परिवर्तन गरी रहनु नपरी सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल भदौ २१ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०८३६ र ०७२-CR-०३७२, कर्तव्य ज्यान, *तुलाराम सारूसमेत वि. नेपाल सरकार र टेकेन्द्र नेपालीसमेत वि. नेपाल सरकार*

बयान यथार्थताको आधारमा भएको छ र स्वइच्छाले गरेको हो भने आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने गरी संविधानले प्रत्याभूति गरेको अवस्थामा आफैँ विरूद्ध हुँदै नभएको कुरामा प्रतिवादीहरूले काल्पनिक रूपले स्वीकार गरेको भनी भन्न मिल्ने अवस्था देखिँदैन । आफूहरूलाई करकाप गरी वा अनुचित प्रभावमा पारी गैरकानूनी तरिकाबाट गराएको बयान हो भनी प्रतिवादीहरूले प्रस्ट आधार दिई चुनौती दिनसकेको अवस्थासमेत देखिँदैन । घटना विवरणका मानिसहरूले प्रत्यक्ष रूपले घटना वारदातसँग मेल खाने गरी मालाकार कडीको रूपबाट कागज गरी दिएका र अदालतमा आई बकपत्र गर्ने वादी पक्षका साक्षीहरू, जाहेरवाला गोपाल वलीको बकपत्रसमेतबाट पुष्टि भएको र प्रतिवादीहरूका साक्षीले बकपत्र गर्दा घटनाको दिन मादक पदार्थ खाई लडेको कारणबाट चोट परेको भनी बकपत्र गरी दिएको देखिन्छ, तर स्वयम्

प्रतिवादीहरूले आफ्नो प्रतिवादी जिकिरमा उल्लेख गर्न नसकेको कुरा साक्षीहरूको कथनबाट खुल्न आएको भए तापनि प्रतिवादीहरूले नभनेको कुरालाई साक्षीको कथनले मात्र प्रमाणिकता प्राप्त गर्नसक्ने देखिँदैन । शसबहादुरले मादक पदार्थ खाई लडेको कारणबाट मरेको भए प्रतिवादीहरूले मौकामा खुलाउनु पर्ने थियो । सो खुलाएको नदेखिँदा साक्षीको कथन प्रमाणयोग्य देखिन नआउने ।

लासको नाक मुखमा रगत बगेको, टाउकोको पछाडि भाग र अण्डकोष काटिएको, रगत बगेको, कुर्कुच्चा ददारिएको, टाउकोको हड्डी नै फुटेको एवम् टाउको, पेट र पिठ्युँमा blunt force देखिएको भन्ने लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनबाट देखिन आउँछ । टाउको, पेट एवम् ढाडको चोटका कारण मृत्यु भएको भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । यी प्रतिवादीहरूसमेत भई दिउसो बच्छिउ निकाली सोको तरकारीसँग होटलमा बसी रक्सी खाएको र साँझ शसबहादुर आएपछि विवाद भएको सोही विवादमा यी प्रतिवादीहरूले शसबहादुरलाई मरणासन्न हुनेगरी कुटेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन आएको र सोही कुटपिटको चोटको कारणले निज शसबहादुर वलीको मृत्यु भएको भन्ने देखिँदा आफूहरू निर्दोष रहेको भन्ने यी प्रतिवादीहरू तुलाराम सारू, खगेन्द्र रावत र गौतम नेपालीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

वारदातस्थलमा उपस्थित रहने, वारदात देख्ने व्यक्तिहरूलाई ज्यानसम्बन्धीको महलको २ नं. १७ नं. तथा १९ नं. लगायत विभिन्न नं. हरूले निश्चित कर्तव्य तोकेको र सो पूरा नगर्नेलाई फौजदारी दायित्व निर्वाह गराउने गरी कानूनी व्यवस्था भएको पाइन्छ । प्रस्तुत वारदातमा वारदातस्थलमा उपस्थित रही आफ्नै अगाडि शसबहादुर वलीलाई यी प्रतिवादीहरूकै साथीहरू तुलाराम सारू, खगेन्द्र रावत र गौतम नेपालीले मरणासन्न हुने गरी कुटपिट गरिरहँदा त्यसलाई रोक्ने जोगाउने कुनै प्रयास गरेको नदेखिएको, वारदात हेरी बसेको भन्ने पुष्टि भएको हुँदा यी पुनरावेदकहरू प्रतिवादीहरू टेकेन्द्र नेपाली र मनोज श्रीसको सम्बन्धमा सुरू अदालतबाट भएको फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं.को कसुर ठहर गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेको देखिने ।

अतः विवेचित तथ्य, आधार, कारण र प्रमाणबाट प्रतिवादीहरूमध्येका टेकेन्द्र नेपाली र मनोज श्रीसको हकमा सुरूको फैसला नमिलेको हुँदा सो हदसम्म केही उल्टी भई निजहरूलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ६ महिना कैद हुने तथा प्रतिवादीहरू खगेन्द्र रावत, गौतम नेपाली र तुलाराम सारूको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३(३) नं.को कसुर गरेको अभियोगमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई भएको सुर्खेत जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको मिति २०७२।२।२५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू टेकेन्द्र नेपाली, मनोज श्रीस, खगेन्द्र रावत, गौतम नेपाली र तुलाराम सारूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादीहरू खगेन्द्र रावत, गौतम नेपाली र तुलाराम सारूको कलिलो उमेर अवस्था, प्रतिवादीहरू एवम् मर्ने निज शसबहादुरबिच पूर्वरिसइवी रहेको भन्ने नदेखिएको, मृतक र प्रतिवादीहरूद्वारा रक्सी सेवन गरेको अवस्था, मर्ने निज शसबहादुरले गाली गरेपछि झगडा कुटपिट भएको भन्ने वारदात हुँदाको परिस्थिति, अवस्था र प्रकृतिबाट तत्काल रिस उठेको आधारमा कुटपिटसमेतबाट निज प्रतिवादीहरूलाई ठहरेबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम जनही १० वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालत सुर्खेतबाट व्यक्त भएको रायसमेत मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल भदौ २१ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-१४४४, अंश, *रेशमबहादुर खत्री वि. सिर्जना के.सी.समेत*

पुनरावेदन जिकिरमा वादीले प्रतिवादीका बाबु आमासँग मिली मुद्दा दायर गरेको भनी खुलाएको सम्बन्धमा आफ्नो छोराले विवाह नै नगरेकी महिलालाई पुनरावेदक प्रतिवादीका बाबु आमाले साथ दिई अंश मुद्दा दायर गर्न लगाएको भन्ने वस्तुनिष्ठ प्रमाणसमेत पुनरावेदक प्रतिवादीले पेस गर्न सकेको देखिँदैन । हुँदै नभएको लोग्ने स्वास्नीको सम्बन्ध छ वा हो भनी वादीले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकै आधारमा पुनरावेदक प्रतिवादीले आफ्नी स्वास्नी तथा छोरी भनी स्वीकार गरी लिखत गर्नु पर्नाको कारण नखुलाएको एवम् सो लिखतलाई अन्यथा भनी प्रमाणितसमेत गराउन नसकेको अवस्थामा वादी र पुनरावेदक प्रतिवादीबिच लोग्ने स्वास्नीको सम्बन्ध रहेको भन्ने नै देखिँदा फिरादी वादी मेरी श्रीमती होइनन् भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीले जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई वादीमध्येकी ज्ञानी के.सी. लाई आफ्नी श्रीमती र छोरी सिर्जना के.सी.लाई आफ्नी छोरी भनी स्वीकार गरिसकेको अवस्थामा फिरादपत्रको कुनै एउटा हरफमा फिरादीको थर थापा लेखिन गएको भनी थर सम्बन्धमा लेखिन गएको सामान्य त्रुटिलाई समातेर परेको पुनरावेदनलाई असल नियतबाट परेको भनी अर्थ गर्न मिलेन । सरकारी निकायमा आफैँ उपस्थित भई आफ्नी स्वास्नी र छोरी भनी लिखित रूपमा कागज गरी स्वीकार गरेको कुरालाई प्रतिउत्तरपत्र एवम् पुनरावेदनपत्रमा सम्बन्धमा नै प्रश्न उठाई आफ्ना स्वास्नी छोरी नै नभएको भनी जिकिर लिनु प्रमाण ऐन, २०३१ को दफा ३४ को विबन्धनको सिद्धान्तसमेतको प्रतिकूल हुन जाने हुँदा पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ उल्लिखित तथ्य एवम् प्रमाणबाट सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७०।१।२२ को फैसलामा उल्लिखित "ऋण लिएको प्रमाणित हुन सकेको पनि देखिँदैन" भन्ने वाक्यको उल्लेखन मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसलालाई केही उल्टी गरी मिसिल संलग्न तायदाती फाँटवारीमा उल्लिखित प्रस्तुत मुद्दामा कायम भएको मानो छुट्टिएको मितिभन्दा अघिको ऋणको हकमा साहुको नालेस परेका बखत ठहरेबमोजिम हुने र अरूमा सुरू अदालतको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CI-१५५१, ०७३-CI-१५५३, अंश चलन, *अरूणकुमार खड्का वि. कोपिला खड्का, दिलबहादुर खड्कासमेत वि. कोपिला खड्का*

प्रतिवादी अरूणकुमार खड्का प्रतिवादीहरू दिलबहादुर खड्का र गीतादेवी खड्काका छोरा रहेको र निज २०६५ सालमा नै मानो छुट्टिई भिन्न भएको भन्ने प्रतिवादीहरूको दाबी रहेको भए पनि सोको कुनै ठोस प्रमाण प्रतिवादीहरूबाट गुजार्न सकेको पाइँदैन । प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार जसले जे कुराको दाबी लिन्छ त्यसको प्रमाण पुऱ्याउने दायित्व उसैमा रहेको हुन्छ । प्रतिवादीहरू एकआपसमा छुट्टिई भिन्न भएको भन्ने दाबी लिएकोमा सोअनुसार छुट्टिई भिन्न भएको पुष्टि गर्ने ठोस र तथ्ययुक्त प्रमाण प्रतिवादीहरूले गुजार्न नसकेको अवस्थामा निजहरू एकआपसमा छुट्टिई भिन्न भएका भनी अर्थ गर्न मिलेन । प्रतिवादी अरूणकुमार खड्का र अन्य प्रतिवादीहरू एकासगोलमा नै रहेको भन्ने देखिन आउने ।

बाबुको तलबबाट खरिद गरेको सम्पत्तिलाई निजी आर्जनको भनी छोराछोरीलाई अंश दिन नमिल्ने भन्न मिल्दैन । छोराछोरीको लागि पैतृक सम्पत्ति

भनेको बाबु आमाले आर्जन गरेको बाबु आमाको नाममा रहेको जुनसुकै स्रोतबाट प्राप्त सम्पत्ति नै हो र त्यस्तो सम्पत्ति छोराछोरीको लागि अंश लाग्ने सम्पत्तिभित्रैको हुँदा सो सम्पत्तिबाट वादीहरूले अंश पाउने नै देखिँदा सो सम्पत्ति निजी आर्जनको अंश नलाग्ने सम्पत्ति भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट वादीहरूले प्रतिवादीहरूबाट अंश पाउने देखिँदा प्रतिवादी अरूणकुमार खड्काका समान अविवाहित अंशियारको विवाह खर्च पर सार्ने सम्बन्धमा केही उल्लेख नगरेको हदसम्म सुरू दोलखा जिल्ला अदालतको मिति २०७०।११।१२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट अंशबन्डाको १७ नं. अनुसार अविवाहितको विवाह खर्च पर सारी बाँकी रहन आउने सम्पत्तिलाई पाँच भाग लगाई सो पाँच भागको एक भाग प्रतिवादी अरूणकुमार खड्काको भागलाई पुनः तीन भाग लगाई सो तीन भागको एक-एक भागको दरले हुने दुई भाग वादीहरूले अंश छुट्याई पाउने र अरूमा सुरू जिल्ला अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७३-CI-१५५३, मानाचामल, *अरूणकुमार खड्का वि. कोपिला खड्का* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खडका,** ०७३-CR-०४४३, ज्यान मार्ने उद्योग र चोरी, *चक्रे भन्ने चक्रबहादुर चन्द वि. नेपाल सरकार*

प्रतिवादीले अदालत तथा मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जाहेरवाला खेमराज शाहीका बुबा राजबहादुर शाही तथा आमा विष्णुमाया शाहीसँग भेटघाट भई परिचय गर्ने क्रममा मैले आफ्नो नाम र कार्यरत स्थानसमेत ढाँटी निजहरूले बाख्रा ल्याई सँगसँगै हिँडी आउने क्रममा जाहेरीमा उल्लिखित वारदात मिति र समयमा जाहेरीमा उल्लिखित घटनास्थलमा औंला गाउँ र विराबगर बिच बाटोमा आइपुगिसकेपछि मैले निज जाहेरवालाको बाबु, आमाको ज्यानै मारी धनमाल तानी लग्ने योजनाअनुरुप मैले उक्त घटनास्थलमा जाहेरवालाको बाबु र आमा दुवैलाई भिरबाट खसाली धेरै तल पुगेपछि नदेखिएपछि कोही मानिस आई मलाई देख्लान् कि भन्ने सोची मैले निजहरूको साथमा रहेको नगद तथा सुनका गहनाहरूसमेत तान्न लिन नसकी म सो स्थानबाट भागी जाने क्रममा प्रहरीद्वारा पक्राउमा परेको हुँ भनी आरोपित कसुरमा साबित रही बयान गरेको देखिँदा निजको बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने नै देखिने।

मिसिल संलग्न घटनास्थल मुचुल्का तथा पीडितहरूको फोटोबाट पीडित राजबहादुर शाही र विष्णुमाया शाही भिरबाट खसी टाउको, अनुहारलगायतका भागमा गम्भीर चोटपटक लागी रगताम्य अवस्थामा रहेको देखिन्छ। मौकामा भएको पीडितको घा जाँच केस फाराममा पीडितहरूको टाउको, आँखा, कान, अनुहारलगायतका भागहरूमा घाउ चोट लागेको, बिरामीको अवस्थामा सिकिस्त (Serious) र मर्ने वा नमर्नेमा मर्ने सम्भावना रहेको भनी लेखिएको पाइन्छ। मौकाको कागजबाट समेत प्रतिवादीले पीडितहरूको धनमाल तथा नगद लग्ने उद्देश्यले भिरबाट धकेली दिई घाइते बनाएकोमा प्रहरीले पीडितहरूलाई तत्काल घाइते अवस्थामा देखी वारदातस्थलमा गई दुवै जनालाई तत्काल उद्धार गरी स्वास्थ्य केन्द्रमा लगी प्राथमिक उपचार गराई दिनको १ बजे हेलिकप्टरद्वारा सुविधा सम्पन्न शिक्षण

अस्पताल महाराजगन्ज काठमाडौंमा लगी उपचार गराएको कारणबाट मात्र पीडितहरू बाँच्न सफल भएको देखिन्छ । तसर्थ, प्रतिवादीले पीडितहरू राजबहादुर शाही र विष्णुमाया शाही दुवै जनालाई भिरबाट खसाई मार्नेसम्मको कार्य गरेको तथ्य प्रतिवादीको मौका तथा अदालतमा भएको बयान, जाहेरी दरखास्त, घा जाँच केस फाराम, घाइतेको कागजसमेतका प्रमाण कागजातहरूबाट समर्थित भएको देखिन आयो । यसरी प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि भएको देखिँदा पुनरावेदन अदालत जुम्लाबाट प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १५ नं. को कसुरमा सोही नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय गरेको फैसला मिलेकै देखिँदा पुनरावेदक प्रतिवादी चक्रे भन्ने चक्रबहादुर चन्दको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादी चक्रबहादुर चन्दले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को कसुर अपराधमा सोही महलको १५ नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत जुम्लाबाट मिति २०७२।९।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल फागुन १० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-१२१०, निषेधाज्ञा, *रामसागर देवी वि. पुरन महतो नुनिया*

पुनरावेदक / निवेदिकाको विवादित जग्गा नेपाल सरकारको नाममा कायम गर्ने गरेको निर्णयउपर यी निवेदिका रामसागर देवीले भूमिसुधार कार्यालयमा फैसला बदर निर्णय बदर मुद्दा दिएकोमा सोमा दाबी नपुग्ने ठहरी भूमिसुधार कार्यालय, महोत्तरीबाट मिति २०७०।१२।२८ मा फैसला भई अन्तिम रहेको देखियो । त्यसैगरी यिनै निवेदिकाले यिनै विपक्षीउपर दायर गरेको २०६६ सालको दे.नं.१२६३ को कुत दिलाई मोही निष्काशन मुद्दा मुल्तबीमा रहेको महोत्तरी जिल्ला अदालतबाट २०६६।९।१९ मा भएको मुल्तबी आदेशबाट देखिन्छ । उक्त कुत दिलाई मोही निष्काशन गरिपाउँ भन्ने मुद्दा मुल्तबी जागेपछि सोही मुद्दाबाट विवादको विषयको निरूपण हुने हुँदा सामान्य उपचारको बाटो खुला रहँदारहँदै यी पुनरावेदक प्रस्तुत रिट निवेदन लिई अदालत प्रवेश गरेको देखिने।

तसर्थ, तल्लो निकायमा विचाराधीन रहेको विषयमा अदालतले निषेधाज्ञाको रोहबाट फैसला गर्दा सम्बन्धित निकायको अधिकार क्षेत्रमा हस्तक्षेप हुन जाने र न्यायको मान्य सिद्धान्तसमेत विपरीतको कार्य हुने हुँदा पुनरावेदन अदालत जनकपुरबाट रिट निवेदन खारेज हुने ठहऱ्याई भएको फैसला अन्यथा देखिएन । सो फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल असोज २३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७३-CI-१६३९, अंश चलन, *सम्झना सम्वाहाम्फे वि. जगदीश सम्वाहाम्फेसमेत*

कि.नं. ३५५को जग्गा साबिकमा यिनै वादी प्रतिवादीहरूका एकासगोलका अंशियारमध्येकै लिलाकुमारका नाउँबाट निजका आफ्नै एकासगोलका दाजु नाताका यी वादी जगदीश सम्वाहाम्फेका नाउँमा आई निजबाट एकासगोलकी श्रीमती यी पुनरावेदक प्रतिवादी सम्झना मोक्तानका नाउँमा प्राप्त हुन आएको देखिएबाट सगोलको अंशियारको नाउँमा रहेको सम्पत्ति सगोलकै अंशियारका नाउँमा हस्तान्तरण हुन आएको अवस्था देखिन आएको हुँदा यी पुनरावेदक प्रतिवादी सम्झना मोक्तानका नाउँमा प्राप्त हुन आउँदाका अवस्थामा निजले आफ्ना एकासगोलमा रहेका पतिका नाउँबाट प्राप्त गरेको अवस्था हुँदा निज एकाघरका पति पत्नीका बिच साहू आसामीसरह मूल्य तिरी खरिद

बिक्रीको व्यवहार भए गरेको हो भनी मान्न मिल्ने अवस्था नदेखिएकोले सो घरजग्गा यी पुनरावेदक प्रतिवादी सम्झना मोक्तानको नाउँमा कायम रहेकै आधारमा मात्र सो घरजग्गामा यी वादी तथा निजका एकासगोलका अन्य अंशियारहरूको अंश हक निहित रहेको छैन भनी मान्न मिल्ने अवस्था नदेखिने।

सुरू अदालतबाट मिति २०७१।०१।१६ मा भएको आदेशबमोजिम यी पुनरावेदक प्रतिवादी सम्झना मोक्तानका नाउँमा कुमारी बैंक लिमिटेडको मिति २०७१।२।२ को पत्रबाट रोक्का रहेको रू.६,५२,२९३।- रकम निज पुनरावेदक प्रतिवादीले आफ्नो आयआर्जनको यो स्रोतबाट जम्मा गरेको रकम हो भनी स्रोत पुष्टि हुने प्रमाणसहित जिकिर लिन सकेको नदेखिएको र यिनै पुनरावेदक प्रतिवादीले यी प्रत्यर्थी वादीउपर सुरू अदालतसमक्ष आफैँले माना चामल मुद्दामा दायर गरेको फिरादपत्रमा निजको आफ्नै आयको स्रोत नरहेको, पतिले ब्रिटिस आर्मीको पेन्सन आफ्नो खातामा जम्मा हुने प्रबन्ध मिलाएकोले सोही रकमले घर व्यवहार गरी आएको भन्ने बेहोरा उल्लेख गरेको देखिन आएबाट उक्त रकमलाई यी पुनरावेदक प्रतिवादीको निजी चल सम्पत्तिका रूपमा स्वीकार गर्न सकिने अवस्थासमेत देखिन नआउने।

पुनरावेदक प्रतिवादी सम्झना मोक्तानको नाउँमा कायम रहेको काठमाडौं महानगरपालिका वडा नं.१० को कि.नं.३५५ को घर जग्गा तथा यी पुनरावेदक प्रतिवादी सम्झना मोक्तानका नाउँमा कुमारी बैंक लिमिटेडको मिति २०७१।२।२ को पत्रबाट रोक्का रहेको रू.६,५२,२९३।- रकम बन्डा नलाग्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।०२।२४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिएको हुँदा सुरू जिल्ला अदालतबाट भएको सो फैसला केही उल्टी गरी उक्त कि.नं.३५५ को घरजग्गा तथा उक्त नगदसमेत बन्डा लाग्ने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।५।१६ मा भएको फैसला मिलेकै देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रस्तुत मुद्दामा प्रतिवादी सम्झना मोक्तानको नाउँमा कायम रहेको काठमाडौं महानगरपालिका वडा नं.१० को कि.नं.३५५ को घर जग्गा तथा यी पुनरावेदक प्रतिवादी सम्झना मोक्तानका नाउँमा कुमारी बैंक लिमिटेडमा रहेको नगद रू.६,५२,२९३।- रकम बन्डा नलाग्ने भनी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।०२।२४ मा भएको सो हदसम्मको फैसला उल्टी गरी उक्त कि.नं.३५५ को घरजग्गा तथा उक्त नगदसमेत बन्डा लाग्ने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।५।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल मङ्सिर १ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-०८८१, ७ नं. फाँटवारी छानबिन, *राजेन्द्रकृष्ण श्रेष्ठ वि. भूमिसुधार कार्यालय, भक्तपुर*

भूमिसम्बन्धी ऐन, २०२१ को (पाँचौं संशोधन) लागू हुने मिति २०५८।१०।२५ सम्ममा १६ वर्ष उमेर पुगेका मेरो छोरा रिजेन्द्र श्रेष्ठलाई समेत उक्त ऐनको दफा ७ बमोजिम जग्गा हदबन्दी प्रयोजनको लागि १(एक) परिवार कायम गरी म निवेदकको एकासगोलमा रहेका अंशियारहरूलाई हदबन्दी प्रयोजनको लागि ३(तीन) परिवार कायम गरी जम्मा परिवार सङ्ख्या ३४ कायम गरिपाउँ भनी पुनरावेदन जिकिर लिने यी पुनरावेदकलाई प्रस्तुत मुद्दामा प्रतिवादी कायम गरिएकोसमेत नदेखिएको र अनुसन्धानका क्रममा सुरू भूमिसुधार कार्यालय, भक्तपुरबाट अ.बं.१३९ नं. बमोजिम झिकाई बुझी निजलाई प्रस्तुत मुद्दामा प्रतिवादीसरह कायम गरिएको भन्नेसमेत देखिन नआउने।

पुनरावेदकले आफ्नै हकमा पुनरावेदन गर्नु परेको भनी प्रस्तुत पुनरावेदन जिकिरमा उल्लेख

गरेको देखिए तापनि आफ्नो छोरा रिजेन्द्र श्रेष्ठको उमेर पुगिसकेकै कारणले निज छोराले पनि पारिवारिक सङ्ख्याको हैसियत राख्न सक्ने अवस्थामा रहेको छ भनी निज छोरालाई उक्त पारिवारिक सङ्ख्याको हैसियतमा हकदार रहेको भनी सूक्ष्म रूपमा निज छोरा रिजेन्द्र श्रेष्ठकै हकमा पुनरावेदन दायर गरेको भन्ने देखिन आएको छ । निजको छोरा रिजेन्द्र श्रेष्ठ २०५८।१०।२५ मा नै १६ वर्ष पुगिसकेको भन्ने देखिएको अवस्थामा यी पुनरावेदकले निज छोराको हकमा पुनरावेदन दर्ता गर्न अड्डाको कुनै अनुमति प्राप्त गरेको पनि नदेखिने ।

नालिस पुनरावेदन दर्ता हुन नसक्ने देखिएमा उसै बखत फिर्ता नगरी अड्डाबाट दर्ता भएपछि खारेज हुने भएकोमा खारेज गर्न सकिने भनी मुलुकी ऐन, अ.बं. १८० नं. मा कानूनी व्यवस्थासमेत रहेको देखिएबाट यी पुनरावेदकको पुनरावेदनपत्र खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको उक्त फैसला मनासिब रहेको देखिन आउने ।

तसर्थ, प्रस्तुत मुद्दामा सुरू भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०६७।७।१८ मा भएको निर्णयमा आफ्नो चित्त बुझेन भनी १६ वर्ष उमेर पुगेको छोराको हकमा यी पुनरावेदकलाई पुनरावेदन गर्ने हकदैया नै नरहेको र उक्त मुद्दामा यी पुनरावेदक वादी वा प्रतिवादी नै नरहेबाट पक्ष नै नभएको व्यक्तिले पुनरावेदन गर्न पाउने व्यवस्था नरहेको हुँदा निजको पुनरावेदनपत्र खारेज हुने भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-१००२, उत्प्रेषण/परमादेश, *दिनेश ठाकुर लोहार वि. मेही ठाकुर लोहारसमेत*

निवेदकले विपक्षी दाजु मेही ठाकुरले लिए खाएको ऋण रकममा आफ्नो अंश हक लाग्ने जग्गा लिलाम हुनुपर्ने होइन भन्ने जिकिर लिने यी निवेदक र विपक्षी मेही ठाकुर लोहारसमेतउपर ज्योतिलाल ठाकुरले सुरू बारा जिल्ला अदालतमा अंश मुद्दा दायर गर्नुअगावै उक्त लेनदेनको बिगो भराइ पाउँ भनी सोही अदालतमा दरखास्त दिइसकेको अवस्था रहेको देखिन्छ । सोही लेनदेन मुद्दाका वादी उमेशकुमार सिंह तथा उक्त बिगो भरी भराउको क्रममा उक्त जग्गाको लिलाम सकार गर्ने व्यक्ति श्यामसुन्दर प्रसाद जयसवाललाई प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएकोसमेत देखिँदैन । उक्त लेनदेन मुद्दाबाट वादीले भरी पाउने ठहरेको बिगो रकमका हकमा उक्त फैसला कार्यान्वयनको लागि निजै ऋणीका नाउँमा दर्ता कायम रहेको उक्त कि.नं.५७५ को जग्गाबाट बिगो असुलउपर गर्ने क्रममा मिति २०७२।२।११ मा जायजात तायदात मुचुल्का र मिति २०७२।३।१३ मा पञ्चकिर्ते मूल्याङ्कन मुचुल्का भई मिति २०७२।१२।२४ मा लिलाम गर्नेसमेतको कार्य सम्पन्न भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदनमा निवेदकको निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-११५४, उत्प्रेषण, *कमलादेवी गुप्ता वि. तिलकराम पुरीसमेत*

निवेदिकाका पति वंशिधर गुप्ताको नाउँमा रहेको कि.नं.९१९, कि.नं.५४५ र कि.नं.५४६ को जग्गाबाट उक्त लेनदेनको बिगो असुल गर्ने गरी भएका लिलाम प्रक्रियाको क्रममा मिति २०७४।४।१९ मा डाक लिलाम गर्ने गरी सूचना प्रकाशित गरिएको कार्य लेनदेन मुद्दाको अन्तिम फैसलाबमोजिमको बिगो भराउने कार्यको अन्तिम चरणको प्रक्रियामा रहेको भनी विपक्षीहरूले आफ्नो लिखित जवाफको

बेहोरामा उल्लेख गरेको देखिएबाट उक्त डाक लिलाम सूचनापूर्वका प्रक्रियाहरूमा जायजात तायदात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कनसमेतमा के, कस्ता कानूनी त्रुटि रहे, भएको हो भन्ने सम्बन्धमा निवेदिकाले प्रस्तुत रिट निवेदनमा स्पष्ट उल्लेख गर्न सकेको नपाइने।

लेनदेन मुद्दामा भएको अन्तिम फैसलाबमोजिम सोही फैसला कार्यान्वयनको क्रममा परेको निवेदनमा विपक्षीले बिगो भरी भराउको लागि दिएको निवेदनमा आफ्नो नाउँमा रहेको सम्पत्तिबाट विपक्षीको बिगो असुलउपर नगरियोस् भनी यी निवेदिकाले नै सुरू जिल्ला अदालतसमक्ष दिएको उजुरी निवेदनमा निजले लिएको जिकिरबमोजिम निजको पतिका नाउँमा रहेको सम्पत्तिबाट असुल नहुने भएमा मात्र यी निवेदिकाको नाउँ दर्ताको जग्गाबाट असुलउपर गर्नु भनी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।५।१७ मा भएको आदेशानुसार यी निवेदिकाको पति वंशिधर गुप्ताको नाउँमा दर्ता रहेको कि.नं.९१९, ५४५ र ५४६को जग्गाबाट उक्त बिगो भरी भराउको लागि डाक लिलाम बढाबढ हुने भनी उक्त डाक लिलामको सूचनामा उल्लेख गरिएको देखियो । सोही डाक लिलामको सूचनामा उल्लेख गरिएबमोजिम मिति २०७४।४।१९ को डाक लिलामको कार्य सम्पन्न भइसकेको भनी विपक्षी दाङ देउखुरी जिल्ला अदालतको लिखित जवाफबाट समेत देखिन आएको हुँदा कानूनबमोजिम गरिएको उक्त डाक लिलामको लागि सूचना प्रकाशित भए गरिएका उक्त कार्यसमेतले यी निवेदिकाको हकमा कुनै संवैधानिक एवम् कानूनी तथा साम्पत्तिक हक अधिकारमा असर पुग्न गएको अवस्था नदेखिने।

लिलामी प्रक्रियाका जायजात तायदात मुचुल्का, पञ्चकिर्ते मूल्याङ्कनमा यो यो प्रकारको कानूनी त्रुटि रहेको भन्नेसमेत निवेदिकाले देखाउन नसकेकाले कानूनबमोजिम भएका त्यस्ता प्रक्रियाहरूको सम्बन्धमा अन्यथा मान्नु पर्ने देखिएन। यसरी लेनदेन मुद्दामा भएको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनको सन्दर्भमा वैकल्पिक उपचारको मार्ग अवलम्बन गरी सोबाट पनि आफूले खोजेको कुरा प्राप्त नसकेपछि यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी निवेदिका यस अदालतमा प्रवेश गरेको देखिने।

तसर्थ, यी निवेदिकाका पति वंशिधर गुप्ताउपर परेको लेनदेन मुद्दामा भएको अन्तिम फैसलाबमोजिम बिगो भरिभराउको निमित्त परेको सो फैसला कार्यान्वयनतर्फको निवेदनमा निवेदिकाका पतिको नाउँ दर्ताको जग्गाबाट लेनदेनको बिगो असुलउपर गर्ने क्रममा सो बिगो मुद्दामा गरिएको जायजात तायदात मुचुल्का तथा पञ्चकिर्ते मूल्याङ्कनसमेतका प्रक्रियामा कुनै कानूनी त्रुटि रहेको भन्ने नदेखिएको र उक्त बिगो मुद्दामा गर्न लागिएको लिलाम बढाबढको कार्यलाई अगाडि नबढाउनु भन्नेसमेतको प्रस्तुत रिट निवेदनमा माग गरिएबमोजिमका आदेश जारी गर्नुपर्ने अवस्थासमेत विद्यमान नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७४-WO-००३३, उत्प्रेषण / परमादेश, *वंशीधर गुप्ता वि. सुभद्रापुरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०७५८, जबरजस्ती करणी, *नेपाल सरकार वि. भोटे भन्ने सर्णकुमार लिम्बू*

वादी नेपाल सरकारको पुनरावेदन जिकिरमा पीडिता सुस्तमनस्थितिकी रहेकी र निजसँग महिला विकास कार्यालयले जारी गरेको अपाङ्गता परिचयपत्र रहेको भनी उल्लेख भए तापनि पीडिता अन्य सामान्य व्यक्तिहरूसरह हिँड्डुल गर्न सक्ने, अरूले बोलेको बुझ्न सक्ने र निजले बोलेको पनि अरूले बुझ्न सक्ने भन्ने कुरा निजले कसैको सहायताबिना अनुसन्धान अधिकृत र अदालतसमक्ष गरेको बयानसमेतबाट देखिन्छ । निज पीडिता आफ्नो बचाउ गर्न असक्षम

रहेकी भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिएन । निजले घटना विवरण कागज गर्दा सविस्तार सम्पूर्ण घटनाक्रमहरू बताएको पाइन्छ । सो कागजमा निज प्रतिवादीले आफूलाई ललाई फकाई, डर धम्की देखाई, प्रलोभनमा वा करकापमा पारी करणी गरेको भनी लेखाइदिएको पनि नपाइने।

साक्षीहरू P-३ र P-४ ले मौकामा गरेको कागज र अदालतसमक्ष गरेको बकपत्रमा पीडिता P-२ लाई खोज्न जाँदा वारदातस्थलनेर पुग्दा गुनगुन आवाज आएकोले सो ठाउँमा टर्च बाली हेर्दा प्रतिवादीले पीडितालाई करणी गरिरहेको देखेको र हामीलाई देख्नासाथ निज प्रतिवादी पाइन्ट समातेर त्यहाँबाट भागेर गएको भनी उल्लेख गरेको पाइन्छ । तर, निजहरूले आफ्नो बयानमा प्रतिवादीले पीडितालाई करणी गर्दा पीडिताको हात खुट्टा समातेको वा बाँधेको वा मुख थुनेको वा अरू कुनै किसिमको डरत्रास देखाएको र पीडिता आफ्नो बचाउको लागि प्रतिवादीसँग संघर्ष गरिरहेको अवस्थामा फेला परेको भन्ने उल्लेख गर्न नसकेको अवस्थामा निज प्रतिवादीले पीडितालाई उनको मन्जुरीबेगर जोरजुलुममा पारी आरोपित कसुर गरेकै हो भन्ने तथ्यलाई स्थापित गर्न सकेको नपाइने।

तसर्थ, प्रस्तुत मुद्दामा प्रतिवादीले पीडितालाई डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी करणी गरेको देखिन आएन । मानसिक रूपमा स्वस्थ रहेकी यी पीडिताले प्रतिकार गर्न सक्षम हुँदाहुँदै कुनै किसिमको प्रतिकार नगरी करणीमा सहभागी भएको देखिन आएकोले पुनरावेदन अदालत इलामले झापा जिल्ला अदालतबाट प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद भई पीडिता अपाङ्ग देखिएको हुँदा थप पाँच वर्ष कैद हुने र सोही महलको १० नं. बमोजिम रू.१०,०००।– (दश हजार) प्रतिवादीबाट पीडितालाई भराई दिने गरी भएको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी गरेको फैसला मिलेकै देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी भोटे भन्ने सर्णकुमार लिम्बूलाई जबरजस्ती करणीको अभियोगबाट सफाइ दिने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७२।१०।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल साउन १४ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०९७९, जबरजस्ती करणी र हाडनाता करणी, *नेपाल सरकार वि. हरिकृष्ण बराल*

अंश छुट्याउने र सम्पत्ति चाँडै पाइन्छ भनेको र बुबाले सबै सम्पत्ति कान्छी आमालाई दिने हल्ला सुनेर अरूको कुरामा विश्वास गरी नपढी उजुरीमा सही गरेको हुँ भनी जाहेरी दरखास्तको बेहोरालाई खण्डन गरी पीडिताले अदालतसमक्ष बकपत्र गरिदिएकी छिन्। प्रतिवादी बैनी कालिमाटी “आ” लाई जबरजस्ती करणी गरेकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोराको मौकामा कागज गर्ने प्रतिमा बरालसमेतले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्न सकेको देखिँदैन । मौकाको कागज बेहोरालाई अदालतसमक्ष उपस्थित भई बकपत्र नगरेसम्म उक्त कागज बेहोरालाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्दैन । प्रतिवादीका साक्षी बलबहादुर तामाङ र केशवप्रसाद अधिकारी तथा वीरेन्द्रकुमार मानन्धरले हरिकृष्ण बरालले कुनै किसिमको अनुचित कार्य गरेका छैनन् । निज निर्दोष छन् भनी बकपत्र गरिदिएका छन्। प्रतिवादीले पीडितउपर जबरजस्ती करणी उद्योग गर्दा गरेको क्रियाकलाप सम्बन्धमा वादी पक्षबाट कुनै ठोस स्वतन्त्र प्रमाण प्रस्तुत गरी अभियोगदाबी पुष्टि गर्न सकेको नदेखिँदा फौजदारी कसुरमा प्रतिवादीउपरको कसुर स्वतन्त्र प्रमाणहरूद्वारा शङ्कारहित तवरबाट वादी पक्षले पुष्टि गर्नुपर्ने भन्ने फौजदारी कानूनको आधारभूत सिद्धान्तसमेतका आधारमा दाबीबमोजिम

सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित तथ्य तथा विवेचित आधार कारणबाट प्रतिवादीले कसुरमा इन्कार रही अनुसन्धान र अदालतमा गरेको बयान, उजुरी बहकाउमा दिएकी हुँ भनी पीडितले सुरू अदालतमा दिएको निवेदन बेहोरा र सोहीबमोजिमको बकपत्र, पीडितको कन्याजाली नच्यातिएको र स्वास्थ्य अवस्था सामान्य रहेको भन्ने पीडितको स्वास्थ्य जाँच गर्ने विशेषज्ञको बकपत्र, प्रतिवादीका साक्षीहरूले निज निर्दोष छन् भनी गरेको बकपत्रसमेतका आधारमा प्रतिवादी हरिकृष्ण बराललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको उद्योगको कसुरमा सोही महलको ३(२) नं. बमोजिम हुने अधिकतम सजाय १२ वर्ष कैदको आधीले हुने ६(छ) वर्ष कैदको सजाय हुने ठहर्‍याई भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।६।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ ३१ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०२३३, उत्प्रेषण/परमादेश, *उर्मिला देवी यादव वि. पुनरावेदन अदालत जनकपुरसमेत*

विपक्षीहरूमध्येकी रामवतिया देवीले यी निवेदकबाट लिएको उक्त कर्जा लेनदेनको रकमका सम्बन्धमा विपक्षी सर्लाही जिल्ला अदालतसमक्ष लेनदेन मुद्दा दायर गरी सोही लेनदेन मुद्दामा निज ऋणीका नाउँमा तत्काल दर्ता कायम रहेको जग्गाहरू रोक्का राखिपाउँ भनी यी निवेदकले सोही लेनदेन मुद्दामा कानूनबमोजिम निवेदन दिई उक्त अदालतबाट ऋणीका नाउँमा रहेको उक्त जग्गाहरू तत्काल रोक्का राखिदिने गरी आदेश भइरहेको अवस्थामा विपक्षी ऋणीका अंशियारहरूले दायर गरेको उक्त अंश मुद्दामा सोही लेनदेन मुद्दाबाट रोक्का राखिएका जग्गाहरू नै बन्डाको रूपमा लिनेदिने गरी मिलापत्र गर्दैमा सो लेनदेन मुद्दाका ऋणी र धनीका बिचमा भएको लेनदेनको कारोबारलाई सुरक्षणबापत अदालतको आदेशले रोक्का राखिएको कार्यलाई शून्यमा परिणत गर्ने गरी ऋणीका नाउँको उक्त सम्पत्ति अंश मुद्दाबाट हस्तान्तरण हुने गरी गरिएको मिलापत्रको आधारमा मात्र सो जग्गा फुकुवा गरिदिँदा धनीले राखेको सुरक्षण नै हरण हुन जानेतर्फ पुनरावेदन अदालत जनकपुरबाट भएको उक्त मिति २०७३।२।२४ को आदेशमा गम्भीर रूपमा हेरिएको नदेखिने।

विपक्षीहरूमध्येका झिंगुर राय र कोपिन्द्र रायले विपक्षी रामवतिया देवीउपर दायर गरेको अंश मुद्दामा आपसमा अंशहक लिनुदिनु गरी मिलापत्र गर्दा निजै विपक्षीमध्येका रामवतिया देवीका नाउँमा दर्ता कायम रहेका जग्गा सम्पत्तिबाहेक अन्य कुनै सम्पत्ति लिनुदिनु गरी मिलापत्र गरेको देखिँदैन। निज रामवतिया देवीका नाउँको उक्त सम्पत्ति सो लेनदेन मुद्दाबाट पूर्ववत् रोक्का रहिरहेको अवस्थामा नै सोही रोक्का रहेका जग्गा लिनुदिनु गरी आपसमा मिलापत्र गर्दैमा एवम् उक्त मिलापत्रमा उल्लेख गरिएकै आधारमा सो रोक्का राखिएका जग्गाहरू फुकुवा गरिपाउँ भनी दिएको निवेदनमा उक्त लेनदेन मुद्दाको जरियाको लिखत कपाली तमसुकमा अन्य अंशियारहरू साक्षीमा नबसेको भनी सो साम्पत्तिक हैसियत रहेकी विपक्षी रामवतिया देवीले गरेको भनिएको उक्त कपाली तमसुक लिखतको हैसियतमाथि उक्त रोक्का फुकुवाको लागि परेको निवेदनबाट विवेचना हुनसक्ने अवस्था नदेखिने।

यिनै निवेदकले दायर गरेको सोही लेनदेन मुद्दाबाट पूर्ववत् रोक्का रहिरहेका जग्गाहरू आपसमा लिनुदिनु गरी मिलापत्र गरेकोले यिनै निवेदकले सो मिलापत्र बदर गरिपाउँ भनी दायर गरेको उक्त मुद्दा तथा यिनै निवेदकउपर सोही लेनदेन मुद्दाको जरियाको

रूपमा रहेको कपाली तमसुक लिखतका सम्बन्धमा दायर भएको करकाप मुद्दाहरूसमेत विचाराधीन रही सो मुद्दाहरूमा ठहरेबमोजिम हुनसक्ने नै देखिन्छ । सोही विवादित मिलापत्रका आधारमा उक्त रोक्का रहेको जग्गा फुकुवा गरिदिँदा उक्त लेनदेन मुद्दामा रोक्का राख्ने प्रयोजनका लागि मुलुकी ऐन, अ.बं.१७१क नं.बमोजिम गरिएको रोक्का आदेशको औचित्य नै समाप्त हुन गई यी निवेदकको कानूनी हक अधिकार नै कुण्ठित हुन पुगेको देखिएकोले विपक्षी सर्लाही जिल्ला अदालतबाट मिति २०७२।३।२८ मा "फुकुवा गर्न मिलेन" भनी गरिएको कानूनसम्मत आदेशलाई बदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।२।२४ मा भएको आदेश न्यायोचित र कानूनसम्मत रहेको नदेखिने ।

अतः विवेचित आधार, प्रमाणसमेतबाट विपक्षी सर्लाही जिल्ला अदालतबाट फुकुवा गर्न मिलेन भनी मिति २०७२।३।२८ मा भएको आदेशलाई बदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।२।२४ मा भएको आदेश कानूनसम्मत रहेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । सर्लाही जिल्ला अदालतको मिति २०७१।८।२२ गतेको जग्गा रोक्का राख्ने आदेशलाई कायम राखी जग्गा फुकुवा गर्न मिलेन भनी सर्लाही जिल्ला अदालतबाट मिति २०७२।३।२८ मा भएको आदेशलाई यथावत् कायम राख्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०२७९, निषेधाज्ञा, *ज्ञानदा एकेडेमी प्रा.लि.समेत वि. मुन्नाप्रसाद सेनुरिया बानिया*

आफ्नो स्वामित्वमा रहेको जग्गामा गरिने निर्माण कार्यले अन्य व्यक्तिको हकाधिकारमा असर पार्नु हुँदैन । पुनरावेदक / विपक्षी विद्यालयको नाउँमा रहेको जग्गामा कानूनबमोजिम प्रक्रिया पूरा गरी भौतिक संरचनाहरू निर्माण गर्न विपक्षी विद्यालय स्वतन्त्र रहेजस्तै निवेदकको नाउँमा दर्ता रहेको कि.नं.११० र १०२६ को जग्गा निर्वाध रूपमा भोगचलन गर्न निवेदक पनि स्वतन्त्र रहेको मान्नु पर्छ । निवेदकको नाउँमा दर्ता रहेको उल्लिखित जग्गा विपक्षी विद्यालयले निर्माण गर्न लागेको कम्पाउण्डवालको भित्र पर्ने तथ्य नापीको नक्साबाट देखिनुका साथै जग्गाको भौतिक अवस्थाबाट पनि प्रस्ट हुन्छ । विपक्षीको लिखित जवाफमा निवेदकको जग्गामा आउने जाने निकास नै नभएको भन्ने उल्लेख भएकोले निवेदकको जग्गा विपक्षी विद्यालयले निर्माण गर्न लागेको कम्पाउण्डवालभित्र पर्ने कुरामा विवाद रहेन । विपक्षी विद्यालयले लगाएको कम्पाउण्डवालभित्र निवेदकको उल्लिखित जग्गा परी सो जग्गामा आवतजावत गर्ने निकास बन्द भएको खण्डमा संविधानले प्रत्याभूत गरेको निवेदकको सम्पत्तिको हकमा प्रत्यक्ष असर पर्न जाने देखिन्छ । विद्यालय आफ्नो नाउँको जग्गामा निर्माण कार्य गर्न र भोगचलन गर्न स्वतन्त्र रहेजस्तै निवेदकले पनि आफ्नो नाउँको जग्गा स्वतन्त्र रूपमा भोगचलन गर्न पाउनु पर्ने हुन्छ । विपक्षी विद्यालयले निर्माण गर्न लागेको कम्पाउण्डवालभित्र पर्ने निवेदकको जग्गाको भोगचलनमा असर पर्ने गरी निवेदकको निकास बाटो नरोक्नु भनी पुनरावेदन अदालत हेटौंडाबाट जारी भएको निषेधाज्ञाको आदेश अन्यथा देखिन नआउने ।

तसर्थ निवेदकको कि.नं.११० र १०२६ को जग्गा निवेदकले निर्बाध रूपमा भोगचलन गर्न पाउनु पर्ने हुँदा सो जग्गामा आउने जाने निकास बाटो नरोक्नु र नरोकिने गरी मात्र कम्पाउण्डवाल लगाउनु र निवेदकको निकास रोकिने गरी निर्माण कार्य नगर्नु भनी यी पुनरावेदक / विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई मिति २०७०।१०।०८ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको आदेश मिलेकै

देखिँदा सदर हुने ।
इजलास अधिकृत: हिरामाया अवाल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०६६३, परमादेश, *शिवराम यादवसमेत वि. मालपोत कार्यालय, सर्लाहीसमेत*

निवेदकहरूको भोगमा रहेको भनिएको कि.नं.३३ को १२-१६-५ जग्गा निजहरूको नाउँमा दर्ता रहेको र सो जग्गाको तिरो तिरी भोगचलन गरेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिँदैन । सर्वोच्च अदालतको फैसलाको आधारमा निवेदकले दाबी गरेको जग्गा तत्कालीन भूमि प्रशासन कार्यालय, सर्लाहीबाट मिति २०२७।१०।२ मा भएको निर्णयबाट ढुण्डीराज उपाध्याय र हरिनाथ उपाध्यायको संयुक्त नाउँमा दर्ता स्रेस्ता कायम रहेको भन्ने देखिन्छ । यी निवेदकले भूमि प्रशासन कार्यालयले ढुण्डीराज उपाध्याय र हरिनाथ उपाध्यायको नाउँमा दर्ता गर्ने गरेको निर्णयउपर दर्ता बदर गरी हक कायम गरिपाउँ भनी साधिकार निकायमा दाबी गरी आफ्नो हक कायम गराएको देखिँदैन । तत्कालीन भूमि प्रशासन कार्यालयले ढुण्डीराज उपाध्यायसमेतको नाउँमा जग्गा दर्ता गर्ने गरेको निर्णय बदर गरी आफ्नो नाउँमा दर्ता गरी ज.ध.प्रमाण पुर्जा पाउन जनकपुर अञ्चलाधीश कार्यालयमा पुनरावेदन गरेकोमा सोउपर जनकपुर अञ्चलाधीश कार्यालयबाट मिति २०३६।४।३० मा बढ जग्गाको दर्ता बदर गरे पनि उक्त कि.नं. ३३ को जग्गामा निवेदकहरूको हक कायम गरी दर्ता गरी ज.ध.प्रमाण पुर्जा दिनु भन्ने निर्णय भएको मिसिल संलग्न रहेको उक्त अञ्चलाधीशको कार्यालयको फैसलाको प्रतिलिपिबाट देखिँदैन । निवेदकहरूको नाउँमा हक कायम नै हुन नसकेको जग्गामा रिट क्षेत्रबाट दर्ता सम्बन्धमा आदेश गर्ने अवस्था देखिन नआउने ।

अतः विवेचित आधार र कारणहरूबाट निवेदकहरूले हक कायम नै नभएको जग्गाको विषयमा अञ्चलाधीश कार्यालयको मिति २०३६।४।३० को फैसला र सो कार्यालयको मिति २०४४।४।२५ को पत्रबमोजिम करिब २५ वर्षपछि प्रस्तुत निवेदन दायर भएको देखिँदा विलम्बको सिद्धान्त (Principle of laches) को आधारमा समेत निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।३।१० को आदेश मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत: हिरा माया अवाल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-CR-००९१, कर्तव्य ज्यान, *भक्तबहादुर खड्का वि. नेपाल सरकार*

प्रतिवादी भक्तबहादुर खड्काले अदालतमा बयान गर्दा मेरो श्रीमती विमला खत्रीसँगको सम्बन्ध पनि मृतकले बिगारी दिएको र मैले प्रेम गरिरहेको कल्पना शाहीसँग समेत मेरो नराम्रो कुरा गरी सम्बन्ध स्थापित हुन नदिएकाले मेरो मनमा नराम्रो भावना जागिरहेको हुँदा मिति २०७३।०१।२० गते मलाई देउता आएको मौकामा बोक्सी आरोप लगाई घाँटी थिचेर मारेको हुँ भनी मृतकलाई कर्तव्य गरी मारेमा साबिती रहेको देखिने ।

प्रतिवादीको साबिती बयान, जाहेरी दरखास्त, शव परीक्षण प्रतिवेदन, मृतकको घाँटी, निधार, पिठ्युँलगायत शरीरका विभिन्न अङ्गहरूमा चोट रहेको भन्ने उल्लेख भएको लास प्रकृति मुचुल्का, मौकामा बुझिएका मानिसहरूले गरेको बकपत्र तथा मिसिल संलग्न रहेका मृतकको फोटोसमेतबाट प्रमाणित भइरहेको छ । पुनरावेदक प्रतिवादीको चोटका कारण मृतकको मृत्यु भएको भन्ने कुरामा विवाद देखिएको छैन । पुनरावेदक प्रतिवादीको कम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा

विचार गरी हेर्दा जाहेरवालासमेतले झारफुकको निहुँ देखाई मृतकलाई कुटपिट गरेको भन्ने बकपत्र गरेको, प्रतिवादीको श्रीमतीसँगको सम्बन्ध बिगारी दिएको, आफूले प्रेम गरिरहेको कल्पना शाहीसँग पनि सम्बन्ध स्थापित हुन बाधा पारेको भन्ने पूर्वरिसइवी लिई मृतकलाई झारफुक गर्न भनी बोलाई देउता आएको बाहना गरी मृतकलाई बोक्सीको आरोप लगाई अमानवीय किसिमले मृतकलाई दाम्लोले बाँधेर कुटपिट गरी घाँटी थिचेर मारेको भनी अदालतसमक्ष यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीलाई समर्थित हुने गरी बयान गरेको देखिएकाले नियोजित तवरबाट विपना खड्कालाई बोलाई आफ्नो पूर्वरिसइवीका कारण निज विपना खड्कालाई कर्तव्य गरी मारेको देखिँदा कम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर मनासिब देखिएन। यसरी तत्काल बहाल रहेको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सुरू जिल्ला अदालतले सर्वस्वसहित जन्मकैद गर्ने गरेको फैसला सदर गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला अन्यथा देखिन नआउने।

अतः उल्लिखित कानूनी व्यवस्था, आधार एवम् कारणहरूबाट यी प्रतिवादी भक्तबहादुर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय (३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर भएको सुरू दैलेख जिल्ला अदालतको मिति २०७३।३।१२ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। कम सजाय हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. मा भएको अंश सर्वस्व गर्ने सजायका हकमा हाल कार्यान्वयनमा रहेको मुलुकी अपराध संहिता ऐन, २०७४ ले हटाएको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्नेछ भन्ने उल्लेख भएको देखिएकाले यी पुनरावेदक प्रतिवादीलाई प्रस्तुत मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय नहुने भई जन्मकैदको सजाय मात्र हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल पुस २२ गते रोज १ मा शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७४-WO-००९३, परमादेश, *आर्यमन सिंहसमेत वि. जिल्ला प्रशासन कार्यालय, रौतहटसमेत*

निवेदकहरू बाबु सत्येन्द्रकुमार सिंह र आमा प्रणिता सिंहको छोराहरू भएकोमा विवाद देखिँदैन। निवेदकहरूकी आमा प्रणिता सिंहले मिति २०४१।१०।८ मा जिल्ला प्रशासन कार्यालय, बाराबाट वंशजको आधारमा ना.प्र.नं. ११२६/१७०८ को नेपाली नागरिकता प्राप्त गरेको देखिन्छ भने बाबु सत्येन्द्रकुमार सिंहले मिति २०६३।१०।२३ मा जन्मको आधारमा ना.प्र.नं. ३३३०५५/१४८० को नेपाली नागरिकता प्राप्त गरेको देखिन्छ। साथै निवेदकका बाबु र आमाबिच मिति २०४६।११।१८ मा विवाह दर्ता ऐन, २०२८ अनुसार विवाह भएको भन्ने कलैया उपमहानगरपालिकाको कार्यालयबाट मिति २०७४।४।१५ (च.नं ७४) मा प्रमाणित गरिएको विवाह दर्ता प्रमाणपत्र मिसिल संलग्न देखिन्छ। निज निवेदकहरूको जन्ममिति २०५८।१०।२८ मा नेपालकै बारा जिल्लामा भएको जन्म दर्ताको प्रमाण पत्रबाट देखिन्छ भने दुर्गा भगवती गाउँपालिकाबाट निवेदकहरूले मिति २०७४।४।१८ (द.नं.६) मा प्राप्त गरेको बसाई सराई दर्ताको प्रमाणपत्रबाट समेत निजहरूको बसाई निवेदनमा उल्लेख गरेकै ठेगानामा रहे भएको प्रस्ट देखिने।

संविधानको धारा ११ को उपधारा (२), (३) को व्यवस्थाको साथै उपधारा (७) को प्रतिबन्धात्मक वाक्यांशले समेत नागरिकता प्राप्त गर्ने व्यक्तिका बाबु

र आमा नागरिकता प्राप्त गर्दाका बखत नेपालका नागरिक रहेछन् भने नेपालमा नै जन्मेको व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने देखिन्छ । नागरिकता प्राप्त गर्न नसक्ने कुनै वस्तुनिष्ठ आधार, कारण नभएसम्म नेपालमा जन्मेको र नागरिकता प्राप्त गर्दाका बखत निजका बाबुआमा नेपाली नागरिक भएमा वंशजको आधारमा नागरिकता प्रदान गर्नलाई संविधानतः इन्कार गर्न मिल्ने नदेखिने ।

सार्वजनिक जवाफदेहिताको पदमा रहने व्यक्तिले प्रचलित संविधान र कानूनबमोजिमको कार्य गर्नुपर्ने कर्तव्य भएको र नेपालको संविधान एवम् नागरिकता ऐन, २०६३ ले नेपालमा जन्मेका कुनै पनि व्यक्ति जन्म हुँदा निजको बाबुआमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने कानूनी व्यवस्था हुँदाहुँदै कानून नभएको कारणले गर्दा नागरिकता प्रमाणपत्र दिन नसकिएको हो, नेपाल सरकारबाट कानून बनेपछि मात्र नागरिकता दिन मिल्ने भनी जिल्ला प्रशासन कार्यालय, रौतहट गौरका तर्फबाट पर्न आएको लिखित जवाफ कानूनसम्मत देखिन आएन । यसरी नै गृह मन्त्रालयबाट पेस भएको लिखित जवाफमा गृह मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी कुनै पनि आदेश, निर्देशन तथा परिपत्र मातहतको निकायलाई नगरिएको भन्ने देखिन आएको अवस्थामा नेपालको संविधान र नागरिकता ऐन, २०६३ को प्रावधानबमोजिम यी निवेदकहरूलाई नागरिकता प्रदान गर्ने भूमिका जिल्ला प्रशासन रौतहट गौरले पूरा गरेको देखिन आएन । मिसिल संलग्न रहेका निवेदकहरूको बाबुआमाको नागरिकता प्रमाणपत्र, विवाहदर्ताको प्रमाणपत्र, निवेदकहरूको जन्मदर्ताको प्रमाणपत्र, बसाई सराई दर्ताको प्रमाणपत्रसमेतका आधारमा निजहरू नेपालको नागरिक रहेभएको तथ्यमा विवाद देखिन नआउने ।

नेपालको संविधान तथा नागरिकता ऐन, २०६३ मा भएको कानूनी व्यवस्थाअनुसार निज निवेदकहरूले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्नसक्ने अवस्थाको विद्यमानता भएकोले कानूनबमोजिमका आवश्यक प्रक्रिया र कागजातसमेत हेरी बुझी सम्बन्धित गाउँपालिकाको कार्यालयले नागरिकताको लागि सिफारिस दिनुपर्ने र सो सिफारिसको आधारमा जिल्ला प्रशासन कार्यालयले निज निवेदकहरूलाई नेपालको संविधान तथा नागरिकता ऐनबमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र दिनुपर्ने देखिन आयो । यस अवस्थामा निवेदकहरू आर्यमन सिंह र सौर्यमन सिंहले तोकेका आवश्यक कागजपत्र तथा प्रक्रिया पुऱ्याई आएमा निजहरूलाई नागरिकता दिन इन्कार, आलटाल गर्नु कानूनसम्मत नहुने हुँदा विपक्षी गृहमन्त्रालयसमेतका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित आधार, कारण एवम् प्रतिपादित कानूनी सिद्धान्तसमेतबाट निवेदकहरूले प्रचलित ऐन, नियमको कार्यविधि पूरा गरी नागरिकता प्रमाणपत्रको लागि सिफारिस माग गरेमा कानूनबमोजिम गरी सिफारिस प्रदान गर्नु भनी विपक्षी दुर्गाभगवती गाउँपालिकाको कार्यालयको नाममा र सो सिफारिसलगायतका अन्य आवश्यक कागजपत्रको आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निज निवेदकहरूलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, रौतहटको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः सरीता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-WO-०६९४, उत्प्रेषण, अमृत श्रेष्ठ वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत

यस अदालतको फैसलाको आधारमा भएको विपक्षी लोक सेवा आयोगको निर्णयअनुसार बढुवा

सिफारिसको नामावलीबाट हटाइएका विपक्षी राजा कर्माचार्यको हकमा बढुवा सिफारिसको तत्कालीन श्री ५ को सरकारले आफूमा निहित कार्यकारिणी अधिकारको प्रयोग गरी विशेष पद सिर्जना गरी राजा कर्माचार्यलाई बढुवा गरेको देखिनुको अतिरिक्त विद्यमान निजामती सेवा नियमावली, २०५० को नियम ८९ ख(१) मा कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पहिले बढुवा भएको निजामती कर्मचारीको बढुवा कायम नहुने भएमा र पहिलेको बढुवा बदर हुने गरी अदालतबाट फैसला भएको मितिका बिचमा अर्को विज्ञापन भएको रहेछ र त्यसरी बढुवा बदर भएको निजामती कर्मचारी उक्त विज्ञापनमा बढुवा हुने अवस्था रहेछ भने त्यसरी बढुवा बदर हुँदा विस्थापित हुने निजामती कर्मचारीलाई रिक्त पद भएमा रिक्त पदमा र पद रिक्त नभएपछि रिक्त हुने सम्बन्धित सेवा, समूहको पदमा मिलान हुने गरी बढुवा नियुक्ति दिइनेछ भन्ने व्यवस्था रहेको र सो निर्णय यथावत् कायम रहेको अवस्थामा तत्कालीन श्री ५ को सरकारबाट सिर्जना भएको विशेष पदलाई गैरकानूनी मान्न मिल्ने अवस्था रहेन । साथै लोक सेवा आयोगबाट भएको मिति २०६९।१२।२ को निर्णय नं.१३३/०६९-०७० मा निज राजा कर्माचार्यलाई मिति २०५८।१०।४ देखि रा.प. द्वितीय श्रेणीको विशेष पदमा पदस्थापना भएको देखिन्छ भने रिट निवेदकको जेष्ठता गणना हुने मिति २०६२।८।२४ देखिएकोले नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूह रा.प. प्रथम श्रेणीको पद १ को कार्यक्षमताको बढुवाको लागि दरखास्त दिने उम्मेदवारमध्ये उल्लिखित कानूनी व्यवस्थाबमोजिम सबैभन्दा बढी अङ्क (९९.०६९१) प्राप्त गर्ने प्रत्यर्थी राजा कर्माचार्यलाई उल्लिखित पदमा बढुवाको लागि गरेको सिफारिसलाई अन्यथा मान्न मिल्ने नदेखिने ।

तत्काल बहाल रहेको नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३५(१) बमोजिम तत्कालीन मन्त्रिपरिषद्ले आफूमा अन्तर्निहित कार्यकारिणी अधिकार प्रयोग गरी निर्णय गरेको देखिएको र विपक्षी राजा कर्माचार्यलाई मन्त्रिपरिषद्ले आफूखुसी बढुवा दिएको नभई भविष्यमा बढुवा व्यवस्थापनमा असर पर्न नदिने मन्त्रिपरिषद्को मिति २०५८।८।१८ को नीतिगत निर्णयको आधारमा आवश्यक अध्ययन छानबिनसमेतको आधारमा आयोगको सिफारिसबमोजिम बढुवा नियुक्ति दिएको पदबाट अर्को पदमा पदस्थापना गरेकोसम्म देखिन्छ । यसप्रकार भविष्यमा बढुवा व्यवस्थापन गर्ने सम्बन्धमा मन्त्रिपरिषद्को नीतिगत निर्णयको आधारमा विशेषपद सिर्जना गरी पदस्थापना गरिएको र विशेष पद सिर्जना गरी बढुवा कायम गर्ने निर्णय प्रत्यर्थी राजा कर्माचार्यको हकमा मात्र प्रथम पटक गरेको नभई निजको हकमा त्यस्तो निर्णय गर्नुभन्दा अघि नै मिति २०५८।८।१८ मा नै मन्त्रिपरिषद्बाट नीतिगत निर्णय भई नेपाल प्रशासन सेवा सामान्य प्रशासन समूहका श्री खडानन्द चौलागाईसमेतका कर्मचारीहरूलाई यस्तै अवस्थामा विशेष पद सिर्जना गरी बढुवा व्यवस्थापन भइसकेको अवस्थासमेत देखिँदा विपक्षी लोक सेवा आयोगको बढुवा सूचना नं.८३/०५१ अनुसार भएको बढुवा सिफारिसको नामावलीबाट हटाइएका विपक्षी राजा कर्माचार्यलाई विशेष पद सिर्जना गरी बढुवाको नियुक्ति दिएको र सो नियुक्तिका विषयमा विवाद नभएको विपक्षी राजा कर्माचार्यलाई बढुवा सिफारिस गरेको निर्णय कानूनसम्मत रहेको देखिनुका साथै विपक्षी राजा कर्माचार्यले मिति २०७३।०५।१२ देखि अनिवार्य अवकाशप्राप्त गरी सकेको देखिएकोसमेत हुँदा रिट निवेदन मागअनुसार गर्न मिल्ने नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज १७ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-CI-०९६०, कम्पनी ऐन,

२०५३ को दफा १३१ बमोजिम उपयुक्त आदेश जारी गरिपाऊँ, *मनोजबहादुर श्रेष्ठ वि. हिमालयन टि कमर्स प्रा.लि. को सञ्चालक सिमितसमेत*

हिमालयन टि कमर्स सञ्चालन गर्नको लागि जारी भएको २ लाख कूल सेयरमध्ये ९० हजार कित्ता प्रतिवादी विजयालक्ष्मी शाहको ११०००० कित्ता सेयर सिग्मा हाइटेक प्रा.लि.को रहेकोमा सोको आधिकारिक प्रतिनिधि प्रतिवादीहरू प्रथम पक्ष र पुनरावेदक वादी दोस्रो पक्ष भई वादी र प्रतिवादीहरूबिच मिति २०५८।२।९ मा करार सम्पन्न भएको देखिन्छ । उक्त करार सम्झौताबमोजिम सिग्मा हाइटेकको सेयरमध्येबाट ३३००० कित्ता र विजयालक्ष्मीको सेयरमध्येबाट २७००० कित्ता गरी जम्मा ६० हजार कित्ता वादीको नाउँमा दर्ता रहेको देखिन्छ । वादीले बैंक अफ काठमाडौंलाई र प्रतिवादीमध्येका रघु शाह र हिमालयन टि कमर्सलाई चेकमार्फत भुक्तानी दिएको भन्ने कुराको तथ्यलाई स्वीकार गरे तापनि रकम फिर्ता पाउने भन्ने कुरालाई इन्कार गरेको देखिन्छ । प्रतिवादीहरू रघु शाह, विजयालक्ष्मी र यी वादी गरी ३ जना सेयरहोल्डर रहेकोमा वादीको ६० हजार कित्ता सेयर मात्र रहेको देखिने ।

वादीले सुरू अदालतसमक्ष दायर गरेको फिरादमा बैंक अफ काठमाडौंमा रहेको ऋण कर्जामध्ये २ करोड आफ्नोआफ्नो नाउँमा कायम रहने सेयर प्रतिशतको अनुपातमा सम्बन्धित पक्षले चुक्ता गरिदिने सो गरेमा सेयर खरिद बिक्रीका सम्बन्धमा बैंक अफ काठमाडौंको आवश्यक सहमति पनि प्राप्त हुने भन्ने उल्लेख भएको देखिन्छ । वादीले सेयरबापतको रू.६० लाख र बैंक अफ काठमाडौंको ऋणकर्जाको ९० लाख गरी १,५०,००,०००।– चेकबाट भुक्तानी गरेको हुँदा आफूले दिएको चेकको प्रतिलिपि संलग्न गरी दाबी लिएको देखिन्छ । प्रतिवादीहरूको प्रतिउत्तर जिकिरलाई हेर्दा सेयरबापत ६० लाख र बैंक अफ काठमाडौंमा वादीले भुक्तानी गरेको रू.९० लाख र बाँकी भुक्तानी गर्नुपर्ने ७२,४२,७९२।– उल्लेख गरेको पाइने ।

वादी र प्रतिवादीहरूबिच सम्पन्न भएको मिति २०५८।२।९ को करार सम्झौतामा बैंक अफ काठमाडौंको ऋण रू.५,४१,४२,६४०।– सेयर खरिद सम्पन्न भएपछि दोस्रो पक्षले उक्त बैंकलाई आफ्नो सेयर अनुपातबमोजिम धितो सुरक्षण उपलब्ध गराउने र कर्जाको सम्बन्धमा सेयरधनीका हैसियतले बराबरी दायित्व रहने भन्ने उल्लेख भएको अवस्थामा आफूले प्राप्त गरेको सेयर अनुपातमा वादीले ऋणको दायित्व बोक्नलाई मन्जुर गरेको देखिने ।

पुनरावेदक वादीले आफूले रू.१,३८,२०,१६६।- नै पाउनु पर्नेमा रू.६०,००,०००।– मात्र भराउने गरी फैसला गरेको हुँदा रू.१,३८,२०,१६६।– नै भराई पाउनको लागि पुनरावेदनपत्र दायर गरेको भए तापनि आफूले यो यस किसिमबाट रू.६०,००,०००।– बाहेक अन्य रकम पनि प्राप्त गर्नुपर्ने हो भनी पुनरावेदनमा उल्लेखसम्म पनि गर्न सकेको पाइएन । यस अवस्थामा प्रत्यर्थी प्रतिवादी कम्पनीको आ.व.२०५७/०५८ को लेखा परीक्षण प्रतिवेदनको Loan and Advances शीर्षकमा पुनरावेदक वादी मनोजबहादुरको नाउँमा रू.६०,००,०००।– देखाइएको र मिति २०६१।८।२१ मा अडिटरले बुझाएको रिपोर्टमा Borrowing शीर्षकमा पनि रू.६०,००,०००।– मनोजबहादुर श्रेष्ठबाट कम्पनीले ऋण लिएको देखाइएको प्रमाणको आधारमा रू.६०,००,०००।- र सोको कानूनबमोजिमको ब्याजसमेत भराइदिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा भन्न नसकिने ।

तसर्थ विवेचित आधार कारणबाट वादी दाबी नपुग्ने ठहऱ्याई भएको काठमाडौं जिल्ला अदालतको मिति २०६३।१०।१५ को फैसला उल्टी गरी रू.६०,००,०००।- र सोको कानूनबमोजिमको ब्याजसमेत भराई दिने गरी पुनरावेदन अदालत

पाटनबाट मिति २०६८।४।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल वैशाख १४ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६८-CI-०९५९, रकम फिर्ता दिलाई पाऊँ, *मनोजबहादुर श्रेष्ठ वि. हिमालयन टि कमर्स प्रा.लि. को सञ्चालक समितिसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-०४६४, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुकबहादुर दमै*

घटनाबाट पीडित 'ख' कुमारीले घटनाको तत्काल पछि गरेको कागजमा लेखाएको बेहोराबाट यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको प्रयास गरेको तर पीडितले प्रतिवादीको हात टोकी दिएको कारण निज प्रतिवादीको पन्जाबाट उम्कन सफल भएको भन्ने कुरा उल्लेख गरी प्रमाण ऐनको दफा १८ बमोजिम मौकाको आफ्नो बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको अवस्था छ। त्यस्तै पीडितका बाबुले मौकाको आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको देखिएकाले जाहेरवालाको भनाइ र पीडितको भनाइलाई प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाअनुसार ठोस प्रमाण मान्नुपर्ने अवस्था देखिन आयो। यस पृष्ठभूमिमा प्रतिवादीले अदालतको बयानमा पीडितउपर जबरजस्ती करणीको प्रयास नगरेको भनी लिएको जिकिरलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन । उल्लिखित अवस्थामा प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको उद्योग गरी जबरजस्ती करणीको महलको १ र ५ नं. को कसुर गरेको पुष्टि हुन आयो। प्रतिवादीउपर आशय करणीको वारदात कायम गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. मा १०(दश) वर्षभन्दा मुनिका बालबालिकालाई जबरजस्ती करणी गर्नेलाई १०(दश) देखि १५(पन्ध्र) वर्षसम्म कैद सजाय हुने व्यवस्था भएकोमा यी प्रतिवादीले ८ वर्षकी बालिकाउपर जबरजस्ती करणीको उद्योग गरेको देखिएकाले सोही महलको ५ नं. को व्यवस्थाले प्रतिवादीलाई जबरजस्ती करणीको ३(१) को सजायको आधा ५ वर्ष कैद हुने देखिन आउने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादी सुकबहादुर दमैले पीडित 'ख' कुमारीलाई आफ्नो घरमा लगी जबरजस्ती करणीको प्रयास गर्दा पीडितले प्रतिवादीको हातमा टोकी दिई वारदातस्थलबाट भाग्न सफल भई जबरजस्ती करणीको उद्योग गरेको तथ्य स्थापित हुन आएकाले प्रस्तुत वारदातलाई आशय करणी ठहर गरेको सुरू तनहुँ जिल्ला अदालतको मिति २०७१।०३।२६ को फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७१।०९।२२ को फैसला त्रुटिपूर्ण देखिएकाले उल्टी भई प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(१) र ५ नं. बमोजिम हुनसक्ने सजायको आधा ५(पाँच) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः मिनु शाही

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६६-WO-०७१९, उत्प्रेषण, *सकलदेव यादव वि. नेपाल विद्युत् प्राधिकरण, के.का. रत्नपार्कसमेत*

नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रमा कम्प्युटर अपरेटर पदमा कार्यरत रहेका बखत निवेदक सकलदेव यादवले विद्युत् महसुलबापतको राजश्व रकम हिनामिना गरेको भन्ने कसुरमा नेपाल विद्युत् प्राधिकरण, कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम १२७(२) को खण्ड (ई) बमोजिम भविष्यमा प्राधिकरणको सेवाको निमित्त अयोग्य नठर्ने

गरी मिति २०६६।६।२७ मा सेवाबाट हटाइएको देखिने।

सोउपर निवेदकले कर्मचारी विनियमावलीले तोकेको विधि तथा प्रक्रिया पूरा नगरी सेवाबाट हटाएको र पूर्वाग्रहीरूपले तयार भएको छानबिन कमिटीको प्रतिवेदनबमोजिम आरोपित रकम मबाट असुलउपर गर्नेगरी भएको निर्णय बदर गरी प्राधिकरणको सेवामा यथावत् कार्यरत रहिपाउँ भनी नेपाल विद्युत् प्राधिकरणको पुनरावलोकन समितिसमक्ष निवेदन दिएकोमा पुनरावलोकन समितिबाट नेपाल विद्युत् प्राधिकरणले मिति २०६६।६।२७ मा भविष्यमा प्राधिकरणको सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाइने गरी भएको निर्णयलाई सदर गरेको देखिने।

प्रस्तुत रिट निवेदनको लगाउमा रहेको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनी यिनै निवेदकलाई प्रतिवादी बनाई दायर गरेको मुद्दामा सुरू विशेष अदालतबाट अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको निर्णयउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन परेकोमा आज यसै इजलासबाट पुनरावेदक प्रतिवादीले सफाइ पाउने ठहर गरी फैसला भएको देखिने।

भ्रष्टाचारको आरोपित कसुरबाट निजले सफाइ पाइसकेको अवस्थामा निज विरूद्ध अब त्यससम्बन्धमा कुनै आरोप बाँकी रहेको अवस्था देखिन्न। भ्रष्टाचारको कसुरबाट सफाइ पाइसकेपछि निजलाई कार्यालयमा हाजिर गराई कामकाज गर्न लगाउने कर्तव्य एवम् दायित्व सम्बन्धित कार्यालयको नै हुन आउँछ। यसरी निवेदकले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको अन्तिम फैसलालाई निवेदकको पक्षमा सम्बन्धित कार्यालयले कार्यान्वयन गर्नुपर्ने।

यस्तो अवस्थामा निवेदकमाथि लगाइएका भ्रष्टाचारसम्बन्धी सम्पूर्ण आरोपबाट सफाइ पाइसकेपछि त्यसको जरियाबाट निवेदकलाई आफू कार्यरत रहेको पदबाट हटाउने गरी भएका सबै काम कारबाहीहरू कानूनतः उपयुक्तसमेत हुने देखिन नआउने।

तसर्थ विवेचित आधार एवम् कारणबाट नेपाल विद्युत् प्राधिकरणको मिति २०६६।६।२७ मा निवेदकलाई सेवाबाट हटाउने गरी भएको निर्णय मिलेको नदेखिँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निवेदकले भ्रष्टाचारसम्बन्धी अभियोग कसुरबाट सफाइ पाइसकेपछि निजलाई साबिक पदमा हाजिर गराई पूर्ववत् रूपमा कामकाज गर्न लगाउने विषय सम्बन्धित कार्यालयको कर्तव्य, दायित्व एवम् क्षेत्राधिकारभित्र नै पर्ने भएकोले यस सम्बन्धमा थप अन्य कुनै आदेश जारी गरिरहनु आवश्यक नपर्ने ।

इजलास अधिकृत: मनिराम ज्ञवाली

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल मङ्सिर २६ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CR-११५७, भ्रष्टाचार (रकम हिनामिना), *सकलदेव यादव वि. नेपाल सरकारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-१७२०, ०७४-CR-०३५२, कर्तव्य ज्यान, *संजीव राईसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सरोज राईसमेत*

वारदात नजिकैको बारीबाट बरामद भएको रगत लागेको हतियार छुरी घटनामा प्रयोग भएको मेरो छुरी हो भनी प्रतिवादी संजीव राईले सनाखतसमेत गरिदिएको देखियो। त्यस्तै यी पुनरावेदक प्रतिवादी विनय राईले मौकामा तथा अदालतसमक्ष बयान गर्दासमेत प्रतिवादी संजीव राईले मृतकको दायाँ तिघ्रामा छुरी प्रहार गरेको र सोही कारणसमेतबाट मृतकको मृत्यु भएको भनी लेखाई दिएको देखिन्छ भने

घटना विवरण कागज गर्ने धनकुमारी राईले मृतकलाई संजीव राईले छुरी प्रहार गरेको भनी लेखाएको र घटना विवरण कागज गर्ने वारदातका प्रत्यक्षदर्शी भोजकुमार राईले मेरो घरअगाडि आँगनमा राति अ.९.०० बजे होहल्ला सुनी हेर्दा मृतक रमेशलाई विनय राईले लाठी प्रहार गर्दै गरेको, सरोज राई र राजकुमार राईले छुट्टाउँदै गरेको देखेको थिएँ, संजीव राईले छुरी लिएर एक्कासी प्रहार गरेपछि मरँमरेँ भन्दै मृतक भुइँमा ढले, गाउँका मानिस आएपछि प्राथमिक उपचार गरायौंसमेत भनी कागज गरिदिएको देखिएबाट समेत यी पुनरावेदक प्रतिवादी संजीव राईले मृतकलाई छुरी प्रहार गरेकोसमेतबाट मृतकको मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादीहरूको मृतकलाई मार्ने पूर्वयोजना तथा पूर्वरिसइवी नभए पनि प्रतिवादी संजीव राईले मृतकलाई छुरी प्रहार गरेको कारण मृतकको मृत्यु भएको तथ्यमा विवाद देखिँदैन । सामान्य समझको जुनसुकै व्यक्तिले पनि मानिसलाई छुरीजस्तो जोखिमी हतियार प्रहार गर्दा त्यसबाट मानिसको मृत्यु हुनसक्छ भन्ने कुराको सहज अनुमान गर्नसक्ने हुन्छ । तसर्थ प्रस्तुत वारदातलाई भवितव्य कायम गरिपाउँ भनी यी पुनरावेदक प्रतिवादी संजीव राईले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) मा रहेको उपर्युक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट प्रतिवादी संजीव राईलाई ऐ. महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरेको मिलेको देखिन आए पनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२), फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ र केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा उपयुक्त व्यवस्था रहेको तथा यही भाद्र १ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा निज प्रतिवादी संजीव राईलाई सर्वश्वको सजाय नहुने।

प्रतिवादी विनय राईले अदालतसमक्ष बयान गर्दा मृतकको कन्चटमा दाउराले प्रहार गरेको कुरामा इन्कार रहेपनि प्रतिवादी संजीव राईको बयानसँग मेल खाने गरी वारदातको अन्य घटनाक्रम सिलसिलेवार रूपमा उल्लेख गरेको देखिन्छ । साथै अन्य प्रतिवादीहरू सरोज राई र गाइने भन्ने राजकुमार राईले समेत मौकामा गरेको बयान मौकामा कागज गर्ने धनकुमारी राई तथा भोजकुमार राईले गरिदिएको मौकाको कागजसमेतबाट यी पुनरावेदकले मृतकलाई लाठीले कुटपिट गरेको देखिँदा यी पुनरावेदक प्रतिवादी विनय राईसमेतको कर्तव्यबाट मृतक रमेश भन्ने रूद्रबहादुर राईको मृत्यु भएको तथ्य पुष्टि हुन आएकोले निजलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) बमोजिम जन्मकैद सजाय हुने ठहर्‍याएको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू गाइने भन्ने राजकुमार राई र सरोज राईलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, कसुरदार ठहर भएका विनय राई र संजीव राईले मौकामा बयान गर्दा हामी चारैजना प्रतिवादीहरूले लात्ता, मुड्कीसमेतले मृतकलाई प्रहार गरेको भनी लेखाएको भएपनि अदालतमा बयान गर्ने क्रममा चारैजना प्रतिवादीहरूको वारदातस्थलमा उपस्थिति रहेको, मृतकसमेत सँगै बसी रक्सी खाएको, मृतकसँग प्रतिवादी विनय राईसमेतको विवाद भई हातपात भएकोमा यी प्रतिवादीहरू गाइने भन्ने राजकुमार राई र सरोज राईले मृतकलाई सम्झाएको भन्नेसमेत लेखाएको देखिन्छ । यी प्रतिवादीहरू गाइने

भन्ने राजकुमार राई र सरोज राईले मौकामा बयान गर्दा मृतकले प्रतिवादीहरूलाई हातपात गरेपछि आफूहरूले पनि लात्ती मुड्कीले मृतकलाई हानेको उल्लेख गर्दै अन्य प्रतिवादीहरूको बयानसँग मिलान हुने गरी घटना बेहोरा लेखाइदिए पनि अदालतमा बयान गर्दा प्रतिवादी विनय राईले दाउराले मृतकको कञ्चटमा हानेको र प्रतिवादी संजीव राईले छुरीले मृतकको तिघ्रामा प्रहार गर्दा बढी रक्तस्राव भई मृतकको मृत्यु भएको भन्ने कुरालाई उल्लेख गरी आफूहरूले मृतकलाई कुटपिट गरेको तथ्यमा भने इन्कार रही बयान गरेको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनबाट cause of death due to by hypovolemic shock secondary to excessive bleeding भन्ने देखिएको अवस्थामा यी प्रतिवादीहरूले प्रहार गरेको लात्ता र मुक्काबाट मृतकको मृत्यु भएको भन्न मिल्ने देखिन आएन । अतः यी प्रतिवादीहरू सरोज राई र गाइने भन्ने राजकुमार राईलाई समेत अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीहरू संजीव राई र विनय राईको मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी तथा मार्ने पूर्वयोजनासमेत रहेको नदेखिएको, मृतक र प्रतिवादीहरूसँगै बसी रक्सी खाएका र तिनीहरूबिच गीत गाउने सम्बन्धमा वादविवाद भई मृतकले समेत हातपात गरेका कारण यी प्रतिवादीहरूले छुरी तथा लाठीले प्रहार गरेका कारण मृतकको मृत्यु भएको देखिएको र यी प्रतिवादीहरूले घटना वारदातको वास्तविक तथ्य अवस्थालाई फरक नपारी आआफ्नो बयान बेहोरामा खुलाई न्याय सम्पादन प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था तथा प्रतिवादीको उमेरसमेतलाई विचार गर्दा प्रतिवादीहरू संजीव राई र विनय राईलाई कैद वर्ष १२ (बाह्र) गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम व्यक्त गरेको राय मनासिब नै देखिन आउने ।

अतः विवेचित आधार र कारणसमेतबाट खोटाङ जिल्ला अदालतबाट प्रतिवादी संजीव राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी विनय राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी सरोज राई र गाइने भन्ने राजकुमार राईलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी भएको खोटाङ जिल्ला अदालतको मिति २०७१।२।३० को फैसला सदर हुने ठहऱ्याई प्रतिवादीहरू संजीव राई र विनय राईलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १२ (बाह्र) गर्न उपयुक्त हुने देखी व्यक्त गरेको रायसहित उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७३।९।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू संजीव राई र विनय राईलाई अ.बं.८८ नं.को रोहमा कैद वर्ष १२ (बाह्र) कायम हुने ।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७५ साल भदौ ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०६९९, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. अफसर अलि मुसलमान*

प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (ङ)(१) बमोजिम १२(बाह्र) वर्ष कैद र ५०,०००।- (पचास हजार) जरिवाना हुने, ऐ.को दफा १७ बमोजिम प्रतिवादी अफसर अलि मुसलमानबाट पीडितले नगद रू.५०,०००।- (पचास हजार रूपैयाँ मात्र) क्षतिपूर्ति भराई पाउने र प्रतिवादीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ को ३ नं. बमोजिम ७ (सात) वर्ष कैद र ५०,०००।- (पचास हजार) जरिवाना हुने सुरू फैसला मिलेकै देखिँदा

सोतर्फ बोलिरहन नपर्ने।

पीडितलाई निजको इच्छाविपरीत शारीरिक सम्पर्क गर्न खोजेको भए निजले आफ्नो बेमन्जुरी प्रकट गर्न सकेसम्म उपाय रचेको हुनुपर्दछ। त्यसो गर्दा लोग्ने मानिसलाई घाउ चोट चिह्न पुर्‍याएको, हो-हल्ला गरी अरूसँग गुहार मागेको, बाधा अवरोधसम्मको केही क्रिया गरी लोग्ने मानिसको काम बासनालाई अर्कोतिर मोडी निजको इन्द्रीय केही क्षणलाई भए पनि निष्क्रिय पारिदिएको अवस्था विद्यमान भएको देखिन जरूरी हुन्छ । मिसिल संलग्न पीडिताको शारीरिक जाँच प्रतिवेदन हेर्दा प्रतिवादी लोग्ने मानिसलाई कुनै चोट पुर्‍याएको देखिँदैन भने पीडिताले कुनै प्रकारको हार गुहारसमेत मागेको देखिन आउँदैन । सो प्रतिवेदनमा पीडितको Hymen intact, no internal injury seen भनी उल्लेख भएको र प्रतिवादीको शारीरिक अवस्थासमेत सामान्य रहेको भनी उल्लेख भएको र पीडिता र प्रतिवादी दुवैको शरीरमा संघर्षको चिह्न कहींकतै नदेखिँदा पीडित 'सी' कुमारीलाई प्रतिवादीले जबरजस्ती करणी नगरी सहमतिमै भएको देखिन आउँछ। तसर्थ प्रतिवादी अफसर अलि मुसलमानलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १ र ३ नं. को देहाय ४ को कसुरमा ऐ. ऐन, महलको ३ नं. को देहाय ४ बमोजिम सजायको मागदाबी लिइएकोमा जबरजस्ती करणी गरेको दाबी स्थापित हुन नसक्ने गरी भएको सुरू फैसलालाई पुनरावेदन अदालत बुटवलले समेत सदर गरेकोमा सो फैसलालाई अन्यथा मान्न मिल्ने अवस्था नदेखिने।

अत: विवेचित आधार प्रमाणसमेतबाट पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभद्रा जि.सी.

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेठ २० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०५४७, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. भीमबहादुर तामाङ*

सुरू जाहेरी, पीडितको प्रमाणित बयान, पीडितको अदालतसमक्षको बकपत्रसमेतबाट वैदेशिक रोजगारको प्रलोभन देखाई जाहेरवाली पीडितलाई विदेश पुर्‍याएको भन्ने देखिन्छ। प्रतिवादी भीमबहादुर तामाङमार्फत जाहेरवालीलाई आशा तामाङको जिम्मा लगाएको कुरा प्रतिवादी भीमबहादुर तामाङले अनुसन्धानका क्रममा पीडित राजकुमारी राई विदेश जाने क्रममा एजेन्ट आशा तामाङ भन्ने महिला एक रात मेरो घरमा बसेको भन्ने बयानसमेतबाट पुष्टि हुन जान्छ। स्वयम् प्रतिवादीको अदालतसमक्षको बयानबाट पनि रू.७,०००।- पीडितलाई सापटी दिएको कुरा खुल्न आएको छ । जसबाट आशा तामाङको जिम्मा लगाई विदेश पठाउने कार्यमा भीमबहादुर तामाङको मिलेमतो (मतियार) को भूमिका रहेको भन्ने देखिने।

तसर्थ, पुनरावेदन अदालत इलामबाट प्रतिवादी भीमबहादुर तामाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरजन्य कार्यको लागि दुरूत्साहन दिनेजस्ता कार्य गरी मतियारको भूमिका निर्वाह गरेको देखिएकोले प्रतिवादी भीमबहादुर तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम हुने १० वर्ष कैद सजायको आधा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद सजाय हुने गरी मिति २०६९।३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

**इजलास नं. ९**

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-०३८८, लागु औषध

खैरो हिरोइन, *नेपाल सरकार वि. रणबहादुर गुरूङ*

प्रतिवादी रणबहादुर गुरूङको हकमा हेर्दा मिति २०६२।११।२१ गते खडा भएको बरामदी मुचुल्कामा प्रत्यर्थी प्रतिवादीको सँगसाथबाट लागु औषध खैरो हिरोइन बरामद भएको देखिँदैन। प्रतिवादी रणबहादुर गुरूङ अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित भएपनि अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। निजको सो इन्कारी बयान निजका साक्षी मनी साहको बकपत्रबाट पनि समर्थित हुन आएको छ। सहअभियुक्त मिना के.सी. ले अदालतमा बयान गर्दा बरामदित लागु औषध बिक्की साहबाट खरिद गरेको भनी उल्लेख गरेको र प्रतिवादी बिक्की साहले आफूबाट बरामद भएको १४० ग्राम लागु औषध खैरो हिरोइन प्रतिवादी मीना के.सी. लाई पुर्‍याउन गएको अवस्थामा पक्राउ परेको भनी अदालतमा बयान गरेको देखिए पनि दुवै प्रतिवादीहरूको बयानबाट यी प्रतिवादी रणबहादुर गुरूङको प्रस्तुत मुद्दामा लागु औषधको कारोबारमा संलग्नता रहेको भनी खुल्न सकेको देखिएन। वादी पक्षले प्रत्यर्थी प्रतिवादी रणबहादुर गुरूङले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि एवम् समर्थन गराउन सकेको पनि पाइएन। अन्य कुनै प्रमाणबाट समर्थित हुन नआएको अनुसन्धानको साबिती बयानलाई मात्र आधार बनाई कसैलाई दोषी ठहर गर्न नमिल्ने।

प्रतिवादीबाट कुनै लागु औषध बरामद भएको पनि देखिँदैन र केवल अनुसन्धानको निजको साबिती बयान र अनुसन्धानका क्रममा अन्य प्रतिवादीहरूले निजउपर गरेको पोलका आधारमा मात्र निजउपर वादी पक्षले अभियोग लगाएको पाइन्छ। अदालतमा प्रमाणको न्यायिक परीक्षणका क्रममा यी प्रतिवादी कसुरमा इन्कार रहेको र सहप्रतिवादीहरूले पनि निजउपर पोल गरी लेखाउन सकेको पाइँदैन। निज कसुरदार रहेको देखिने अन्य कुनै प्रमाण मिसिलमा रहेभएको पाइँदैन। यसरी निजको अनुसन्धानको साबिती र निजउपरको अनुसन्धानको सहअभियुक्तहरूको पोल कहीँकतैबाट पुष्टि हुन सकेको देखिँदैन। अन्य प्रमाणबाट समर्थित वा पुष्ट्याइँ हुन नसकेको अनुसन्धानको साबिती बयान र अनुसन्धानको सहअभियुक्तको पोलका आधारमा मात्र अभियोग दाबीअनुसार सजाय गर्न मिल्ने नदेखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट यी प्रत्यर्थी प्रतिवादी रणबहादुर गुरूङलाई सफाइ दिने ठहर्‍याई मिति २०६४।३।४ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।१०।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल फागुन २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०४५९, कुटपिट / अङ्गभङ्ग, *नेपाल सरकार वि. थर्कबहादुर राई*

पीडित पर्शुराम खड्काले वारदातमा सबै प्रतिवादीहरूको संलग्नता रहेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष कागज गरेको र वस्तुस्थिति मुचुल्काका टंकबहादुर बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष सबै प्रत्यर्थी प्रतिवादीहरूले पर्शुराम खड्कालाई सामूहिक रूपमा कुटपिट गरेको भनी लेखाएकोमा टंकबहादुर बस्नेतले अदालतमा प्रत्यर्थी प्रतिवादी थर्कबहादुर राईको कुटपिटबाट पर्शुराम खड्काको अङ्गभङ्ग भएको हो, अन्य प्रत्यर्थी प्रतिवादीको संलग्नता थाहा भएन भन्ने बेहोराको र घटनाबाट प्रत्यक्ष पीडित पर्शुराम खड्काले आफूलाई थर्कबहादुर राईले कुटपिट गरेको हो। अन्य प्रतिवादीले कुटपिट गरे नगरेको थाहा भएन भनी बकपत्र गरेको देखिन्छ। यसरी वारदातमा थर्कबहादुर राईको संलग्नता रहेको देखाई घटनाबाट प्रत्यक्ष पीडित पर्शुराम खड्काले गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम र टंकबहादुर बस्नेतले गरेको बकपत्र ऐ. ऐनको दफा १८ बमोजिम प्रत्यर्थी प्रतिवादी थर्कबहादुर राई विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

वादी नेपाल सरकारले एउटै वारदातका प्रतिवादीमध्ये थर्कबहादुर राईको हकमा वारदात कायम भई सजाय भएको परिप्रेक्ष्यमा प्रतिवादी सुमन, प्रदीप, प्रकाश राई र गिरीजा कोइरालालाई पनि आरोपित कसुरमा सजाय हुन पुनरावेदन जिकिर लिएको देखिन्छ । त्यस सम्बन्धमा विचार गर्दा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रमाणको भार वादीमा निहित रहेको देखिन्छ । त्यसअनुरूप हेर्दा प्रतिवादी सुमन, प्रदीप, प्रकाश राई र गिरीजा कोइरालालाई अभियोग दाबीबमोजिम सजाय हुने प्रमाणको भार पुनरावेदक वादी नेपाल सरकारले पुऱ्याउनु पर्ने हुन्छ । वादी नेपाल सरकारले प्रमाण पुऱ्याएको देखिँदैन । वादी नेपाल सरकारकै साक्षी एवम् पीडित पर्शुराम खड्काले आफूलाई प्रतिवादी थर्कबहादुर राईले कुटपिट गरेको हो, अन्य उल्लिखित प्रतिवादीले कुटपिट गरेको होइन भनी बकपत्र गरेको र प्रत्यर्थी प्रतिवादी वारदातमा इन्कारी रहेको अवस्थामा पनि प्रतिवादीहरूलाई सजाय गर्नुपर्छ भन्न नमिल्ने ।

मुद्दामा वादी नेपाल सरकारले सुमन, प्रदीप, प्रकाश राई र गिरीजा कोइराला ४ जना प्रतिवादीको हकमा कुटपिटमा परिणत गरेको नमिलेको जिकिर लिएको अवस्था छ । माथि उल्लेख भएको निर्णय नं. ८३७४ मा प्रतिपादित सिद्धान्तमा ७ जना प्रतिवादीलाई कसुरदार देखिने प्रमाणको विवेचना भएको छ भने यस विवादमा प्रतिवादी थर्कबहादुर राईबाहेकका ४ जना प्रतिवादीहरूले कसुर गरेको देखिने प्रमाणको अभाव छ भन्ने सम्बन्धमा माथिको प्रकरणमा विवेचना भएको छ । तसर्थ अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्न प्रदान भएको निस्साँग सहमत हुन नसकिने ।

अतः उल्लिखित आधार, कारणबाट पुनरावेदन अदालत धनकुटाले भोजपुर जिल्ला अदालतले मिति २०७०।३।२ मा कुटपिट अङ्गभङ्ग मुद्दा कुटपिटमा परिणत हुने ठहर गरेको फैसला केही उल्टी गरी मिति २०७१।८।२९ मा प्रत्यर्थी प्रतिवादी थर्कबहादुर राईलाई मुलुकी ऐन, कुटपिटको महलको ६ नं. बमोजिम २ वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू सुमन, प्रदीप, प्रकाश राई र गिरीजा कोइरालाको हकमा कुटपिट अङ्गभङ्गको अभियोग दाबीबाट सफाइ दिई कुटपिटमा परिणत हुने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१२५२, लागु औष (खैरो हेरोइन), *नेपाल सरकार वि. सुमन के.सी.*

प्रतिवादी सुमन के.सी.बाट लागु औषध खैरो हिरोइन १.२८ ग्राम र लागु औषध चरेस ७९५.५० ग्राम बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आएको छ । सो बरामदी मुचुल्काको बेहोरासँग मिल्ने भिड्ने गरी बरामदी मुचुल्कामा रोहबरमा रहेका धर्मभक्त गौतम र विश्वनाथ उपाध्यायले घटना विवरण कागजमा समेत उल्लेख गरिदिएको पाइन्छ । यी प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयानमा पनि सोही बरामदी मुचुल्काको बेहोरालाई समर्थन हुने गरी लेखाइदिएको पाइन्छ । बरामद गरी प्रतिवेदन दिने प्रहरी कर्मचारीहरूले अदालतमा गरिदिएको बकपत्रबाट पनि बरामदी मुचुल्का समर्थित हुन आएको छ । निजबाट लागु औषध बरामद भई निजलाई लागु औषध खैरो हिरोइनको सेवनमा र चरेसको बिक्री वितरणमा सजाय भएउपर निजले पुनरावेदन पनि गरेको नपाइएबाट निज प्रतिवादीबाट उल्लिखित परिमाणको लागु औषध बरामद भएकोमा विवाद रहे भएको देखिन नआउने ।

निज लागु औषधको सेवनकर्ता भएको निजको बयान बेहोराबाट नै देखिरहेको स्थितिमा १.२८ ग्राम लागु औषध निजले सेवनको लागि आफूसँग राखेको देखिन आउँछ । यति कम परिमाणको लागु औषध अन्यथा प्रमाणित नभएसम्म बिक्री वितरणको लागि नै राखेको भन्न मिल्ने देखिन आएन । यसरी दुवै प्रकारका लागु औषध एकैसाथ एकै व्यक्ति यी प्रत्यर्थी / प्रतिवादीबाट बरामद भएको भए

पनि लागु औषध खैरो हिरोइनको परिमाण थोरै भएको र सोलाई बिक्री कारोबार गर्नलाई नै आफूसाथ राखेको भन्ने पुष्टि हुने अन्य प्रमाणहरूको मिसिलमा अभाव रहेकोले सोलाई सेवन गर्न मात्र साथमा राखेको भन्ने पुष्टि हुन जान्छ । त्यस्तै लागु औषध चरेसको मात्रा नै बढी भएकोले त्यति ठूलो परिमाणको चरेस केवल सेवनका लागि मात्र राखेको भन्न नमिल्ने हुँदा बिक्री कारोबार पुष्टि गर्ने अन्य प्रमाणको अभाव भए पनि सो लागु औषध चरेसको परिमाणबाट नै बिक्री कारोबार गर्नलाई यी प्रतिवादीले सो चरेस बोकी हिँडेको स्वतः पुष्टि हुने हुँदा यस अदालतबाट दोहोर्‍याई हेर्ने निस्सा दिँदा लिएको आधारसँग सहमत हुन सकिँदैन । त्यसैले यी प्रत्यर्थी / प्रतिवादीलाई लागु औषध चरेसको बिक्री वितरणमा र लागु औषध खैरो हिरोइनको सेवनको कसुरमा सजाय गर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने ।

अतः उपर्युक्त विवेचित आधार र कारणबाट यी प्रतिवादी सुमन के.सी.लाई लागु औषध चरेसको बिक्री वितरणमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(घ)(३) बमोजिम ६ महिना कैद र रू.२०००।- जरिवाना हुने र लागु औषधको सेवनमा ऐ. ऐनको दफा १४(१)(ङ) अनुसार रू.१०००।- जरिवाना हुने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६७/११/२ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०/१/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-११२५, बकसपत्र लिखत दर्ता बदर कायम, *खड्गसिं थापा वि. लोकबहादुर थापासमेत*

वादी प्रतिवादीहरू र पिताका बिच मिति २०१९।११।१३ मा घरसारमा लिखत भई २०२०।०३।५ मा अंशबन्डाको लिखत पारित भएको तथ्यमा वादीको अन्यथा भनाइ रहेको पाइँदैन । उक्त अंशबन्डा हुँदाको अवस्थामा तत्काल प्रचलित कानूनबमोजिम पिता पदमबहादुर, जेठो यी फिरादी खड्गसिंह थापा र कान्छो प्रतिवादी लोकबहादुर थापा मात्र तीन अंशियार रही उनीहरूका बिचमात्र अंश बन्डा गरेको देखिन्छ । यी वादी प्रतिवादीकी आमा मनमाया थापाको भागमा कुनै अंश लगाएको र निजले अंश प्राप्त गरेकोसमेत देखिँदैन । प्रस्तुत मुद्दामा मिति २०१९।११।१३ मा घरसारमा लिखत भई २०२०।३।५ मा पारित भएको अंशबन्डा लिखतमा कुनै सम्पत्ति अबन्डा भनी राखिएको देखिँदैन । सो बन्डापत्र लिखतमा बन्डा गर्नुपर्नेमा जग्गा जमिन केही छैन भनी उल्लेख भएको देखिन्छ । बाबु पदमबहादुर र दुई भाइ छोराहरू गरी तीन अंश लगाई आ-आफ्नो भाग लिई छुट्टी भिन्न भएकोमा बाबुको मृत्युपछि निजको अंश सम्पत्ति कसले खाने भन्ने पनि उल्लेख भएको पाइँदैन । आमाको भागमा कुनै अंश भाग छुट्ट्याएको नदेखिएकोमा पतिको २०३५ सालमा मृत्यु भएपश्चात् निजको नाउँको सम्पत्ति मुलुकी ऐन, अपुतालीको महलको २ नं. बमोजिम पत्नी मनमायाको नाउँमा नामसारी भएको देखिन्छ । पदमबहादुरको नाउँको जग्गा निजको मृत्युपश्चात् निजको पत्नी मनमायाको नाउँमा नामसारी गर्न मन्जुर छ भनी निजहरूका दुवै छोराहरूले सनाखत गरेको पाइन्छ । आफ्नो जीवनकालमा मनमायाले अंश पाएको भन्ने देखिँदैन । निजको पतिको मृत्युपश्चात् सबभन्दा नजिकको नातेदारको हैसियतले पतिको शेषपछि प्रतिवादी मनमायाको नाउँमा अपुतालीको महलको २ नं. बमोजिम हक कायम हुन आएको उक्त सम्पत्ति निजले आफ्नो जीवनकालमा आफूखुसी गर्न पाउने नै देखिन्छ । आफ्नो आफूखुसी गर्न पाउने सम्पत्तिको हक हस्तान्तरण गर्न अंश लिई छुट्टी भिन्न

भएको छोरा यी वादीको मन्जुरी लिनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था र परिस्थिति देखिन नआउने ।

वादी प्रतिवादीहरूबिच अंशबन्डा हुँदा बाबु पदमबहादुर थापाको अंश भागमा परेको सम्पत्ति निजको मृत्युपश्चात् निजको नाउँ दर्ताको ज.वि. १३-३-७ जग्गा नजिकको हकवालाको हैसियतले मालपोत कार्यालय, मोरङको मिति २०३८।३।२ को निर्णयबाट पत्नी मनमाया थापाको नाउँमा अपुतालीको २ नं. बमोजिम नामसारी भई आएको देखिन्छ । सोही सम्पत्तिबाट निजले पालन पोषण गरी रिझाएबापत कान्छो छोरा लोकबहादुर थापालाई ज.वि. ७-१५-४ हालैको बकसपत्र गरिदिएको देखिन्छ । प्रतिवादी मनमाया थापाले सो जग्गाहरू फिराद दाबीबमोजिम अबन्डा बाँकी रहेको जग्गाबाट दिएको भन्ने नदेखिई छोराहरूको समेत अंशबन्डा भई छुट्टिई भिन्न भएको अवस्थामा आफ्नो पतिको अंश भागको सम्पत्ति निज पतिको मृत्युपश्चात् मुलुकी ऐन, अपुतालीको महलको २ नं. अनुसार अपुतालीबाट आफूले प्राप्त गरेको सम्पत्ति नै दिएको देखिने ।

अपुतालीबाट प्राप्त सम्पत्ति निजी आर्जनको हुने र आफूखुस गर्न पाउने बन्डा लगाउन नपर्ने भन्ने कानूनी व्यवस्था अंशबन्डाको १८ नं. ले स्पष्ट गरेको छ । लोग्नेले अंशबापत प्राप्त गरेको सम्पत्ति निजको मृत्युपछि नजिकको हकवाला श्रीमतीले अपुताली प्राप्त गर्ने कानूनी व्यवस्थाअनुरूप आमाको नाउँमा नामसारी भई आएको भन्ने देखियो । अपुतालीबाट नामसारी हुँदा ज.वि. १३-३-७ रहेकोमा विवादित हा.व. गरिदिँदा ज.वि. ७-१५-४ मात्र रहेको भन्ने देखिएको छ । अतः अपुतालीबाट प्राप्त गरेको सम्पूर्ण जग्गा हकछाडी दिएको पनि देखिएन । अंशबन्डाको लिखत हुँदा अबन्डा रहेको भन्ने नदेखिई पिताको अंशभागमा छुट्याइएको हुँदा अबन्डा राखिएको भन्ने दाबी पुष्टि हुन नसक्ने गरी भएको सुरू मोरङ जिल्ला अदालतको फैसला मनासिब ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला न्याय र कानूनसङ्गत नै देखिँदा अन्यथा गरिरहनु नपर्ने ।

अत: उल्लिखित आधार कारणबाट बाबुसँग छुट्टिई भिन्न भएका पुनरावेदक वादीले भिन्न भएका बाबुको मृत्युपश्चात् निजका नाउँका सम्पत्ति सगोलमा बसेकी श्रीमती नाताकी मनमाया थापाका नाउँमा नामसारी दर्ता भएका जग्गा मनमाया थापाले आफूखुस गर्न पाउने प्रकृतिको भई आफ्नो जीवनकालमा लोकबहादुर थापालाई गरी दिएको हालैदेखिको बकसपत्र कानूनसम्मत ठहऱ्याएको सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६६।५।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-०५०१, घर भत्काई उठाई लगी जग्गा खाली गराई चलनसमेत चलाई पाऊँ, *मोलहुप्रसाद कुर्मी वि. भिखु कुर्मीसमेत*

वादीको हकभोग चलन कब्जाको साबिक ठर्की हाल बगौली गाउँ विकास समिति वडा नं. २ वैरिहवाको घरवासको ०-१-१७ जग्गामा आँप बगैंचासमेत रहेकोमा सो बगैंचासमेत रेखरेख गर्न पूर्व पश्चिम ५० फिट उत्तर दक्षिण १२ फिटको क्षेत्रफल ०-०-३ जग्गामा टाटीको बेरा फुसको छानो भएको घर बनाएको र सो घरमा विपक्षीहरूलाई बस्न दिएको भन्ने तथ्यमा स्वयम् वादीको स्वीकारोक्ति रहेको पाइन्छ । प्रतिवादीले उक्त जग्गामा मिति २०६४।१०।१ मा घर बनाएको भनी सो मितिलाई आधार बनाई मिति २०६५।२।२७ मा प्रस्तुत फिरादपत्र दर्ता भएको देखिन्छ । तर २०६३ फागुनमा नै सो घर जग्गाको घर कर प्रतिवादीले गाउँ विकास समितिमा तिरेको प्रमाण प्रतिउत्तर साथ पेस गरेकोबाट देखिन आउँछ । प्रतिवादीले प्रमाणको रूपमा पेस गरेको सो रसिदलाई

वादीले अन्यथा भन्न सकेकोसमेत नदेखिने।

विवादित जग्गामा सुरू अदालतबाट मिति २०६६।८।१३ मा नाप नक्सा हुँदा पूर्व पश्चिम ५० फिट र उत्तर दक्षिण १२ फिट गरी तीन धुर जग्गाभित्र को न.नं.१३ भित्रको न.नं. १४ र १५ मा घर बनाएको देखिनुका साथै सर्जमिनका अधिकांश मानिसहरूले सो विवादित घर जग्गा वादीको भए पनि सो जग्गामा प्रतिवादीले घर बनाई निरन्तर भोग गरेको भनी लेखाएको देखिन्छ । वादीले सो विवादित जग्गा आफ्नो हक भोगको भनी उल्लेख गरे तापनि विवादित घर जग्गा वादीको नाउँमा दर्ता रहेको भन्ने पनि नदेखिने।

वादी दाबीको समयभन्दा अघि भोग चलन गरी आएकोमा सो जग्गाबाट उठाइ पाउँ भनी घर बनाउनेको महलको ११ नं. को म्यादभित्र कानूनी उपचारमा नआई बस्नुले भोगचलनलाई मौन सहमति प्रदान गरेको देखिएको अवस्थामा मिति २०६४।१०।१ मा मात्र घर बनाएको भन्ने फिराद दाबी खण्डित भई सो अगावैदेखि प्रतिवादीले घर बनाई बसेको देखिन आउने।

घर बनाउनेको महलको ११ नं. मा जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने कानूनी व्यवस्था रहेकोमा वादीले उक्त हदम्याद नघाई फिराद दायर गरेको देखियो । यसरी हदम्याद नघाई दायर भएको फिराद दाबी खारेज गर्नुपर्नेमा फिराद खारेज नगरी पुनरावेदन अदालत बुटवलबाट वादी दाबी नपुग्ने ठहर गरी फैसला गरेको देखिए तापनि परिणाममा तात्त्विक भिन्नता रहेको नदेखिँदा पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा गरी रहनु पर्ने नदेखिने।

अत: उल्लिखित आधार कारणबाट न.नं.१४ र १५ मा भएको फुसको घर पहिलेदेखि पुनरावेदक प्रतिवादीले बनाई बसेको देखिएकोमा वादी दाबी नपुग्ने ठहर गर्नुपर्नेमा उक्त घर भत्काई जग्गा खाली गराई वादीले चलन पाउने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी न.नं.१४ र १५ मा बनाएको घर प्रतिवादीको हुने ठहर्‍याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।३।६ को फैसला मनासिब देखिँदा सदर हुने।

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१४६६, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. ईश्वर दाहालसमेत*

प्रतिवादीहरूले फिरौती लिने उद्देश्यले अपहरण गरे भन्ने दाबी रहे पनि प्रतिवादीहरू सो कुरामा इन्कार रही बयान गरेका छन् । पीडित व्यक्तिलाई यिनै प्रतिवादीहरूले काठमाडौंबाट लिई गएको नभई नेपालगन्जसम्म गणेश शर्मा भन्ने व्यक्तिको साथमा गएको भन्ने देखिन आउँछ । जाहेरवालाको मौकाको घटना विवरण कागजमा गणेश शर्मासमेत सँग नेपालगन्जबाट रूपैडिया जाँदा बाटोमा ५/६ जनाले अपहरण गरेको र निजहरूले हामी तराई मुक्तिमोर्चाका मानिस हौं । पार्टीको लागि सहयोग गर्नुपर्छ भनी अपहरणकारीहरूले भनेका थिए भन्ने पीडित सुरेश महर्जनको घटना विवरण कागजबाट देखिन्छ। पीडित तथा निजकी श्रीमतीले अदालतसमक्ष गरेको बकपत्रमा यति नै रकम फिरौती मागेको र यी प्रतिवादीको फोनबाट कुरा भएको भन्ने कुरा स्पष्ट उल्लेख गर्न सकेकोसमेत देखिँदैन । प्रतिवादी ईश्वर दाहलको अदालतसमक्षको बयानमा आफू कसुरमा पूर्ण इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा फोन गर्ने काम श्याम शर्माले गरेका, आफूले फिरौती माग नगरेको भनी बयान गरेको अवस्था छ। रकम लिए खाएको भन्ने मिसिल संलग्न कागजबाट पुष्टि भएको देखिँदैन। साथै प्रतिवादी मिलन सिजालीको बयानमा सुरेश महर्जनको मोबाइल फोन सूर्य तिमिल्सिना, गणेश शर्माले लिएको, मेरो मोबाइल फोन विनोद यादवले लिई राखेका थिए। सूर्य तिमिल्सिना, गणेश शर्मासमेत सँग विनोद यादवले फोन सम्पर्क गरी कुरा गर्ने, फिरौती रकम माग गर्ने कार्य गरेका हुन्। आफूलाई

उक्त वारदातमा बन्धक सुरेश महर्जनलाई रेखदेख गर्ने कुरूवाको रूपमा राखेको भनी लेखाएको देखिन्छ । यस्तो अवस्थामा फोन गर्ने, काठमाडौंदेखि नेपालगन्ज हुँदै बन्धक बनाउने स्थानसम्म पुऱ्याउनेसमेतका अन्य मिसिलले संलग्न देखिएका र जाहेरीमा उल्लेख भएका व्यक्तिलाई प्रतिवादी नै नबनाएको अवस्थामा देखियो । यस्तो अवस्थामा यी प्रतिवादीहरूबाट घटेको प्रस्तुत वारदात कसुर अभियोग दाबीबमोजिमको अपहरण तथा शरीर बन्धक महलको नं. ३ को माथिल्लो हरफमा उल्लिखित घटनाअनुरूप भएको पुष्टि हुन आएको देखिएन । तथापि बन्धक सुरेश महर्जनको अपहरणमा यी प्रतिवादीहरूको संलग्नता रहेको देखिएको अवस्थामा प्रतिवादीहरूको उक्त कसुर सोही नं. को अन्त्यमा उल्लिखित "लेखिएदेखि बाहेक अन्य उद्देश्यले अपहरण वा शरीरबन्धक लिएको अवस्थाको कसुर देखिँदा ४ वर्षदेखि ८ वर्षसम्म कैद र रू.२५,०००।- देखि रू.१,००,०००।- सम्म जरिवाना हुने भन्ने कानूनी व्यवस्था आकर्षित हुने प्रकृतिको देखियो । तसर्थ प्रतिवादीमध्येका ईश्वर दाहाल र मिलन सिंजालीलाई जनही ४ वर्ष कैद र रू.२५,०००।- जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

बुद्ध तामाङले आफूले कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ । ईश्वर दाहाल दाइ नाताको भएको र निजले यी प्रतिवादीसँग अपराधको बारे परिस्थिति बुझ्न फोनमा कुरा गरेको भनी उल्लेख गरेपनि पीडित सुरेश महर्जनलाई अपहरणमा परेको जानकारी थिएन भनी अदालतसमक्षको बयानमा उल्लेख गरेको अवस्था छ । मिसिल संलग्न अन्य कागजबाट निजको संलग्नता रहे भएको कुरा पुष्टि भएको नदेखिएको अवस्था र पीडितलाई राखेको स्थलबाट पक्राउ गरेको अवस्था पनि विद्यमान देखिँदैन । निजउपरको अभियोग वादी पक्षबाट खम्बिर रूपमा पुष्टि हुन सकेको मिसिल संलग्न कागजबाट देखिएन । फौजदारी दायित्व बहन हुने कसुर वस्तुनिष्ठरूपमा पुष्टि नभएको अवस्थामा अपहरण तथा शरीरबन्धक जस्तो गम्भीर कसुरमा केवल अभियोगको आधारमा मात्र कसुरदार ठहऱ्याउन नमिल्ने ।

तसर्थ, प्रतिवादी ईश्वर दाहाल र मिलन सिजालीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम जनही ४ वर्ष कैद रू.२५,०००।- (पच्चिस हजार) जरिवाना गर्ने र ऐ. महलको ७ नं. बमोजिम जनही २ वर्ष थप कैद र दिन २४ बन्धक बनाएकोले उक्त महलको १२ नं. अनुसार प्रतिदिन रू. ५००।- को दरले दिन २४ को रू. १२,०००।- (बाह्र हजार) क्षतिपूर्तिसमेत पीडितले प्रतिवादीहरूबाट भराई लिन पाउने र बुद्ध तामाङले कसुरबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७५-WH-००७४, बन्दीप्रत्यक्षीकरण, *बविन्द्र बराल वि. उच्च अदालत विराटनगरसमेत*

लागु औषध मुद्दाका अर्का प्रतिवादी हरि खड्काले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने क्रममा अभियोगपत्रमा उल्लिखित प्रतिवादी सुनसरी इटहरी १ वीरेन्द्र चोक बस्ने रोशन चौधरी भनी लेखाई दिएको देखिन्छ । २०६६ सालमा अभियोग पत्रमा रोशन चौधरीको उमेर वर्ष २५ को भनी उल्लेख भएको पाइन्छ भने निवेदक स्वयम्ले म्याद बदरको लागि २०७५ सालमा निवेदन दिँदा इटहरी न.पा. वडा नं.१ बस्ने वर्ष ३५ को रोशन चौधरी भन्ने उल्लेख गरेको देखिन्छ । यसबाट निवेदकको वतन, नाम, थर र वारदात हुँदाको अवस्थामा उल्लिखित उमेरसमेत मोरङ जिल्ला अदालतको मिति २०७३।१२।३ को फैसलाबमोजिम लगत रहेको प्रतिवादी रोशन चौधरीसँग मिल्न आएको

छ । निवेदकले आफूलाई लगतअनुसारको रोशन चौधरी होइन भनी भिन्न व्यक्ति देखाउन बाबुको नाम मणिलाल होइन मनिलाल हो भनी उच्चारणमा सामान्य भिन्नता भएको 'ण' र 'न' अक्षरको आधार लिएको कुरा अन्य तथ्य एवम् प्रमाणबाट पुष्टि हुन आएको देखिँदैन । तसर्थ प्रस्तुत निवेदक मोरङ जिल्ला अदालतको फैसलाबमोजिम लगत कायम रहेको प्रतिवादी रोशन चौधरी नै हो भन्ने पुष्टि हुन आउने।

रिट निवेदकलाई लागु औषध मुद्दाका प्रतिवादी भएकोले अदालतको फैसलाबाट कायम भएको लगतबमोजिम पक्राउ गरी, थुनुवा पुर्जी दिई कारागारमा राखिएको कार्यलाई विनाकारण, गैरकानूनी तरिकाले कार्यविधिको पालना नगरी थुनामा राखिएको मानी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने नदेखिने।

निवेदकले यसै विषयमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी उच्च अदालत विराटनगरमा निवेदन दिएकोमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने ठहरी मिति २०७५।६।१४ मा रिट खारेज भएको छ। निवेदकले यस अदालतमा र उच्च अदालत विराटनगरमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी निवेदन दिएको विषय वस्तु एउटै भएको र निज थुनामा रहेको अवस्था तथा परिस्थितिमा समेत तात्त्विक भिन्नता एवम् परिवर्तन आएको देखिएको छैन। तसर्थ, निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिने।

अत: उल्लिखित एवम् विवेचित आधार र कारणसमेतबाट अदालतको फैसलाअनुसारको लगतमा उल्लिखित नाम थर, वतन र उमेरसमेत मिलेको हुँदा जिल्ला अदालत, मोरङबाट लागु औषध मुद्दामा मिति २०७३।१२।३ मा भएको फैसलाबमोजिम दुई वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने ठहर गरेको व्यक्ति र यी निवेदक एकै व्यक्ति भएको देखिएकोले निवेदक गैरकानूनी थुनामा रहेको देखिन नआई अदालतको फैसलाबमोजिम थुनामा रहेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दिपेन्द्र थापामगर

इति संवत् २०७५ साल फागुन ३ गते रोज ६ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-०३४३, उत्प्रेषण/परमादेश, *भेषराज कोइराला वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकको स्थायी वतन सुनसरी जिल्लामा भई मालपोत कार्यालय, सुनसरीमा नायब सुब्बा पदमा कार्यरत रहेको र निजको सेवा अवधि दुई वर्ष (न्यूनतम अवधि) समेत पूरा नहुँदै अर्को जिल्लामा सरूवा गरिएको देखियो। निजले स्वेच्छाले सरूवा माग गरेको देखिँदैन। निजको कार्यसम्पादन सन्तोषजनक नभएको भन्ने तथा निजले अनियमित वा अनुशासनहीन कार्य गरेको भन्नेसमेत खुल्न आएको पाइएन । यस अवस्थामा निजलाई अर्को जिल्लामा सरूवा गर्नु निजामती सेवा नियमावली, २०५० को नियम ३६ प्रतिकूल हुन जाने देखिने।

अतः निवेदक घरपायकको जिल्लास्थित मालपोत कार्यालय, सुनसरीमा कार्यरत रहेका र राजपत्र अनङ्कित कर्मचारीले स्वेच्छाले निवेदन दिएको अवस्थामा वा निजको कार्य सम्पादनको प्रगति राम्रो नभएको वा अनुशासनहीन र अनियमित कार्य गरेको प्रमाणित भएको अवस्थामा बाहेक अन्य जिल्लामा सरूवा गरिने छैन भन्ने निजामती सेवा नियमावली, २०५० को नियम ३६(५) को कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी सामान्य प्रशासन मन्त्रालयको मिति २०७३/०५/३१ को निर्णयानुसार घरपायकको जिल्लाबाट जिल्ला प्रशासन कार्यालय, झापामा सरूवा गरिएको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निज निवेदकलाई मालपोत कार्यालय, सुनसरीबाट सरूवा गर्नुपर्ने नियमसङ्गत

अवस्थाबाहेक अन्यत्र कार्यालयमा सरूवा नगर्नु, नगराउनु यथास्थितिमा कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CI-०६५५, बन्डापत्र बदर गरिपाऊँ, *मनोरानी कुर्मी वि. रामदुलारी कुर्मीसमेत*

र.नं.७५१५ मिति २०६२।२।१५ को बन्डापत्रको लिखत हेर्दा यी वादी प्रतिवादीका बिच बन्डा गर्नुपर्ने अचल सम्पत्ति क्षे.फ. ५-१७-११$^{3}/_{4}$ जग्गा रहेकोमा सो जग्गामध्ये यी वादीले क्षे.फ. २-१८-११$^{1}/_{4}$ जग्गा लिएको र प्रतिवादीहरूको भागमा क्षे.फ. २-१९-$^{1}/_{2}$ जग्गा परेको देखिन्छ। उक्त बन्डापत्रको लिखत मिति २०६२।०२।१५ मा पारित भई वादीका पति हजारी कुर्मीले सहीछाप गरी अंश बुझेको देखिन्छ। अंश लिन दिन मन्जुर भई अंश लिए दिएपछि कुनै सामान्य प्राविधिक प्रश्न उठाएर आफूले पहिले स्वीकार गरेको सर्त र व्यवहार प्रतिकूल दाबी गर्नु उचित नहुने।

वादी प्रतिवादीले अंशबापत प्राप्त भएको सम्पत्तिबिच कुनै खास ठूलो अन्तर देखिँदैन। क्षेत्रफलको दृष्टिकोणले हेर्दा वादीको भागमा क्षे.फ.२-१८-११$^{1}/_{4}$ र प्रतिवादीका भागमा क्षे.फ.२-१९-$^{1}/_{2}$ जग्गा परेको देखिन्छ। वादी प्रतिवादीका बिचमा बन्डा भएको सम्पत्तिको क्षेत्रफल करिब मिल्दोजुल्दो र समान रहेको देखिन्छ। वस्तुतः बन्डापत्र खडा गर्दा सम्पूर्ण रूपमा क्षेत्रफल पनि निरपेक्ष रूपमा बराबर हुनुपर्छ भन्ने हुँदैन। सम्पत्तिको मूल्याङ्कनका आधारमा अथवा पक्षको सन्तुष्टि वा सहमतिका आधारमा सम्पत्तिको परिमाण केही थेरथोर लिने दिने कार्य भएको पनि हुन सक्छ। यसमा पक्षको सहमति महत्त्वपूर्ण हुन्छ। पक्षको सहमति भएको अवस्थामा अंशियारले प्राप्त गरेको जग्गाको क्षेत्रफल केही सामान्य फरक परेकोसम्मको कारणबाट बन्डापत्र बदर गर्नु उचित नहुने।

कित्ता नम्बरका जग्गाहरू असल खालका प्रतिवादीका भागमा परेका छन् र यी यी कित्ता नम्बरका जग्गाहरू कमसल खालका वादीका भागमा परेका छन् भनी वादीले फिरादपत्रमा प्रस्ट दाबी लिन सकेको छैन। नगरक्षेत्रका जग्गाहरू हेर्दा पनि असमान रूपले बाँडफाँड भएको देखिँदैन। समान रूपमा नै बन्डा भएको पाइयो। मिति २०६२।२।१५ को बन्डापत्रको लिखत पुनरावेदक वादी मनोरानी कुर्मीका पति हजारी कुर्मीको सहमति र मन्जुरीले खडा भएको देखिन्छ। यसरी एक पटक स्वीकार गरी औपचारिक तवरबाट खडा भएको लिखतको सर्तप्रतिकूल दाबी गर्न पाउने कुनै कारण देखिँदैन। बन्डापत्र बदर हुने अंशबन्डाको महलको ३२ नं. बमोजिमको अवस्था प्रस्तुत मुद्दामा नदेखिने।

अतः उल्लिखित आधार, कारणसमेतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६६।०१।१० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६७।०२।३० को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०६५६, लिखत दा.खा. दर्ता बदर, *मनोरानी कुर्मी वि. धर्मराज पाण्डेसमेत*
- ०६८-CI-०६५७, लिखत दा.खा. दर्ता बदर, *मनोरानी कुर्मी वि. धर्मराज पाण्डेसमेत*

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७५-WH-००४८, बन्दीप्रत्यक्षीकरण, *रोमान्स राना वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल*

निवेदक नेपाल सरकार उद्योग मन्त्रालयअन्तर्गत कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा उपसचिव पदमा कार्यरत कर्मचारी भन्ने देखियो । निज धर्मराज रोकाया कम्पनी रजिस्ट्रार कार्यालयमा बहाल रहेको अवस्थामा उक्त कार्यालयमा दर्ता रहेको प्रा.लि. नं. ५१३ को शंकर इलेक्ट्रिक इन्डस्ट्रिज प्रा.लि. को युजर आइडी प्रयोग गरी पासवर्ड परिवर्तन गरी शंकर इलेक्ट्रिक इन्डस्ट्रिज प्रा. लि. का सेयरधनी रामनिरंजन जटियाको नाममा रहेको २५००० कित्ता सेयर र कम्पनीका नाममा रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४ कि.नं.४४१ क्षे.फ.३३७.८३ र कि.नं. ५०५ को क्षे.फ.१७८.७८ तथा काठमाडौं जिल्ला, सतुङ्ल गा.वि.स. वडा नं. ९ को कि.नं.११६ क्षे.फ.७७१५.१० व.मि. जग्गा किर्ते गरी जितबहादुरका नाउँमा अभिलेख सारेको र जितबहादुरले उक्त जग्गा बिक्री गर्ने भनी राजभाइ श्रेष्ठसँग रू.१ करोड र प्रेमसागर सापकोटासँग रू.२ करोड रकमसमेत बैनाबापत बुझी लिई ठगी तथा संगठित अपराध एवम् विद्युतीय कारोबार ऐन, अन्तर्गतको ३ वटा कसुर गरेको भनी चलेको मुद्दामा निवेदकलाई समेत प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर भएको देखिने।

काठमाडौं जिल्ला अदालतको मिति २०७५।६।९ को थुनछेक आदेशबमोजिम माग भएको धरौटी रकम बुझाई रिट निवेदक धरौटी तारेखमा छुटेको तथ्यमा समेत कुनै विवाद छैन । काठमाडौं जिल्ला अदालतको आदेशबमोजिम धरौटी तारेखमा छुटिसकेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रिट निवेदक धर्मराज रोकायालाई मिति २०७५।६।१० गते पक्राउ गरी विशेष अदालतबाट पहिलो पटक मिति ०७५।६।११ गते १० दिन र मिति २०७५।६।२१ गते २० दिन अनुसन्धानका लागि थुनामा राख्न म्याद (स्वीकृति) प्रदान भएअनुसार निवेदक अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हिरासतमा रहेको देखिने।

बेरीत वा गैरकानूनी काम कारबाही भएको अवस्थामा कुनै निकाय वा अधिकारीले गरेको निर्णयउपर एक तहमाथिको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने हुन्छ । रिट क्षेत्रबाट अदालत प्रवेश गर्नका लागि साधारण अधिकारक्षेत्रको मार्ग समाप्त भएको, निष्प्रभावी देखिएको वा कानूनबमोजिमको प्रक्रिया पूरा नगरी वा कानूनप्रतिकूल थुनामा राखिएकोले गम्भीर अन्याय परेको देखिनु पर्दछ । अन्यथा साधारण अधिकारक्षेत्रबाट कानूनी उपचार प्राप्त हुने प्रभावकारी विकल्प विद्यमान रहेको अवस्थामा असाधारण अधिकार क्षेत्रअन्तर्गत विवादको निरूपण गर्नु उचित नहुने।

संविधान एवम् कानूनका प्रावधानहरूको अनुशरण गरी नियमित प्रक्रियाबाट कुनै फौजदारी कसुरको सन्दर्भमा अभियुक्तलाई मुद्दा हेर्ने साधिकार अदालतको आदेश (अनुमति) बमोजिम हिरासत (थुना) मा राखी अनुसन्धान, तहकिकात गरिएको कुरामा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु स्वस्थ न्यायिक मान्यता र परम्पराप्रतिकूल हुन जाने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रिट निवेदकलाई हिरासतमा राख्न अनुमति माग गर्दा र विशेष अदालतबाट म्याद थप गर्दा आधार कारण खुलाई म्याद थप गरिएको मिसिल संलग्न कागजातबाट देखियो । यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनको दफा १६ बमोजिम प्रक्रिया पूरा गरी रिट निवेदकलाई थुनामा राखिएको देखिँदा यसलाई गैरकानूनी थुना भनी मान्न नमिल्ने।

भ्रष्टाचार निवारणसम्बन्धी विशेष कानूनमा भएको व्यवस्थाअनुसार प्रस्तुत विवाद सम्बन्धमा अनुसन्धान, तहकिकात एवम् म्याद थपसम्बन्धी कामकारबाही भएको अवस्था देखिएबाट निवेदकलाई पक्राउ गर्नुपूर्व मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ बमोजिम मुद्दा हेर्ने अदालतको अनुमति नलिएको भन्ने आधारमा उक्त थुनालाई गैरकानूनी मान्न मिल्ने नदेखिने।

भ्रष्टाचारसम्बन्धी मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने क्रममा

अभियुक्तलाई पक्राउ गर्नुपूर्व मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति लिनु पर्ने कानूनी अनिवार्यता देखिँदैन । पक्राउ गरेपछि मुद्दा हेर्ने अदालतको अनुमतिले थुनामा राखेको देखिँदा यसलाई गैरकानूनी मान्न नमिल्ने ।

रिट निवेदक कम्पनी रजिस्ट्रारको कार्यालयमा उपरजिस्ट्रार पदमा कार्यरत रहेको समयमा निजसमेतको संलग्नतामा कम्पनीले प्रयोग गर्ने गरेको कम्पनीको युजर आइडी, पासवर्ड परिवर्तन गरी संगठित रूपमा ठगीसमेतको कसुरजन्य कार्य भएको भन्ने अभियोग दाबी रहेको देखियो । यही प्रसङ्गमा भ्रष्टाचार सम्बन्धमा कारबाही उठान भएको देखिन्छ । यस अवस्थामा राष्ट्रसेवक कर्मचारी भएबाट निवेदक धर्मराज रोकायाउपर भ्रष्टाचारको अभियोगमा कारबाही चलाएको देखिने ।

एउटा कसुर गरेको आरोपमा एक पटक सजाय पाएपछि वा सफाइ पाएपछि सोही कसुरमा पुनः मुद्दा चलाउने वा सजाय गर्न नहुने सिद्धान्त नै दोहोरो खतराको सिद्धान्त हो । यसले एउटै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाई सजाय गर्न हुँदैन भन्ने मान्यता राख्दछ । यो दोहोरो खतराको सिद्धान्त यान्त्रिक रूपमा प्रयोग हुने विषय भने होइन । मुद्दाको आआफ्ना विशिष्टता हुन्छन् । कुनै पनि कानूनी एवम् विधिशास्त्रीय सिद्धान्तको प्रयोग गर्नुअघि सम्बन्धित मुद्दाको तथ्यगत सन्दर्भ र तत्सम्बन्धी कानूनतर्फ दृष्टि दिनु आवश्यक हुने ।

एउटा राष्ट्रसेवकले आफ्नो पदको दुरूपयोग गरी संगठित रूपमा कम्पनीको युजर आइडी परिवर्तन गरी ठगी तथा विद्युतीय कारोबारसम्बन्धी कानूनको प्रतिकूल कार्य भएको भन्ने अभियोग रहेको देखिन्छ । यसका अतिरिक्त विषयवस्तुको सन्दर्भ र पृष्ठभूमिअनुसार भ्रष्टाचारको अभियोगमा मुद्दा चलाइएको पाइयो । यो एउटै वा उही कसुरको कुरा नभएर फरक कसुरको विषय भन्ने देखिने ।

कुनै एक प्रकारको अभियोगमा मुद्दा चलाएको छ भन्ने आधारमा अर्को कसुरमा मुद्दा चलाउन बाधा पर्दैन । विद्युतीय कारोबार, ठगी र भ्रष्टाचार फरकफरक फौजदारी कसुरजन्य कार्य हुन् । ठगी वा यस्तै अन्य अभियोगमा मुद्दा चलेको छ भने पनि त्यसमा भ्रष्टाचारको पनि कसुर गरिएको देखिने अवस्था छ भने भ्रष्टाचारतर्फ कारबाही चलाउनमा कुनै कानूनी बाधा हुँदैन । यस अवस्थामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुने नदेखिने ।

अत: विवेचित आधार कारणहरूबाट रिट निवेदक धर्मराज रोकाया कम्पनी रजिस्ट्रारको कार्यालयमा उपरजिस्ट्रार पदमा कार्यरत रहेको राष्ट्र सेवक देखिएको, निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७५।६।१० गते पक्राउ गरी विशेष अदालत काठमाडौंबाट अनुसन्धान, तहकिकातका लागि हिरासतमा राख्न विधिवत् म्याद थप (अनुमति) लिएको तथा निवेदक धर्मराज रोकायालाई थुनामा राख्ने पुर्जी दिनेलगायतका कानूनबमोजिमको प्रक्रिया पूरा गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हिरासतमा राख्ने कार्य भएको देखिँदा सो थुनालाई गैरकानूनी मान्न मिलेन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी हुन सक्ने देखिएन । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल असोज २३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-RB-०००६, निर्णय बदर, *भवानीभक्त जोशी वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटार*

राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशनको इजाजतपत्र प्राप्त संस्थाका पदाधिकारीले उल्लङ्घन गरेमा वा त्यस्ता पदाधिकारीले निक्षेपकर्ता वा लगानीकर्ताको हितविपरीत काम गरेमा वा राष्ट्र बैंक वा निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण, तथ्याङ्क वा अभिलेख राष्ट्र बैंक वा

सो बैंकको निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले तोकेको समयभित्र पेस नगरेमा त्यस्तो पदाधिकारीलाई आदेश वा निर्देशन उल्लङ्घनको गाम्भीर्य हेरी राष्ट्र बैंकले पाँच लाखसम्म जरिवाना गर्नसक्ने अख्तियार प्रदान गरेको देखिने।

न्यायिक अधिकारको प्रयोग न्यायिक तबरबाट हुनुपर्नेमा दुईमत हुन सक्दैन। निर्णयकर्ताले न्यायिक अधिकार प्रयोग गर्दा दुवै पक्षको कुरा सुनी स्वतन्त्र रूपमा देखिएका आधार प्रमाणहरूबाट न्यायिक निष्कर्ष निकाल्नुपर्ने हुन्छ। न्यायिक कार्यमा पूर्वाग्रहको स्थान रहँदैन। प्राकृतिक न्यायको सिद्धान्तअनुसार आफ्नो भनाइ राख्ने अवसर नै प्रदान नगरी कसैलाई कुनै जरिवाना तोक्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन जाने।

प्रशासनिक प्रकृतिको निर्णयहरूमा सामान्यतः टिप्पणी उठाई सदर गर्ने प्रचलन रहेको देखिन्छ। त्यस्तो टिप्पणीमा अर्काको राय सदर वा बदर गर्नेसम्मको कार्य हुने देखिन्छ। न्यायिक निर्णयमा अर्काको राय सदर वा बदरभन्दा पनि न्यायकर्ताको स्वतन्त्र न्यायिक निर्णयको भूमिका हुन्छ। यस मुद्दामा प्रतिवादी भवानीभक्त जोशीलाई जरिवाना गर्दा के कति कारणबाट उक्त जरिवाना गर्नु परेको हो भन्ने विषयमा निर्णयकर्ता स्वयम्ले विवेचना गरी कारण खुलाएको नदेखिई मातहतको तहबाट उठान गरिएको टिप्पणीसम्म सदर गरी आर्थिक जरिवाना हुने गरी भएको निर्णयमा न्यायिक विवेक तथा न्यायिक मन भएको देखिन नआउने।

कानूनले दिएको न्यायिक अधिकारको प्रयोग गर्दा कानूनबमोजिमकै कार्यविधिसमेत अनुशरण गर्दै प्रमाण कागजको यथोचित मूल्याङ्कन गरी निर्णय गर्नुपर्नेमा राष्ट्रबैंकको गभर्नरबाट सो प्रक्रिया अवलम्बन गरी निर्णय भएको अवस्था मिसिलबाट देखिन नआउने।

अतः उपर्युक्तबमोजिम उल्लिखित आधार कारणबाट राष्ट्र बैंकको गर्भनर स्वयम्ले न्यायिक मनको प्रयोग गरी प्रमाण तथा कानूनको मूल्याङ्कन गरी निर्णय गर्नुपर्नेमा तहतहका कर्मचारीबाट उठाइएको टिप्पणी सदरसम्म गरेको मिति २०६८।७।४ को निर्णय त्रुटिपूर्ण देखिँदा उक्त निर्णय बदर गरी पुनः निर्णयका लागि पठाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।१६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-१४५५, धितो रोक्का बदर गरी फुकुवा गरिपाऊँ, *दिपेन्द्रप्रसाद चौधरी वि. मोहनप्रसाद थारूसमेत*

प्रमाणबाट प्रतिवादी पाण्डेश्वरप्रसाद चौधरीसमेतले कृषि विकास बैंकबाट दाबीको जग्गाहरू धितो राखी कर्जा लिँदा यी पुनरावेदक वादी अंशबन्डा गरी छुट्टिएको देखिँदैन। अंश नछुट्याउँदैको अवस्थामा घरको मुख्य व्यक्तिको रूपमा रहेका वादीका बाबु तथा दाजु नाताका प्रतिवादीहरूले संस्थामा कर्जा लिने भनी गरेको व्यवहारलाई अन्यथा भन्न मिल्ने देखिँदैन। संगितादेवी थारूसमेतले यिनै पुनरावेदक वादीसमेत उपर दायर गरेको अंश नामसारी मुद्दामा सबै अंशियारहरू एकासगोलमा नै रहेको मानी ८ अंशियार कायम गरेकोमा पुनरावेदक वादीबाहेकका सबै अंशियारहरूले चित्त बुझाई बसेको देखिएको छ। मिति २०५७।२।२ मा ५ भागको १ भाग अंश पुनरावेदक वादीले पाउने गरी अंश मुद्दामा भएको फैसला म्यादभित्र कार्यान्वयन हुन नसकेको र सोपश्चात् संगीतादेवी थारूले दायर गरेको अंश मुद्दामा मिति २०६६।३।२४ मा भएको फैसलाबाट यी पुनरावेदक वादीसमेत सगोलको अंशियार देखिइरहेको अवस्थामा कार्यान्वयनमा नै नआई निष्क्रिय रहेको फैसलाको आधार लिई धितो सुरक्षणबापत राखेको दाबीको जग्गा ५ भागको १ भाग धितो बदर हुने भनी मान्न मिल्ने नदेखिने।

अतः कृषि विकास बैंक, शाखा कार्यालय, लुम्बिनीबाट प्रतिवादीहरू पाण्डेश्वरप्रसाद चौधरी तथा मोहनप्रसाद थारूले निजहरूको नाम दर्तामा रहेका दाबीमा उल्लिखित विभिन्न कित्ता जग्गाहरू धितो राखी कर्जा लिएको तथ्यमा विवाद नभएको, कर्जा चुक्ता भएको अवस्थामा धितो सुरक्षणबापत राखेको जग्गाहरू फुकुवा हुने नै अवस्था रहेको हुँदा धितो बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६७।०७।२८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-११८५, उत्प्रेषण/परमादेश, *लेखनाथ घिमिरेसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

शिक्षा ऐन, २०२८ (आठौं संशोधन) को दफा ११च(१)(क) मा शिक्षक सेवा आयोगले शिक्षक तथा कर्मचारीको स्थायी नियुक्तिको लागि सिफारिस गर्दा जिल्लाका विद्यालयहरूमा स्वीकृत दरबन्दीअनुसार रहेको शिक्षक तथा कर्मचारीको पद स्थायी रूपमा पूर्ति गर्नु पर्दा विद्यालयको तहअनुसार पूर्ति गर्नुपर्ने शिक्षक तथा कर्मचारीको सङ्ख्याको विवरण शिक्षा विभागबाट लिनुपर्ने प्रावधान रहेको छ। त्यसैगरी उक्त ऐनको दफा ११च(१)(ख) मा जिल्लाका विद्यालयहरूमा पदपूर्ति गर्न खुला प्रतियोगिताको लागि पद सङ्ख्या खोली विज्ञापन प्रकाशित गर्ने र पदअनुसार तोकिएको योग्यता भएका उम्मेदवारहरूबाट दरखास्त लिने व्यवस्था गरेको छ । तर, त्यसरी खुला प्रतियोगिताका लागि शिक्षकको पद सङ्ख्या खुलाउँदा अस्थायी शिक्षकलाई अन्तिम एक पटकको लागि रिक्त दरबन्दीमा संवत् २०६१ साल श्रावण २२ गतेपछि संवत् २०७२ साल आश्विन २ गतेसम्म रिक्त रहेका कुल दरबन्दीको ४९ प्रतिशतमा त्यस्तो दरबन्दी वा सो दरबन्दीको लियन पदमा अस्थायी वा सट्टा शिक्षकको रूपमा अविच्छिन्न रूपमा कार्यरत अस्थायी शिक्षक मात्र उम्मेदवार हुन पाउने व्यवस्था सोही दफाको उपदफा १(ख)(३) मा रहेको देखिने।

उक्त कानूनी व्यवस्थाअनुसार दरबन्दीमा कार्यरत अस्थायी वा सट्टा शिक्षकको रूपमा अविच्छिन्नरूपमा कार्यरत अस्थायी शिक्षकहरूको हकमा मात्र एक पटकको लागि विज्ञापनमा सामेल गराई अस्थायी शिक्षकहरूबिच नै प्रतिष्पर्धा हुने व्यवस्था गरिएको देखियो । निवेदकहरू अस्थायी शिक्षकबाट विस्थापित भइसकेको र हाल निजहरू राहत कोटामा कार्यरत रहेको भन्ने निजहरूको निवेदनबाट देखियो। यसरी एकपटक अस्थायी शिक्षकबाट विस्थापित भई राहत कोटामा नियुक्त भई कार्यरत रहेको अवस्थालाई अस्थायी शिक्षककै भूमिकामा अविच्छिन्नरूपमा कार्यरत रहेको भन्न मिल्ने देखिएन । शिक्षा ऐन, २०२८ को संशोधित व्यवस्थाअनुसार अस्थायी शिक्षकहरूबिच मात्र प्रतिष्पर्धा गराउने गरी प्रकाशित भएको विज्ञापन तत्काल अस्थायी शिक्षकको रूपमा नरहेका यी निवेदकहरूको हकमा आकर्षित हुने देखिएन । निवेदन दाबीको विज्ञापन कानूनप्रतिकूल देखिन नआएको र उक्त विज्ञापनको लागि निवेदकहरूको योग्यता पुगेको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

उपर्युक्त आधार कारणबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन नआएकोले निवेदन खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-CI-०४९७, हक

कायमसमेत, *जगविरप्रसाद यादव वि. रघुविरप्रसाद यादवसमेत*

२०२८ सालमा सर्वे नापी हुँदा प्रतिवादी रघुविर यादवले मेरो अनुपस्थितिमा मेरो अंश भागमा परेको सा.कि.नं.५५८ को पश्चिमतर्फको ०-४-१६ जग्गासमेत आफ्नो नाउँमा नापी गराई कि.नं.१७ मा समावेश गराएको भन्ने वादीको प्रमुख जिकिर रहेको देखिन्छ भने उक्त जग्गा विपक्षी वादीले २०२८ सालको सर्वे नापीमा आफ्नै नाउँमा नापी गराई हालको कि.नं.११ को जग्गामा समावेश गराएका हुन् भन्ने प्रतिवादीको भनाइ रहेको देखिन्छ। कि.नं.११ र १७ को जग्गाको स्रोत खुलाई पठाइदिनु हुन भनी नापी कार्यालय, सप्तरीबाट जवाफ माग भएकोमा सम्बन्धित जग्गाधनीहरूको हकभोग, तालुकदार पटवारीको प्रमाणित तथा सो समयका गाउँ पञ्चायत प्रतिनिधिका फिल्डबुकमा सिफारिस प्रमाणितसमेतका आधारमा सो समयमा सर्वे नापी भएको भनी जवाफ आएको देखिन्छ । यी वादीले आफ्नो अंश भागको सा.कि.नं.५५८ को जग्गा प्रतिवादीहरूले नापी गराएको भन्ने सम्बन्धमा तत्काल कहीँकतै उजुरी गरेको अवस्थासमेत छैन। सा.कि.नं.५५८ र सा.कि.नं.५५७ मिलेर सप्तरी जिल्ला वथनाहा वडा नं.३ हा.कि.नं.१७ को क्षेत्रफल ०-१२-५.८० भएको र प्रतिवादी रघुविर यादवका नाउँमा रहेको भन्ने त्यस्तै सा.कि.नं.५५४, सा.कि.नं.५५६, सा.कि.नं.५८५ र सा.कि.नं.५५८ मिलेर सप्तरी जिल्ला वथनाहा वडा नं.३ हा.कि.नं.११ क्षेत्रफल १-५-१४.९२ जग्गा भई वादी जगविर यादवका नाउँमा दर्ता कायम रहेको भन्ने २०६३ सालको सा.दे.नं.२२१६ को हक कायम बन्डापत्र बदर दर्ता मुद्दामा डोरबाट मिति २०६८/०३/११ मा भई आएको नाप नक्सा मुचुल्काबाट देखिएको छ। सो नक्सा मुचुल्कालाई उक्त मुद्दामा यी वादीले स्वीकार गरी बसेको अवस्था छ । विवादित सा.कि.नं.५५८ को जग्गा २०२८ सालको सर्वे नापीमा वादी प्रतिवादीले २०१६ सालको बन्डाअनुसार नै आ-आफ्नो नाउँमा सर्वे नापी गराएको भन्ने उक्त नक्सा मुचुल्काले प्रमाणित गरेको देखिन्छ। नापीको समयमा वादी प्रतिवादीले आ-आफ्नो जग्गा दर्ता गराएकोमा विवादित जग्गा प्रतिवादीको जग्गामा घुसेको भए सोही समयमा उजुर गर्नुपर्ने हुन्छ। २०२८ सालको नापीको कारण सिर्जित विवाद यतिका समयसम्म कायम रहन्छ र उजुर गरी बदर गराउन सकिन्छ भन्न मिल्ने देखिँदैन। अदालतको नक्सामा जुन जुन कित्तासमेत गरी कि.नं.११ मा वादीका नाउँमा जग्गा देखाइएको छ कि.नं.५५८ बाट वादीलाई प्राप्त जग्गा जोड्दा मात्र कि.नं.११ को क्षेत्रफल पुग्न सक्ने हुन्छ। नापीमा सामान्य नरबढी भएको विषयलाई लिएर वादीको आफ्नो जग्गा पुगिरहेको स्थितिमा कि.नं.१७ मा वादीको जग्गा घुसाइयो भनी मान्न सकिने हुँदैन । वादीलाई सा.कि.नं.५५८ बाट पश्चिमतर्फ जग्गा प्राप्त भएकोमा हाल कि.नं.११ पश्चिमतर्फ नै देखिएको अवस्था छ। यसका साथै यी प्रतिवादीहरू बिचमा २०५५।३।१७ मा र.नं.८८४३ बाट बन्डापत्र पारित भएको र सो कि.नं.१७ को जग्गा ससिमै प्रतिवादीमध्येकी ज्योतीदेवी यादवको अंश भागमा परेको बन्डापत्रबाट देखिएको छ। यसरी २०१६ सालको बन्डामा पाएको जग्गा २०२८ सालको सर्वे नापीमा दर्ता गराउन छुट भयो भन्ने यी वादीले प्रतिवादीहरू बिचमा २०५५ सालमा भएको बन्डापत्रलाई बदर गराउन २०६३ सालमा मात्र सा.दे.न.२२१६ को हक कायम बन्डापत्र बदर, दर्ता मुद्दा दायर गरेको र उक्त मुद्दामा वादी दाबी पुग्न नसक्ने भनी सप्तरी जिल्ला अदालतबाट मिति २०६८।१०।१२ मा भएको फैसला अन्तिम भएर बसेको देखिने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट सा.कि.नं.५५८ को आधा ०-४-१६ जग्गा प्रतिवादीको कि.नं.१७ मा मिलाई २०२८ सालमा नरबढी भन्ने देखाई सर्वे नापी गराएको भन्ने दाबी भएकोमा मिति २०६३।०७।१७ मा दायर भई यिनै वादी प्रतिवादीबिच चलेको सा.दे.नं.२२१६ को हक कायम बन्डापत्र बदर दर्ता मुद्दामा अदालतबाट भई आएको मिति २०६८।३।११ को नक्सा मुचुल्का, २०२८ सालमा

नापी भएको फिल्डबुक बेहोरा, मिति २०६८/१०/१२ मा भएको सप्तरी जिल्ला अदालतको फैसलासमेतबाट पुष्टि हुन आएको नदेखिएको र वादीले दाबीको जग्गामा हक पुग्ने भनी लिएको आधारसमेत प्रमाणबाट समर्थित हुन नसकेकाले वादी दाबी नपुग्ने सुरु फैसलालाई सदर गरेको पुनरावेदन अदालत राजविराज, सप्तरीको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रबहादुर कार्की

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल माघ २९ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०८९४ र ०७१-CI-०५१२, जग्गा खिचोला चलन, *हनुमान मालु वि. चन्द्रकलादेवी साह र चन्द्रकलादेवी साह वि. हनुमान मालु*

सुरू मिसिल सामेल रहेको नक्सा मुचुल्काबमोजिम कि.नं.१४३९ मा वादीको स्रेस्ताअनुसारको जग्गा मिले भिडेको अवस्था देखिँदा, कि.नं.१४३८ को जग्गामध्ये न.नं. १ र १(क) को विवादित जग्गा प्रस्तुत मुद्दाका वादीले खिचोला गरेको ठहर भई निजले निर्माण गरेको टहरासमेत भत्काई उक्त मुद्दाका वादीले चलनसमेत पाउने ठहर भएकोले प्रस्तुत मुद्दा पनि उक्त मुद्दासँग अन्तरप्रभावी हुँदा उक्त मुद्दामा गरिएको विवेचना, लिएको आधार, प्रमाण र कारणबाट न.नं.१क को घर टहरा निर्माण भएको जग्गासमेत हनुमान मालुको देखिँदा वादी दाबी नपुग्ने फैसला गर्नुपर्नेमा न.नं.१क को घर टहराबाहेकको जग्गासम्म हनुमान मालुको ठहर गरी पुनरावेदन अदालतबाट मिति २०७०।१।२४ मा भएको फैसला न्याय र कानूनको रोहमा मिलेको नदेखिने।

अत: मिसिल सामेल रहेको नक्सा मुचुल्कासमेतबाट यी वादीको नाममा रहेको कि.नं.१४३९ को न.नं.२, २ (क) र २ख को कूल क्षेत्रफल ०-०-१५ धुर भई वादीको दर्ता स्रेस्तामा रहेको क्षेत्रफलसँग मिले भिडेको देखिँदा न.नं.१ र १क को विवादित जग्गा वादीले नै भोग चलन गरेको भनी न.नं.१क को टहरा निर्माण गरेको जग्गामा वादी दाबी पुग्ने गरी भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।१।२४ को फैसला उल्टी हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम्।

- ०७०-CI-०८९५ र ०७१-CI-०५११, टहरा भत्काई जग्गा खिचोला चलन, *हनुमान मालु वि. चन्द्रकलादेवी साह र चन्द्रकलादेवी साह वि. हनुमान मालुसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-०७६७, पर्खाल भत्काई बाटो निकाससमेत, *नारायणलाल राजवंशी वि. रामुलाल राजवंशीसमेत*

सुरू जिल्ला अदालतबाट भएको नक्सा कुण्डली हेर्दा न.नं. ८,९,१०,११ र १२ वादीको कि.नं. ११७ भित्रको घर जग्गा देखियो। न. नं. १३ सार्वजनिक प्रयोगमा रहेको बाटो र न.नं. १५ प्रतिवादीहरूले पर्खाल निर्माण गरी खिचोला गरेको भन्ने वादी दाबीको जग्गा देखियो। कि.नं. ११६ को जग्गाभित्र जनिएको न. नं. १६, १७ र १९ प्रतिवादी रामुलाल राजवंशीको घर जग्गा रहेको भई निजैले भोग गरेको र न.नं.१८ निजकै भोगमा रहेको विवादित बाटो देखिई न.नं.२०, २१, २२ समेत निज प्रतिवादी रामुलालकै भोगमा रहेको देखियो। उक्त नक्सामा उल्लेख भएबमोजिम न.नं.२३ प्रतिवादी वरातु सुतिहारको भोगमा, न.नं.२९ प्रतिवादी काशी राजवंशीको प्रयोग भोगमा, न.नं. ३१ नरबहादुर बोगटीको भोग चलनमा रही उल्लिखित जग्गाहरूको

उत्तरतर्फ न.नं.१५ को विवादित पर्खाल रहेको पाइयो । मिसिल सामेल रहेको सर्भे नक्सा प्रिन्ट आदेशानुसार भएको नक्सा विवरणमा न.नं.१३ को पश्चिमतर्फ १ मिटर र न.नं.१८ मा २ मिटर भएको देखिएबाट दुवै न.नं. को चौडाइ जोडी हेर्दा बाटोको चौडाइ १० फिट पुग्ने देखियो। विवादित नं. नं. १५ मा १ मिटर चौडाइ रहेकोमा सोसमेत मिलाई हेर्दा बाटोको चौडाइ वादीको दाबीभन्दा बढी देखिन्छ। यस अवस्थामा प्रतिवादीहरूले लगाएको विवादित न.नं. १५ को पर्खालभन्दा उत्तरतर्फ न.नं.१८ को बाटो र सो भन्दा उत्तरतर्फ न.नं.१३ को प्रयोगमा रहेको बाटोसमेत नक्सा विवरणबाटै स्पष्ट भई रहेको अवस्थामा न.नं. १३, १४ र १८ लाई बाटो कायम गरेको हदसम्मको सुरूको फैसलालाई अन्यथा देखिएन भनी पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखियो। पुरानो सर्भे नापीको नक्सानुसार सार्वजनिक बाटोको चौडाइ १० फिट भएकोमा कि.नं.१७ को (न.नं.१५ को) १ मिटर थप गर्दा बाटोको चौडाइ १४ फिट पुग्न जाने हुँदा न.नं.१३ को जग्गालाई बाटो कायम गरिएको हदसम्म सुरू फैसला उल्टी गरिपाउँ भन्ने वादी दाबी भएकोमा न.नं.१३ मा हाल प्रयोगमा रहेको चलन चल्तीको बाटो रहेको भन्ने नक्सा मुचुल्काबाट देखिएबाट वादीको जिकिर न्यायोचित देखिन आएन । साथै पुनरावेदन अदालतको आदेशानुसार नापी कार्यालयबाट विभिन्न कित्ता जग्गाहरूको टायल चेक भई आएकोमा सबै कित्ताहरूको क्षेत्रफल साबिक र टायल चेकबाट मिले भिडेको देखिँदा यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधारसँग सहमत हुन पनि नसकिने।

अतः उल्लिखित आधार प्रमाण, मिसिल संलग्न कागजात एवम् नक्सा मुचुल्कासमेतबाट न.नं.१३, १४, १८ लाई सार्वजनिक बाटो कायम गरेको हदसम्म सुरूको फैसला मिलेको देखियो। साथै न.नं. १५ को दिवाल भत्काई बाटो कायम गरेको हदसम्म सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।२।१६ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम्।

## इजलास नं. १४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-१०९५ र ०६७-CI-१०९६, जग्गा खिचोला मेटाई चलन, *चुडामणी आचार्य वि. दुर्गाप्रसाद शर्मा र दुर्गाप्रसाद शर्मा वि. चुडामणी आचार्य*

प्रतिवादीले खिचोला गरेको भनेको मिति एउटै नभई फरकफरक देखिएको अवस्था र खिचोला गरेको भनेको जग्गाको क्षेत्रफलसमेत फरकफरक देखिएकोले एउटै विषयमा पटकपटक मुद्दा गर्न आएको र मुलुकी ऐन, अ.बं.८५ नं. को कानूनी व्यवस्थाविपरीत भएको भनी भन्न मिल्ने पनि देखिन नआउने।

अदालतको आदेशानुसार मिति २०६४/१/२८ मा भएको नक्सा मुचुल्कामा उल्लेख भएको न.नं. ८ को जग्गा कि.नं. ४९५ र कि.नं. ४९६ को जग्गाको बिचमा रहेको विवादित जग्गा भनी जनिई लम्बाइ १ मिटर चौडाइ ९.६० मिटर भनी उल्लेख भएको देखिन्छ । उक्त न.नं.८ को जग्गा वादीको कि.न.४९६ को कित्ता जग्गाभित्रको जग्गा हो भनी अमिनले मिति २०६७।६।१२ मा दिएको प्रतिवेदनमा स्पष्ट उल्लेख भएको आधारसमेतबाट उक्त न.नं.८ को जग्गामा प्रतिवादीले खिचोला गरेको भनी सुरू अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर भएको अवस्थासमेत हुँदा सो हदसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिने।

जिल्ला अदालतबाट मिति २०६४/१/२८ मा भएको उक्त नक्सा मुचुल्का तथा पछि अमिनले मिति २०६७/६/१२ मा दिएको प्रतिवेदनका सम्बन्धमा

प्रतिवादीले आफ्नो पुनरावेदन जिकिरमा सोबारे प्रश्न उठाएको भए पनि प्रतिवादीले मौकामा कुनै आपत्ति जनाई उजुर गरेको अवस्था मिसिलबाट देखिँदैन । मौकामा उजुर नगरी मौन बसेको अवस्थामा पुनरावेदन गर्दा उठाएको जिकिरसँग सहमत हुन नसकिने।

विवादित न.नं.१४ को १ मिटर चौडाइ र लम्बाइ ६.४० क्षेत्रफल जग्गा वादीको कि.नं.११५१ भित्रको भन्ने देखिएको र उक्त जग्गा प्रतिवादीको कि.नं.४९३ मा (न.नं.१४) घुसेको भन्ने देखिँदादेखिँदै पुनरावेदन अदालतबाट न.नं.१४ को जग्गा वादीको कि.नं.११५१ भित्रको नभई प्रतिवादीको कि.नं.४९३ भित्रको देखिएकोले कि.नं.११५१ मा प्रतिवादीले खिचोला गरेको देखिएन भनी भएको फैसला मिलेको नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट वादीको जग्गा नक्सा स्रेस्ताभन्दा कम देखिएको तथा प्रतिवादीको जग्गा स्रेस्ताभन्दा बढी देखिएको, सुरू जिल्ला अदालतबाट मिति २०६४।१।२४ मा भएको नक्सा मुचुल्का र अमिनले मिति २०६७।६।१२ मा दिएको प्रतिवेदनसमेतको आधारमा न.नं.८ को जग्गामा प्रतिवादीले खिचोला गरेको भनी सुरू अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर भएको अवस्थासमेत हुँदा सो हदसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखियो । न.नं.१४ को लम्बाइ ६.४० र चौडाइ १ मिटर जग्गासमेत प्रतिवादीले वादी दाबीअनुसार खिचोला गरेको देखिँदा सुरू जिल्ला अदालतबाट खिचोला गरेको भनी भएको फैसला नमिलेको भनी पुनरावेदन अदालतबाट मिति २०७०।११।१३ मा भएको फैसला सो हदसम्म नमिलेको देखिँदा केही उल्टी भई वादी दाबीअनुसार न.नं.१४ मा उल्लेख भएको लम्बाइ ६.४० मिटर र चौडाइ १ मिटर जग्गा प्रतिवादीले खिचोला गरेको ठहर्ने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार २५ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०८२४, उत्प्रेषण/परमादेश, *भाष्कर सिंह कार्की वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

रिट निवेदक स्वयम् मिति २०७४/५/९ मा FN अन्तर्गत दर्ता गरेको निवेदनमा भेटघाटसम्बन्धी फैसला कार्यान्वयनको सन्दर्भमा काठमाडौं जिल्ला अदालतमा बाबुआमाबिच सम्बन्ध विच्छेद भई आमासँग साथमा बसेकी तत्काल वर्ष ७ की नाबालिका छोरीलाई भेटघाट गर्ने प्रयोजनार्थ माथवर व्यक्ति तोकी समय तालिका बनाई भेट गर्न र सँग साथमा राख्न पाउने गरी जिल्ला अदालतबाट आदेश भएकोमा सो आदेशउपर नाबालिकाकी आमाको उच्च अदालतमा निवेदन परी सो निवेदनको रोहमा सुनुवाइ हुँदा जिल्ला अदालतको आदेश व्यावहारिक नदेखिने।

माथवर व्यक्ति विदेशमा रहेको अवस्थामा उक्त आदेश कार्यान्वयन हुन नसक्ने अवस्थासमेतलाई विचार गरी बालबालिकाको सर्वोत्तम हित र बाबुआमाको छोराछोरीप्रतिको कर्तव्य र अधिकारसमेतलाई मध्यनजर गरी नाबालिका पढ्ने विद्यालयमा नै विद्यालयको व्यवस्थापनमा बाबुले भेटघाट गर्न पाउने गरी उच्च अदालत पाटनबाट मिति २०७५।१।१३ मा आदेश भएको देखिँदा उक्त आदेश बालकको हितअनुकूल र कार्यान्वयन हुने प्रकृतिको नै देखिने।

बालबालिकासम्बन्धी ऐन, २०४८ ले भेटघाटको हकको लागि जिल्ला अदालतमा बाबुआमाले निवेदन दिन सक्ने नै कानूनी व्यवस्था रहेको र रिट निवेदकले FN अन्तर्गत (०७४-FN-००१) दर्ता गरेको निवेदनमा जिल्ला अदालतले दिएको आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले अ.बं.१७ नं. को निवेदन दिन सक्ने र १७ नं. को निवेदनले आदेशको रीत बेरित हेर्न सक्ने नै हुँदा अन्यथा भन्न

सकिने अवस्था नदेखिने।

उच्च अदालतबाट आदेश हुँदा प्रत्येक महिनाको पहिलो शुक्रबार नाबालिका अध्ययन गर्ने विद्यालयमा रिट निवेदक बाबुले भेटघाट गर्न पाउने र सोको लागि बालिकाको आमा र विद्यालयले उचित प्रबन्ध गरिदिनुपर्ने भन्ने उल्लेख गरेको देखिन्छ। सो आदेशलाई हेर्दा बाबुको हक हनन् भएको वा बालबालिकाको अहित हुने कुनै कार्य भएको भन्ने नदेखिने।

जिल्ला अदालतबाट भएको आदेशमा तोकिएका माथवर व्यक्ति विदेशमा रहेको भन्ने देखिन्छ। बालबालिकाको हकहितमा प्रतिकूल असर पर्ने गरी विपक्षीले कार्य गरेको देखिँदैन। भेटघाटको अवसरबाटै यी निवेदक वञ्चित भएको अवस्था पनि देखिँदैन। यस अवस्थामा उच्च अदालत पाटनको आदेशले रिट निवेदकको कुनै संवैधानिक वा कानूनी हक हनन नगरेको र नाबालिकाको सर्वोत्तम हितमा प्रतिकूल असर गरेको पनि नदेखिएको तथा बाल न्यायसम्बन्धी सर्वमान्य सिद्धान्तअनुकूल नै रहेको देखियो। अदालतबाट भएको भेटघाटको सुविधा दिने आदेश कार्यान्वयन योग्य व्यावहारिक र उचित (Reasonable) पनि हुनुपर्छ। महिनाको एक पटक भेटघाटको समयलाई अव्यावहारिक र अनुचित भन्न नसकिने र अदालतको आदेशलाई कार्यान्वयन गर्न विद्यालयले सहयोग नै गरिरहेको देखिँदा उक्त आदेश बदर गर्नुपर्ने कारण र आधार नदेखिने।

अतः विवेचित आधार कारणबाट उच्च अदालत पाटनबाट मिति २०७५।१।१३ मा भएको आदेश बदर गरी काठमाडौं जिल्ला अदालतको मिति २०७४।८।१३ को आदेश नै कार्यान्वयन गरिपाउँ भन्ने दाबी मनासिब नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असार २५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-RC-०१६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हाङपाल राई*

प्रतिवादीको साबिती बयान बेहोरालाई आग्लो लगाउन प्रयोग गर्ने फलाम तथा काठको मुस्लीसमेत घटनास्थलबाट बरामद भएको मिति २०७०/१२/६ को बरामदी मुचुल्का, मृतक देवीराज राईको कुखुरा चोरेको विषयलाई लिएर प्रतिवादी हाङपाल राईले मृतक देवीराज राईको टाउकोलगायत शरीरका विभिन्न भागमा कुटपिट गरी मारेको हो भनी मौकामा तथा अदालतमा समेत आई सितरमाया राई, वर्तमान राई तथा समाल राई, उत्तम सिंह राई, इन्द्रध्वज राई तथा बालजीत राईले गरेको बकपत्र एवम् प्रतिवादी हाङपाल राईले योजनाबद्ध तरिकाले ढुङ्गा, मुस्ली, बक्सिङसमेतले टाउकोलगायतको भागमा कुटपिट गरी कर्तव्य गरी मारेकाले निजलाई हदैसम्मको कानूनी कारबाही गरिपाउँ भनी वस्तुस्थिति मुचुल्काका मानिस छत्रबहादुर राई, देवकुमार राई, दीपक राई, पर्शुराम राईले सुरू अदालतमा गरेको बकपत्र तथा मृतकको घरभित्र पसी घरभित्र रहेको काठको मुस्लीले मृतकको टाउकोमा प्रहार गरी हत्या गरेको हो भनी मौकामा दिएको जाहेरी बेहोराको समर्थनमा जाहेरवाला नारायणध्वज राईले अदालतमा उपस्थित भई गरेको बकपत्र, Head Injury को कारणले मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न रहेका कागजातहरूले पुष्टि गरेको देखिन्छ। सोको अलावा प्रतिवादीले आफूउपरको कसुरलाई इन्कार गर्न नसकी मृतकलाई रक्सीको सुरमा कुखुरा चोर भनी आफूलाई लगाएको आरोपबाट उठेको रिसका कारण मृतकको घरमा गई मृतकमाथि मुस्ली तथा आग्लोसमेतले प्रहार गरी आफू त्यहाँबाट हिँडेको भनी सहज र स्पष्टरूपमा स्वीकार गरेको र उक्त वारदातमा यी प्रतिवादीबाहेक अन्य तेस्रो व्यक्तिको संलग्नता रहेको भन्नेसमेत नदेखिँदा मृतकको मृत्यु यी प्रतिवादीकै कर्तव्यबाट

भएको रहेछ भनी मान्नु पर्ने देखिने।

तसर्थ प्रतिवादीउपर परेको किटानी जाहेरी, मौकामा बुझिएका व्यक्तिहरू तथा वस्तुस्थिति मुचुल्कामा रहेका व्यक्तिहरूले अदालतमा आई गरेको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का, लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन एवम् प्रतिवादीको मौका तथा अदालतसमक्षको बयानसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी हाङपाल राईलाई ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. बमोजिमको कसुरमा ऐ. ऐनको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू भोजपुर जिल्ला अदालतको मिति २०७१।०३।२९ को फैसला साधकको रोहमा जाँच गरी सदर हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाले मिति २०७२।१।३० मा गरेको फैसला साधकको रोहमा जाँच गर्दा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-०१७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भालु वि.क.*

प्रतिवादीले मृतकको टाउकोमा हानेको चोट प्रहारबाट भाइ निमबहादुरको मृत्यु भएकोले आवश्यक कारबाही गरिपाउँ भनी मृतकको दाजु सर्जन पुनले प्रतिवादीउपर किटानी जाहेरी दिएको र सो जाहेरी बेहोराको समर्थनमा जाहेरवालाले अदालतमा समेत बकपत्र गरी जाहेरी बेहोरालाई पुष्टि गरेको देखिन्छ। प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत मृतकलाई लवर्के नाम गरेको दाउरा हातमा लिई टाउकोमा ३/४ पटक प्रहार गरेको हो त्यसरी प्रहार गरेपछि निज त्यहीँ ढलेका थिए भनी कसुर गरेकोमा साबित भई बयान गरेको देखिन्छ। घटना विवरण कागज गर्ने मंगली रावत, नरेश रावत, अम्मर सिंह पुन, भीमबहादुर राना तथा केशव रावतले समेत मृतकलाई प्रतिवादीले नै दाउराले टाउकोमा हानी मारेका हुन् भनी प्रतिवादीको उक्त साबितीलाई पुष्टि हुने गरी बेहोरा लेखाएको देखिन्छ भने घटना विवरण कागज गर्ने भीमबहादुर रानाले अदालतमा समेत आई यिनै प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको हो भनी बकपत्र गरेको देखिन्छ। प्रतिवादीले मृतकलाई कर्तव्य गरी मार्नमा प्रयोग गरेको उक्त दाउरासमेत घटनास्थलबाट बरामद भई प्रतिवादीले सनाखतसमेत गरेको देखिने।

प्रतिवादीउपरको किटानी जाहेरी, जाहेरी बेहोराको समर्थनमा जाहेरवाला तथा घटना विवरण कागज गर्ने भीमबहादुर रानाले गरेको बकपत्र, घटना विवरण कागज गर्ने मंगली रावतसमेतको भनाइ, अधिकारप्राप्त अधिकारी तथा अदालतमा कसुरमा साबित भई प्रतिवादीले गरेको बयान, वारदातमा प्रयोग भएको दाउरा बरामद भएको बरामदी मुचुल्का एवम् सनाखत कागज, Fracture skull bone with intra cranial hemorrhage को कारणबाट मृतकको मृत्यु भएको भन्ने मृतकको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न रहेको प्रमाण कागजहरूबाट मृतक मीनबहादुर पुनलाई प्रतिवादीले दाउराले प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि भएको देखिने।

अतः उल्लिखित आधार एवम् प्रमाणसमेतबाट प्रतिवादी भालु वि.क. लाई अभियोगपत्र माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सल्यान जिल्ला अदालतको फैसला साधकको रोहमा जाँची सदर गरेको उच्च अदालत सुर्खेतको मिति २०७४।२।३ को फैसला साधकको रोहमा जाँची हेर्दा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-RC-०००५, कर्तव्य

ज्यान, *नेपाल सरकार वि. कानूनचन्द्र बहादुर भन्ने रामचन्द्र सरदार*

प्रतिवादीउपरको किटानी जाहेरी, सो जाहेरीको समर्थन हुने गरी निज प्रतिवादीले अदालत एवम् अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, घटनास्थल एवम् वस्तुस्थितिका मानिसहरूको भनाइसमेतका उल्लिखित मिसिल संलग्न कागजातहरूबाट मृतक भागोदेवीलाई यिनै प्रतिवादी रामचन्द्र सरदारले धारिलो फलामको हतियार दाउले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएको देखिँदा सोसमेतका आधार तथा कारणहरूबाट प्रतिवादी रामचन्द्र सरदारलाई अभियोगपत्र माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखियो । प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम घटी सजाय गर्ने भनी व्यक्त भएको राय सम्बन्धमा हेर्दा, मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी एवम् तयारी केही नभएको, रक्सी खाने कुरामा विवाद भई दुवै पक्षले हात हालाहाल गरेको, प्रतिवादीलाई प्रहार गर्न मृतकले नै उक्साई रिसको झोकमा धारिलो हतियार फलामको दाउले प्रहार गरेको, दुईजना नाबालक सन्तानको पालनपोषण गर्ने जिम्मेवारी प्रतिवादीकै रहेको देखिएको तथा प्रतिवादीले वारदातलाई स्वीकार गरी अनुसन्धानमा सहयोग गरेको मिसिल संलग्न रहेको परिस्थितिजन्य आधार तथा कारणसमेतबाट प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भएकोले प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद हुने गरी व्यक्त भएको सुरू जिल्ला अदालतको रायसमेत साधकको रोहमा सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।३।६ को फैसला साधकको रोहमा हेर्दा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-RC-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोतिलाल जैसी*

प्रतिवादीले दिदी राधिका भन्ने शारदा जैसीलाई हँसियाले घाँटी रेटी हत्या गरेका हुन् भनी प्रतिवादीउपर किटानी जाहेरी दिएको र सो जाहेरी बेहोरालाई समर्थन गरी अदालतमा समेत उपस्थित भई बकपत्र गरेको देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारी एवम् अदालतमा समेत श्रीमतीलाई मार्ने उद्देश्यले नै हँसियाले घाँटी रेटी हत्या गरेको हुँ भनी घटना सम्बन्धमा सविस्तारपूर्वक उल्लेख गरी कसुर अपराधमा साबित भई बयान गरेको पाइन्छ । प्रतिवादीको साबिती बयानलाई प्रतिवादीका छोरी सुरीता शर्माले आमाको हत्या बुबा मोतिलालले नै गरेका हुन् भनी घटना विवरण कागज गर्दा बेहोरा लेखाई सोही बेहोराको समर्थनमा अदालतमा समेत उपस्थित भई गरेको बकपत्र, प्रतिवादीले मृतकलाई धारिलो हतियार प्रयोग गरी हत्या गरेका हुन् भनी घटना विवरण कागज गर्ने सेतीराम जैसी, पशुपति शर्मा एवम् खड्गप्रसाद शर्माले अदालतमा उपस्थित भई गरिदिएको बकपत्र, घाँटीमा काटिएको घाउको गहिराई ३ इन्च, लम्बाइ ६ इन्च, चौडाइ ३ इन्च धारिलो हतियारले काटिएको घाउ रहेको भन्ने लास जाँच मुचुल्का एवम् मृतकको शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण Cut Injury to throat देखिएको भन्ने मिसिल संलग्न आधार प्रमाणसमेतबाट मृतक राधिका भन्ने शारदा जैसीको मृत्यु प्रतिवादी मोतिलाल जैसीकै कर्तव्यबाट भएको रहेछ भनी मान्नुपर्ने देखिने ।

अतः मृतकको मृत्यु कर्तव्यबाट भएको देखिएको, सो कर्तव्य गर्ने व्यक्ति मृतककै श्रीमान् प्रतिवादी मोतिलाल जैसीकै कर्तव्यबाट भएको देखिएको माथि उल्लिखित आधार प्रमाणहरूबाट पुष्टि भएको देखिँदा निज प्रतिवादी मोतिलाल जैसीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको

सुरू फैसला साधकको जाँचको रोहमा सदर गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७४।२।२३ को फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०५५१, उत्प्रेषण / परमादेश, *खर्गलाल चौधरी वि. उच्च अदालत जनकपुर, राजविराज इजलास, राजविराज सप्तरीसमेत*

फैसला अन्तिम भएकाले फैसलाबमोजिमको बिगो भराई पाउँ भनी वादीले कि.नं.४०० समेतका जग्गा देखाई मिति २०६५।९।१४ मा सप्तरी जिल्ला अदालतमा दरखास्त दिएको देखिन्छ। उक्त दरखास्त परेपछि सो मुद्दाका प्रतिवादी यी रिट निवेदक खर्गलाल चौधरीको नाममा जारी भएको ३५ दिने म्याद मिति २०६६।६।१ मा रिट निवेदक आफैँले बुझेको भन्ने बेहोरा उल्लेख भई तामेल भएको देखिन्छ। तत्पश्चात् मिति २०६७।११।७ मा रिट निवेदक नामको कि.नं. ४०० को जग्गाको जायजात तायदातसमेत भई मिति २०६७।११।२६ मा पञ्चकिर्ते मूल्याङ्कन भई मिति २०६८।४।३२ मा लिलामीमा चढी मनोज साहले डाक सकार गरी दा.खा दर्तासमेत भएको देखिने।

प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजात हेर्दा रिट निवेदकसमेत प्रतिवादी रहेको लेनदेन मुद्दामा सप्तरी जिल्ला अदालत, मिति २०६४।१।६ मा प्रतिवादीबाट साँवा ब्याज भराउने ठहरी उक्त फैसला अन्तिम भएको कुरामा विवाद रहेन। सो अन्तिम फैसलाबमोजिमको बिगो भराइ पाउँ भनी सो मुद्दाका वादीले मिति २०६५।९।१४ मा अदालतमा दरखास्त दिएको देखिन्छ। रिट निवेदक को नाउँमा बिगोको ३५ दिने म्याद जारी भएकोमा निज आफैँले बुझेको भनी मिति २०६६।६।१ मा तामेल भएको देखिने।

रिट निवेदकको नाउँमा सूचना जारी भएपश्चात् पनि बिगोको कारबाहीमा उपस्थित नभएपछि अदालतबाट निवेदकको नाउँको जग्गा लिलाम गरी फैसला कार्यान्वयन भएको अवस्था छ। उक्त लिलामी कार्य मिति २०६८।४।३२ मा भएकोमा लिलाम सकार गर्ने मनोजकुमार साहको नाममा दा.खा दर्ता गराइदिने पुर्जी मिति २०६८।६।९ मा जारी भएको अवस्था छ। तर रिट निवेदकले उक्त लिलामी प्रक्रिया आफ्नो जानकारीबेगर भएको भनी मिति २०७३।२।१८ मा आएर चुनौती दिई अदालतमा निवदेन गरेको अवस्था देखिने।

रिट निवेदनसँग सम्बन्धित बिगोको मिसिलको समग्र अध्ययन गर्दा रिट निवेदकले दाबी लिए जस्तो लिलामी प्रक्रियामा कुनै कानूनी एवम् प्रक्रियागत त्रुटि रहेको देखिन आएको छैन। त्यसका अतिरिक्त आफ्नो नाममा दर्ता रहेको जग्गा आफूले खाएको ऋण नतिरेबापत मिति २०६८।४।३२ मा भएको लिलामसम्बन्धी कार्य बदरको मागदाबी लिई यी रिट निवेदक करिब ५ वर्षपछि अदालत, आएको अवस्था देखिने।

आफ्नो नाममा तामेल भएको म्याद आफूले नबुझेको र किर्ते भएको भन्ने निवदेकको कथन रहेकोमा तामेली म्यादमा बुझ्नेको सहीछाप किर्ते हो भनी तामेली म्यादलाई चुनौती गरेर साधारणतहको अदालतमा निजले नालिस गरी साधारण अदालतबाट उक्त तामेली म्यादमा लागेको सहीछाप सद्दे किर्ते के हो ? सोको विशेषज्ञबाट परीक्षण गराई निर्क्योल गर्नुपर्ने हुँदा त्यसतर्फ रिट क्षेत्रबाट कुनै प्रक्रिया अवलम्बन गर्न मिल्दैन। तामेली म्यादको सहीछाप सद्दे किर्तेको जिकिर रहेको विषयमा सुरू तहको साधारण अदालतमा नालेस गरी निर्क्योल गर्ने सम्बन्धमा अवलम्बन गर्न सकिने कानूनी प्रक्रिया पनि निवेदकले अवलम्बन गर्न सकेको नदेखिने।

निवेदकले आफूले लिएको खाएको ऋण इमान्दारीसाथ समयमा चुक्ता गर्नेतर्फ अग्रसर पनि नहुने र लेनदेनको वादी एवम् साहुलाई निजको बिगो ऋणी यी निवेदकको जायजेथाबाट फैसलाबमोजिम भरी भराउने कारबाही गरी बिगो भराउँदासमेत तथ्यहीन जिकिर एवम् कारबाहीका क्रममा सानातिना झिना मसिना त्रुटिहरूलाई औंल्याएर बिगो भराउने कारबाहीलाई अझ पनि निरर्थक तुल्याउने चेष्टालाई कारबाहीको क्रममा गम्भीर प्रकृतिको त्रुटि भएको अवस्थामा बाहेक अदालतले मान्यता दिएर फैसला कार्यान्वयनको चरणलाई अदालतप्रतिको आस्था कमजोर र प्रभावित हुने गरी अवरूद्ध गर्नु नहुने।

लेनदेन मुद्दाको फैसला कार्यान्वयन सम्बन्धमा कुनै कानूनी एवम् प्रक्रियागत त्रुटि नदेखिएको र लिलाम भएको करिब ५ वर्षपछि लिलाम प्रक्रियालाई चुनौती दिई अदालतमा प्रवेश गरेको स्थितिमा विलम्बको सिद्धान्तबमोजिम प्रस्तुत रिट निवेदनको रोहमा निवेदकलाई उपचार प्रदान गर्न सकिने अवस्था नहुने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट लेनदेन मुद्दाको बिगो भराउने क्रममा भएको लिलामी सम्बन्धमा कुनै कानूनी एवम् प्रक्रियागत त्रुटि भएको नदेखिएको र लिलामी भएको करिब ५ वर्षपछि रिट निवेदकले सो लिलामीलाई चुनौती दिई अदालत, प्रवेश गरेकोसमेत देखिएको पृष्ठभूमिमा निवेदकको मागबमोजिमका आदेश जारी हुनसक्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-०११५, अवैध साल काठ कटान, *गोरखबहादुर बम वि. नेपाल सरकार*

प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा हागाँबिँगा हो भने तापनि बरामदी काठ गोलिया काठ रहेको कुराले प्रतिवादीको बयान बेहोरा खण्डित भएको देखिन्छ । निवेदन दिई इजाजत पत्र लिई वन क्षेत्रको काठ दाउरा कटान गरेर मात्र बिक्री वितरण गर्नुपर्नेमा प्रतिवादी गोरखबहादुर बमले इजाजत पत्र लिई उक्त वनक्षेत्रको काठ दाउरा काटी बिक्री वितरण गरेको कुरा मिसिल संलग्न कागजातबाट देखिँदैन । सरोकारवाला अधिकारप्राप्त अधिकारीको इजाजत बिना कोपिला सामुदायिक वन उपभोक्ता समितिको अध्यक्षको हैसियतले उपभोक्ताको आवश्यकता अनुसार समितिको निर्णयबमोजिमनै २ वटा सालको रूख काटी हाँगाबिँगा दाहसंस्कारको लागि प्रयोग गरी र गोलिया काठ उपभोक्ताहरूलाई बिक्री वितरण गरेको हो भने पनि कानून र नियमको रोह रीत पुऱ्याई निवेदन गरी रीतपूर्वक इजाजत लिई गर्नुपर्नेमा कानून र नियमको रोह रीत विना नै सामुदायिक वनको गोलिया काठ बिक्री गर्ने क्रिया कानूनसम्मत देखिन आएन । सामुदायिक वनको अध्यक्षको हैसियतले सामुदायिक वनका रूखहरू अन्य उपभोक्ताहरूलाई दिँदा पनि निजले वन ऐन र नियमावलीले तोकेको सबै प्रक्रिया पूरा नै गर्नु पर्दैन भनी निजलाई कानूनले छुट दिएको नदेखिने।

प्रतिवादी गोरखबहादुर बम अनुसन्धान अधिकारी र अदालतसमक्ष आरोपित कसुरमा साबिती रहेको, प्रतिवेदक सहायक वन अधिकृत श्यामबाबु लोप्चनले मौकाको भनाइ समर्थन हुने गरी अदालतसमक्ष बिना इजाजत रूख काटिएको हुँदा अभियोग माग दाबीअनुसारको सजाय प्रतिवादी गोरखबहादुर बमलाई हुनुपर्छ भनी बकपत्र गरिदिएको, रूख काटेको कुरालाई प्रतिवादी गोरखबहादुर बमले स्वीकारै गरेका र रूख कटानको लागि इजाजत लिएको भन्ने नदेखिई इजाजतबेगर सामुदायिक वन क्षेत्रको रूख काटी अनियमिता गरेको भन्ने देखिन आएकोले आरोपित कसुर निजबाट भएको नै देखिन आउने।

तसर्थः उल्लिखित, आधार र कारणहरूबाट प्रतिवादी गोरखबहादुर बमलाई वन ऐन, २०४९ को

दफा ४९ को (घ) र (ङ) को कसुरमा सोही ऐनको दफा ५० को उपदफा (१) को खण्ड (घ) को (४) बमोजिम ५ महिना कैद गर्ने गरी बर्दिया जिल्ला अदालतबाट मिति २०७१।१०।२१ मा भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।९।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल मङ्सिर ७ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०९९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कालीबहादुर रोकाया (स्पात)*

प्रत्यर्थी प्रतिवादीको यो यस प्रकारले संलग्नता रहेको भनी वादी पक्षले शङ्कारहित तवरले पुष्टि गर्न सकेको पाइँदैन। जाहेरी तथा घटना विवरणका कागजबाट मृतक नेत्रबहादुर शाहीलाई मिति २०६४।११।२४ मा दर्वीभिर भन्ने ठाउँबाट ने.क.पा. माओवादीका कार्यकर्ताहरूले कब्जामा लिएकोसम्म देखिन्छ। त्यसपछि निज भागेको भनी निज माओवादीहरूले प्रहरी चौकी मिमी, पिप्लाङ, हुम्लामा निवेदन दिएको देखिन्छ। प्रतिवादीमध्येका सुरवीर ऐडीले गरी दिएको मौकाको कागज, मिति २०६४।३।८ को लासजाँच मुचुल्काबाट मृतकको लास मुगु जिल्लाको भिई गा.वि.स. वडा नं.७ चाफेवडी कर्णाली नदी किनारमा सडी गली सकेको अवस्थामा मिति २०६४।३।८ मा फेला परेको देखिएको, मृतकको मृत्यु के कसरी भएको हो, यदि कर्तव्यबाट मृतकको मृत्यु भएको भए को कस्को के कस्तो प्रकारको संलग्नता के कसरी भएको थियो भनी सबुद प्रमाणबाट पुष्टि गर्ने भार वादी नेपाल सरकारको रहेकोमा तथ्ययुक्त प्रमाणहरूबाट कसुर पुष्टि नभएको, शवपरीक्षण प्रतिवेदनमा मृत्युको कारण Undetermind लेखिएकोसम्म देखिने।

सहप्रतिवादी नन्दबहादुर शाहीले अनुसन्धानको बयानमा गरेको पोल र अङबहादुर शाहीको विवादास्पद बकपत्र भनाइको आधारमा मात्र कर्तव्य ज्यानजस्तो जघन्य अपराधमा प्रत्यर्थी प्रतिवादीलाई कसुरदार मान्नु कानून एवम् न्यायसम्मत नहुने हुँदा सुरू हुम्ला जिल्ला अदालतले प्रत्यर्थी प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको फैसला मिलेको नहुँदा उक्त फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत जुम्लाबाट भएको फैसलालाई अन्यथा मान्नु पर्ने अवस्था नदेखिने।

तसर्थ विवेचित तथ्य, कारण, आधार र प्रमाणबाट वादी नेपाल सरकारले अभियोग दाबी पुष्टि गर्न नसकेको अवस्थामा प्रत्यर्थी प्रतिवादी कालीबहादुर रोकाया (स्पात) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी सुरू हुम्ला जिल्ला अदालतबाट भएको मिति २०७१।२।४ को फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी कालीबहादुर रोकाया (स्पात) ले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत जुम्लाबाट मिति २०७१।८।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय, गोपी विश्वकर्मा (शा.अ.)

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७५-WO-०९१३, उत्प्रेषण / परमादेश, *ललन झासमेत वि. उच्च अदालत जनकपुरसमेत*

प्रस्तुत निवेदनमा विपक्षी वादी अम्बिकाकुमारी मिश्रले उच्च अदालत जनकपुरमा दर्ता गरेको निवेदनमा आफूलाई विपक्षी बनाए तापनि उच्च

अदालत जनकपुरले कुनै सूचना म्यादसमेत नदिई उच्च अदालत नियमावली, २०७३ को नियम ४७ विपरीत हुने गरी गरेको अन्तिम आदेश स्वेच्छाचारी र संविधान प्रदत्त हकहरूको विपरीत रहेको हुँदा उत्प्रेषणको आदेशले बदर गरी विपक्षीहरूको नाममा रिट आदेश जारी गरिपाउँ भन्ने निवेदन माग दाबी रहेको देखिन्छ । विपक्षी अम्बिकाकुमारी मिश्र रूद्रदेव झाकी बुहारी र अनुजकुमार झाकी श्रीमती हुन् भन्ने तथ्य खुल्न आएको देखिने ।

अम्बिकाकुमारीले अनुजकुमार झासँग सम्बन्ध विच्छेद गरी पाउन मिति २०७३/०७/०८ मा दायर गरेको सम्बन्ध विच्छेद मुद्दा तथा यी रिट निवेदकहरूलाई प्रतिवादी बनाई अंश दिलाई पाउँ भनी धनुषा जिल्ला अदालतमा दायर गरेको अंश मुद्दा कारबाहीयुक्त अवस्थामा रहेको देखिन्छ । अम्बिकाकुमारीले दायर गरेको अंश मुद्दा कारबाहीयुक्त रहेको अवस्थामा रिट निवेदकमध्येका भूपदेव झाले मिति २०७४।१।१० मा अन्य अंशियारहरूलाई प्रतिवादी बनाई अंश मुद्दा दायर गरेको र मिति २०७४।१।२५ मा उक्त अंश मुद्दामा मिलापत्र गरी अंशबन्डा गरेको देखियो । अंश मुद्दा चलिसकेपछि प्रतिवादीहरूबिच मिलापत्र गरिएकोले उक्त मिलापत्र बदर गरिपाउँ भनी वादी अम्बिकाकुमारी मिश्रले अदालतमा मिलापत्र बदर मुद्दा दर्ता गराएको समेत देखिने ।

प्रस्तुत रिट निवेदकहरूले अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गर्नुपर्नेसम्मको मनासिब कारण र आधार खुलाउन सकेको देखिँदैन । यस अवस्थामा ४ वर्षको नाबालकको समेत संरक्षक भई वर्ष २२ की अम्बिकाकुमारी मिश्रले कानूनबमोजिम उपचार प्राप्त गर्न थप ढिलाइ हुने हुँदा परिणाम आउने गरी रिट क्षेत्राधिकारबाट अंशको तायदाती फाँटवारी लिने भनी गरिएको उच्च अदालत जनकपुरको आदेशउपर थप परीक्षण गरी रहनु उचित देखिएन । निवेदकले उठाएका कानूनी प्रश्नहरूको निरूपण अंश मुद्दा सुनुवाइ हुँदाकै सन्दर्भमा नियमित प्रक्रियाबाट हुन सक्ने देखिन्छ । नियमित अदालतबाट कानूनबमोजिम क्षेत्राधिकार ग्रहण गरी तहतह अदालतबाट आदेश भएको कुरालाई लिएर अब पुन: रिट क्षेत्राधिकारअन्तर्गत पुनरावेदन सुनेको जस्तो गरी हेर्न मनासिब हुँदैन । कानूनप्रतिकूल कुनै कामकारबाही भएको वा गम्भीर अन्यायको परिणाम आउनेसम्मको अवस्था नदेखिएको हुँदा विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्नुपर्नेसम्मको गरे विराएको देखिने (Prima facie case) अवस्था विद्यमान रहेको नपाइने ।

तसर्थ, गरे विराएको देखिने अवस्था विद्यमान रहेको नदेखिएकोले सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम ४६(१) बमोजिम कारण देखाउ आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी, कविता दाहाल

इति संवत् २०७५ साल चैत ७ गते रोज ५ शुभम् ।

**२**

**मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-WO-०२२२ (२३७), परमादेश, *दिपकविक्रम मिश्र वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत*

प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्य रूपमा विपक्षी न्याय परिषद्ले संविधान तथा कानूनबमोजिम आफूलाई सुम्पिएको जिम्मेवारी पूरा नगरी सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त गर्ने कार्य नगरेकोले आम नागरिकले छिटो छरितो न्याय प्राप्त गर्ने हकबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएकोले न्यायाधीश नियुक्ति प्रक्रिया सुरू गर्न भनी परमादेशको माग दाबी लिई सार्वजनिक सरोकारको विषयका रूपमा यस अदालतको असाधारण अधिकारअन्तर्गत प्रस्तुत रिट दायर गरेको देखिने ।

नेपालको संविधानको धारा १५३ मा न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन प्रधानन्यायाधीशको अध्यक्षतामा ५ सदस्यीय न्याय

परिषद् रहने व्यवस्था रहेको पाइने।

न्याय परिषद् ऐन, २०७३ ले संविधानको धारा १५३ ले गरेको व्यवस्थाअनुरूप कार्य सम्पादन गर्न न्याय परिषद्को काम, कर्तव्य र अधिकार निर्धारण गरेको पाइन्छ। संविधान र न्याय परिषद् ऐन, २०७३ को व्यवस्थाअनुसार न्याय परिषद्को प्रमुख कर्तव्य भनेको नेपालको सबै तहका अदालतको न्यायाधीशको नियुक्तिको सिफारिस गर्नु हो भन्ने कुरामा विवाद नहुने।

रिट निवेदकले निवेदन पत्रमा न्याय परिषद्ले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको सिफारिस गर्ने कार्यमा विलम्ब भएको भन्दै चिन्ता व्यक्त गरी न्यायाधीश अभावले गर्दा छिटो छरितो न्याय पाउने नागरिकको हकमाथि आघात परेकोले न्यायाधीश नियुक्ति गर्ने कार्य यथाशीघ्र हुनुपर्ने कुराको माग गर्नु भएको अवस्था छ । परन्तु सर्वोच्च अदालतको न्यायाधीश पदमा गर्ने सिफारिस गर्ने सम्बन्धमा संविधान र कानूनले निश्चित प्रक्रिया तोकिदिएको सन्दर्भमा न्याय परिषद्ले उल्लिखित सबै प्रक्रिया पूरा गरी नियुक्तिको सिफारिस गर्नुपर्ने हुन्छ। ती सबै प्रक्रिया पूरा गरी नियुक्तिको सिफारिस गर्न कति समय लाग्छ भनी पूर्वानुमान गर्न सम्भव हुँदैन। त्यसका अतिरिक्त रिट निवेदकले निवेदन पत्रमा नै न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गरिसकेको भनी उल्लेख गर्नुभएको सन्दर्भमा न्याय परिषद्ले संविधान र कानूनबमोजिम आफूलाई सुम्पिएको कर्तव्य पूरा नगरेको भन्न सकिने अवस्था छैन । रिट निवेदकले नै पेस गर्नुभएको न्याय परिषद्ले निजलाई उपलब्ध गराएको भनिएको कागजातमा सर्वोच्च अदालतमा न्यायाधीश पदमा पूर्ति गर्न न्याय परिषद्को विभिन्न मितिमा बैठक बसी विभिन्न निर्णय भएको भन्ने देखिने।

वस्तुतः कुनै पनि निकायले संविधान र कानूनद्वारा तोकिएको कर्तव्य पूरा गर्न इन्कार गरेको अवस्थामा त्यस्तो कर्तव्य पूरा गर्न लगाउने सम्बन्धमा परमादेश जारी हुने हो। न्यायाधीश नियुक्तिको सिफारिस गर्ने न्याय परिषद्ले संविधान र कानूनबमोजिम आफ्नो कर्तव्य पूरा नगरेको अवस्था विद्यमान छैन । यस अवस्थामा प्रस्तुत सन्दर्भमा परमादेशको रिट आकर्षित हुने अवस्था नै छैन। अर्कोतर्फ रिट निवेदकले प्रस्तुत विषयलाई सार्वजनिक सरोकारको विषय भनी रिट दायर गर्नु भएको देखिन्छ। मूलतः संविधान र कानूनद्वारा गठन भएको न्याय परिषद् सार्वजनिक संस्थामै त्यस्तो संस्थाको कामकारबाही पनि सार्वजनिक सरोकारको विषय हुने भए तापनि संविधान र कानूनले जिम्मेवारी सुम्पिएको उक्त संस्थाले आफ्नो जिम्मेवारी पूरा गर्दै रहेको अवस्थामा सार्वजनिक सरोकारको विषयको नाममा यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी परमादेशलगायत कुनै पनि आदेश जारी गर्न वाञ्छनीय पनि नहुने।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट न्याय परिषद्ले संविधान र कानूनले तोकेको आफ्नो जिम्मेवारी पूरा गरिरहेको सन्दर्भमा निवेदकको मागबमोजिम परमादेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : हिरा डंगोल

इति संवत् २०७४ साल असोज २७ गते रोज ६ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**